सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१० फागुन २०८०, बिहीबार (22 Feb 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ कांग्रेस महासमिति बैठक

## गठबन्धन 'रणनीति हुनुपर्ने' मत बलियो

■ प्रदीप पौडेलको पूरक प्रस्ताव-

### गठबन्धन नगर्ने, ०८२ मै १५औँ महाधिवेशन

कांग्रेस केन्द्रीय सदस्य तथा युवा नेता प्रदीप पौडेलले गठबन्धन नगर्ने र ०८२ मंसिरमा १५औँ महाधिवेशन सम्पन्न गर्नेसहित महासमिति बैठकमा पूरक प्रस्ताव पेस गरेका छन् । महासमिति बैठकले लिनुपर्ने थप संकल्प नाम दिइएको प्रतिवेदनमा २८ बुँदे सुझाव छन् । 'जनताले मतदान गर्ने निर्वाचनमा काग्रेसले निर्वाचनपूर्व अन्य कुनै पनि पार्टीसँग गठबन्धन वा तालमेल नगर्ने,' उनको प्रस्तावमा छ, 'पार्टीलाई मतदान गर्न पाउनु सदस्य वा शुभेच्छुकको हक हो । त्यो हक खोस्ने अधिकार नेतृत्वलाई हुन सक्दैन । कांग्रेस आफ्नै सामर्थ्यमा उभिएर चुनावी मैदानमा होमिनेछ, प्रतिस्पर्धा गर्नेछ ।'



■ अर्जुननरसिंह केसीको प्रस्ताव-

### हजार र पाँच सयका नोट प्रतिबन्ध गरौं

केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले बैठकमा देशलाई कालो धनबाट मुक्त गराउन ठूला नोट प्रतिबन्ध गर्न प्रस्ताव गरेका छन् । 'राजनीतिमा लागेका हामीजस्ता व्यक्तिले बोराका बोरा पैसा लुकाएर राखेका छन् । कोठाभरि पैसाको गोदाम नै बनाएका छन् भन्ने जनतामा भ्रमपूर्ण सन्देश पुऱ्याइएको छ । माफिया, बिचौलिया, कालोधनका धनपतिहरूले सत्तामा पकड जमाएका छन् भन्ने आमविश्वास छ,' उनको सुझाव छ, 'देशको मुद्रालाई कालोधनको माध्यम बन्न नदिन विमुद्रीकरण गर्नुपर्ने आवश्यकता छ । त्यसैले हजार र पाँच सय दरका नोट प्रतिबन्ध लगाउनेसम्मको कदम चलाउन सरकार तयार हुनुपर्छ र कांग्रेसले नै यसको नेतृत्व लिने आँट गर्नुपर्छ ।'



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

आगामी निर्वाचनमा गठबन्धन गर्ने-नगर्नेबारे पदाधिकारीबीचको मतभेद कांग्रेस महासमिति सदस्यहरूबीच पनि देखापरेको छ । महासमिति बैठकमा गठबन्धन रणनीतिक विषय भएको भन्दै धेरै सदस्यले यसबारे अहिले नै निर्णय लिन आवश्यक नभएको धारणा राखेका छन् ।

महासमिति बैठकमा गठबन्धन गर्न नहुने महामन्त्री गगन थापाको र तत्कालीन परिस्थिति हेरेर निर्णय लिनुपर्ने अर्का महामन्त्री विश्वप्रकाश शर्माको प्रतिवेदन पेस भएको छ । बैठकको तेस्रो दिन बुधबार पाँच प्रतिवेदनमाथि धारणा राख्ने क्रममा अधिकांश सदस्यले चार वर्षपछिको निर्वाचनको विषयमा अहिले नै निर्णय गर्नु उपयुक्त नहुने सुझाव दिएका हुन् ।

### ■ बैठक आज सक्ने तयारी

प्रतिवेदनमाथि धारणा राख्ने धेरै सदस्यले चार वर्षपछिको निर्वाचनको विषयमा अहिले नै निर्णय गरेर जानुभन्दा रणनीतिक रूपमा निर्णयमा पुग्नुपर्ने बताएका छन् । कतिपयले निर्वाचनमा गठबन्धनले कांग्रेसलाई कमजोर बनाएको भन्दै नीति स्पष्ट बनाएर जानुपर्ने सुझाव दिएका छन् । २२ सय सहभागीलाई चार समूहमा बाँडेर प्रतिवेदनमाथि छलफल जारी छ । बिहीबार बैठक सक्ने तयारी छ ।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार

» पृष्ठ २ मा क्रमशः

### जिल्ला सभापतिहरू बाँडिए

● **राजु थापा**, स्याङ्जा



प्रतिपक्षी दल नेकपा एमाले अहिले गठबन्धन तोड्ने रणनीतिमा छ । जनताको म्यान्डेटअनुसार गठबन्धन गरिएको र चार वर्षपछिको गठबन्धनबारे अहिले नै निर्णय गर्नु उपयुक्त हुँदैन ।

● **योगेन्द्र पञ्जियार**, धनुषा



अब चुनावमा गठबन्धन गर्न हुँदैन । गठबन्धनले कांग्रेसको पहिचान संकटमा परेको छ । त्यसैले गठबन्धन नगर्ने विषयमा पार्टीले यसै बैठकबाट स्पष्ट निर्णय लिनुपर्छ ।

● **देउमान थेबे**, झापा



गठबन्धनको कुरा ०८३ तिर गर्दा भइहाल्छ नि । अहिले हतारमा चर्चा जरुरी छैन । यसले इलामको उपनिर्वाचनमा असर गर्छ । गठबन्धनकै कारण ७ प्रदेशमा सरकारमा छौं । गठबन्धन अस्ति नहुँदा हाम्रो ओठमुख सुकेको थियो । सातै प्रदेश र संघ जाँदा के हुन्छ ? केपी ओलीले अर्को गठबन्धन गर्ने भनिसके !

● **नन्दु न्यौपाने**, गोरखा




गोरखामा गठबन्धन दलको विचार नमिलेका कारण समस्या भएको छ । गठबन्धनले कांग्रेसलाई बैसाखी चाहिने बनायो ।

● **केदार भण्डारी**, सुनसरी



हामीले एमालेलाई कमजोर पार्न सक्नुपर्छ । माओवादीलाई धेरै बिच्क्याउनुहुन्न । हाम्रा कारणले अहिलेको गठबन्धन तलमाथि नबनोस् । गठबन्धन गर्न हुन्न भन्ने कुरा अहिले यहाँबाट गर्नुहुँदैन ।

● **किशोर आचार्य**, रोल्पा



गठबन्धनले गर्दा कांग्रेसको चुनावचिह्न नै हराउने अवस्था आयो । रोल्पामा कांग्रेस नै नभएको अनुभूति भयो ।

● **जित शेरचन**, बागलुङ



गठबन्धन रणनीतिक विषय भएकाले तत्कालीन समयमा निर्णय गर्नुपर्छ ।

### ■ महासमिति सदस्यको मत

सुर्खेतका महासमिति सदस्य टोपबहादुर रावतले कांग्रेसको नीति सहकार्यको भएकाले गठबन्धनलाई रणनीतिक विषय बनाएर लैजानुपर्ने र आवश्यकताका आधारमा अंगीकार गर्नुपर्ने बताए । त्यस्तै, जाजरकोटका महासमिति सदस्य वेदराज सिंहले पनि गठबन्धन रणनीतिक भएको मत राखे । जुम्लाका कर्णबहादुर शाहीले गठबन्धन आवश्यकताका आधारमा जिल्लाले टुंगो लगाउने गरी गर्नुपर्ने बताए । पाल्पाका महासमिति सदस्य हिमाल श्रेष्ठले चुनावी गठबन्धनले गर्दा धेरै कांग्रेसले पीडित बन्नुपरेको बताए । बर्दियाबाट महासमिति सदस्य अरुण राठौरले गठबन्धन सरकार बनाउँदा मात्रै आवश्यक हुने भएकाले अरू विषयमा हतार गर्नु नपर्ने बताए । रौतहटबाट महासमिति सदस्य सुनीलकुमार यादवले गठबन्धन राणनीतिक भएको र परिस्थिति हेरेर परिपक्व निर्णय लिनुपर्ने सुझाव दिए ।

# मिटरब्याजपीडित काठमाडौंमा

गत चैतमा ११ दिन पैदल हिँडेर राजधानी आएका मिटरब्याजपीडितलाई सरकारले न्याय दिलाउने लिखितम् नै गराएर फर्कायो, तर एक वर्षसम्म न्याय नपाएपछि पीडितहरू फेरि सिंहदरबार गुहार्दै २३ दिन हिँडेर काठमाडौं आइपुगेका छन्



सुदूरपूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकैदिन 'न्याय मार्च' सुरु गरेका मिटरब्याजपीडित बुधबार थानकोट नाकाबाट राजधानी प्रवेश गर्दै | तस्बिर : संजित परियार/नयाँ पत्रिका

टेकराज थामी/नयाँ पत्रिका

मिटरब्याजको पासोमा परेका चार हजार पीडित २३ दिनको पैदलयात्रापछि बुधबार बेलुका काठमाडौं आइपुगेका छन् । उनीहरूले सुदूरपूर्वको काँकडभिट्टा र सुदूरपश्चिमको गड्डाचौकी नाकाबाट १६ माघमा एकैदिन 'न्यायका लागि मार्च' सुरु गरेका थिए ।

थानकोटस्थित त्रिभुवन पार्कमा वास बसेका उनीहरू आज (बिहीबार) माइतीघर मण्डला आउने कार्यक्रम छ । विगतमा पनि काठमाडौंमा आन्दोलन गरेका उनीहरू यसपटक माग पूरा नभएसम्म घर नफर्कने लक्ष्यका साथ आएका छन् । 'न्यायका लागि मार्च'का अभियन्ता तथा मिटरब्याजपीडित तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता निर्ग नवीनले अब माग सम्बोधन नभएसम्म पीडित घर

» पृष्ठ २ मा क्रमशः

● **राजमान चौधरी**, बेलौरी, कञ्चनपुर



मैले स्थानीय साहुसँग सात लाख रुपैयाँ ऋण लिएको थिएँ । दुई कट्ठा जमिन दृष्टिबन्धक राख्न खोजेको थिएँ । तर, उसले मेरो १० कट्ठा जमिन दृष्टिबन्धक राख्यो । ऋण तिर्दै गएँ, तर चुक्ता हुन सकेन । अहिले मेरो ऋण साहुले ४२ लाख रुपैयाँ पुऱ्याएको छ । जग्गा पनि उसकै नाममा दृष्टिबन्धक छ । जग्गा नामसारी गर्न मान्दैन, ऋण चुक्ता गर भन्छ । त्यत्रो ऋण म कसरी तिर्न सक्छु ? न्याय खोज्न अरू पीडितसँगै काठमाडौं आएको छु, न्याय नपाएसम्म फर्किन्नँ ।

● **तैयब मन्सुर**, चन्द्रनगर, सर्लाही



मेरो बुबाले स्थानीय साहु अब्दुल मिकरानी मन्सुरसँग २५ हजार ऋण लिनुभएको थियो । त्यसबापत दुई कट्ठा जमिन दृष्टिबन्धक राख्नुभएको थियो । मैले डेढ वर्षमा ऋण चुक्ता गर्ऐं, तर जमिन फिर्ता भएन । त्यसपछि प्रहरी कार्यालय पुर्गे, सिडिओ कार्यालय धाएँ, तर मेरो माग सुनुवाइ भएन । पछि पुनः २५ हजार चाहिने भयो, त्यही साहुसँग मागेँ । त्यो पनि चुक्ता गरिसकेको छु, तर जमिन फिर्ता भएको छैन । केही महिनाअघि आयोगमा पनि उजुरी दिएँ । आयोगले दुवै पक्षलाई राखेर जग्गा फिर्ता गर्न सम्झौता गरिदियो । तर, जग्गा अझै फिर्ता पाएको छैन । न्याय खोज्दै काठमाडौं आइपुगेको छु ।

## लघुवित्तपीडितको समस्या समाधानमा प्रधानमन्त्रीको पहलकदमी



### प्रधानमन्त्रीले भने- दुक्क हुनुहोस्, समस्या समाधान भएरै छाड्छ

**काठमाडौं**/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लघुवित्त र सहकारीपीडितलाई समस्या समाधान गर्ने आश्वासन दिएका छन् । सिंहदरबारस्थित कार्यालयमै बोलाएर सरकारले समस्या समाधानका लागि तत्काल कदम चाल्ने आश्वासन दिएका हुन् ।

मुलुकभरका करिब १० हजार लघुवित्तपीडित दुई दिनदेखि काठमाडौंमा आन्दोलनरत छन् । उनीहरू बुधबार बालुवाटारस्थित नेपाल राष्ट्र बैंक कार्यालय घेर्न जाने योजनामा थिए । त्यसअघि नै प्रधानमन्त्री दाहालले उनीहरूलाई कार्यालयमै बोलाएर समस्या समाधान गरिने आश्वासन दिएका थिए । उनले भनेका थिए, 'लघुवित्त र सहकारीपीडितको समस्याप्रति सरकार गम्भीर छ । समस्या समाधानका निम्ति सरकारले तत्काल केही न केही कदम अघि बढाउँछ । तपाईंहरू दुक्क हुनुहोस्, समस्या समाधान भएरै छाड्छ ।'

लघुवित्त र सहकारीले उठीवास लगाएको भन्दै पीडितहरूले समस्या समाधान गरिदिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए । लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समिति नेपालका अध्यक्ष मनीराम ज्ञवालीले प्रधानमन्त्री दाहालसँग भेट भएको र समस्या समाधानका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताए । उनले भने, 'हामीले आज बिहान १० बजे

» पृष्ठ २ मा क्रमशः


■ एमाले नेतृत्वलाई केन्द्रीय सदस्यहरूको सुझाव



### शुद्धीकरण माथिल्लो तहबाटै थाल्नुपर्छ

(विस्तृत पृष्ठ ३ मा)

### आज बंगलादेशसँग डलरमा विद्युत् खरिद-बिक्री सम्झौता हुँदै



प्राधिकरणको टोली बंगलादेशमा, प्रतियुनिट ९.३१ रुपैयाँमा पिपिए गर्ने तयारी

(विस्तृत पृष्ठ ६ मा)







■ शंकाले परिवारै सखाप !

## श्रीमती, छोरी र नातिनीको हत्यापछि आत्महत्या

नयाँ पत्रिका



नागार्जुन नगरपालिका- ६ भैरवटोलस्थित घटनास्थल

नागार्जुन नगरपालिका- ६ भैरवटोलमा एकै परिवारका तीन सदस्यको हत्यापछि एक पुरुषले आत्महत्या गरेका छन् । सोलुखुम्बुको दूधकुण्ड गाउँपालिका- १० का ३७ वर्षीय राजु घिमिरे भनिने काजी विश्वकर्माले ३८ वर्षीया श्रीमती ईश्वरी श्रेष्ठ भनिने प्रेमकुमारी श्रेष्ठ, छोरी आठ वर्षीया अनिशा श्रेष्ठ र २८ महिनाकी नातिनी शिवाना श्रेष्ठको हत्यापछि आत्महत्या गरेका हुन् ।

घटना विवाहेतर सम्बन्धको शंकाले निम्त्याएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । प्रहरीका अनुसार विश्वकर्माको श्रेष्ठसँग दोस्रो विवाह हो भने श्रेष्ठको पनि विश्वकर्मासँग दोस्रो विवाह नै हो । श्रीमती परपुरुषसँग सल्किएको भन्दै विश्वकर्मा शंका गर्थे । यही विषयमा दुईबीच सधैं विवाद हुने गर्थ्यो । यसै क्रममा विश्वकर्माले श्रीमती स्थानीय अधबैंसे पुरुषसँग नजिकिएको भन्दै श्रीमतीलाई उक्त पुरुषविरुद्ध बलात्कार मुद्दा हाल्नसमेत लगाएको खुलेको छ । ती पुरुषलाई प्रहरी वृत्त स्वयम्भूले पक्राउ गरेर

» पृष्ठ २ मा क्रमशः

# एभरेस्ट अस्पताललाई काठमाडौं महानगरको कारबाही, फोहोर उठाउन छाड्यो

**काठमाडौं**/ जोखिमयुक्त र संक्रमणजन्य फोहोर पनि निर्मलीकरण नगरेको पाइएपछि काठमाडौं महानगरपालिकाले नयाँ बानेश्वरमा रहेको एभरेस्ट अस्पतालको फोहोर उठाउन बन्द गरेको छ।

काठमाडौं महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परिवार नेतृत्वको टोलीले बुधबार स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापनबारे अनुगमनका क्रममा एभरेस्ट अस्पतालले फोहोरको वर्गीकरणको मापदण्ड पूरा नगरेको र फोहोर निर्मलीकरण गर्ने अटोक्लेभ मेसिन बन्द रहेको पाइएपछि कारबाहीस्वरूप फोहोर संकलनमा रोक लगाइएको हो।



महानगरको वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले हानिकारक र संक्रमणजन्य फोहोर निर्मलीकरणपछि सामान्य फोहोर हुने प्रणाली कार्यान्वयनमा आएको सुनिश्चित भएपछि मात्र कारबाही फुकुवा हुने बताए।

महानगरभित्रका अस्पताल, औद्योगिक प्रतिष्ठानको फोहोर महानगरले अतिरिक्त शुल्क लिएर छुट्टै कन्टेनरमार्फत संकलन गर्ने गर्छ। तर, स्वास्थ्य संस्थाजन्य हानिकारक फोहोरले मानव तथा प्राणी स्वास्थ्य र वातावरणमा प्रत्यक्ष नकारात्मक असर पार्ने भन्दै महानगरले कारबाही गरेको हो।

अनुमगनमा सहभागी जनस्वास्थ्य निरीक्षक धनेन्द्र श्रेष्ठका अनुसार स्वास्थ्य संस्थाले फोहोर संकलनका लागि रातो, पहेँलो, नीलो, हरियो, कालो गरी पाँचवटा बाल्टिन राख्नुपर्छ, भने संकलित फोहोरमध्ये संक्रमणजन्य फोहोरको निर्मलीकरण गरेपछि मात्र ल्यान्डफिल साइटमा पठाउनुपर्छ। तर, एभरेस्टले फोहोर संकलनका लागि तीनवटा बाल्टिन मात्र राखेको थियो भने ती सबै बाल्टिनमा सबैखाले फोहोर थिए। एभरेस्टले मापदण्ड पालना नगरेपछि महानगरले ०७९ मै नौबुँदे सुधारका सुझाव दिएर पत्र पठाइएको थियो। तर, अहिले पनि सुधार नभएको पाइएको छ।

महानगरले यसअघि १ फागुनबाट महाराजगन्जस्थित कान्ति बाल अस्पतालले फोहोर वर्गीकरण र ढुवानीका मापदण्ड उल्लंघन गरेपछि कारबाहीस्वरूप फोहोर संकलन रोकेको थियो। अहिले पनि फुकुवा भएको छैन। महानगरले बुधबार नेमीनभवनस्थित सिभिल अस्पतालमा पनि अनुगमन गरिएको छ। अस्पताल फोहोर संकलनका लागि राखिएका सबैजसो बाल्टिन काला रङका छन्। बिर्को हरियो, पहेँलो, नीलो राखिएका छन्। 'अस्पतालले फरक-फरक मापदण्डको पालना गर्दा फोहोर उत्पादक सर्वसाधारण झुक्किन्छन्। यसकारण, अब हामी राष्ट्रिय मापदण्ड कार्यान्वयनका लागि सार्वजनिक आह्वान गर्छौं,' अनुगमनपछि प्रमुख प्रशासकीय अधिकृत परियारले भने, 'कुन बाल्टिनमा कस्तो फोहोर हाल्ने हो भन्ने कुराको स्पष्ट संकेतका लागि अक्षर र चित्र दुवै राख्नुपर्ने सुझाव दिएका छौं।'

## श्रीमती...

पृष्ठ १ बाट क्रमशः

थुनामा राखेको थियो। तर, अदालतबाट धरौटीमा छुटेपछि विश्वकर्मा क्रुद्ध बनेका थिए। हत्यापछि आत्महत्या गर्नुअघि विश्वकर्माले छोरालाई भिडियो सन्देशसमेत पठाएका थिए। प्रहरीका अनुसार उक्त भिडियोमा उनले घटना हुनुका कारणहरू पनि खुलाएका छन्। उक्त परपुरुष अदालतबाट धरौटीमा छुटेपछि पनि श्रीमतीले भेट्न नछाडेपछि हत्याको योजनामा पुगेको विश्वकर्माले बताएका छन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रवीन्द्र रेग्मीले एकै परिवारका तीनजनाको हत्यापछि आत्महत्या विवाहेतर सम्बन्धको शंकाले निम्त्याएको परिणाम हुन सक्ने बताए। उनले भने, 'एकै परिवारका तीन सदस्यको हत्या भएको छ। त्यसपछि हत्यामा संलग्न हुनेले नै आत्महत्या गरेको देखिन्छ। सरसर्ती हेर्दा हत्याको कारण विवाहेतर सम्बन्ध हो कि जस्तो देखिन्छ। यस विषयमा अनुसन्धान जारी छ। विस्तृत विवरण अनुसन्धानपछि खुल्ला।'

प्रहरीका अनुसार स-सानो विषयमा पनि विश्वकर्मा श्रीमतीप्रति शंका गर्थे। विभिन्न निहुँ झिकेर मानसिक यातना दिइरहन्थे। यही क्रममा श्रेष्ठले केही महिनाअघि विष सेवन गरी आत्महत्याको कोसिस पनि गरेकी थिइन्। यसपटक भने उनी श्रीमतीको हत्या नै गर्ने मनस्थितिमा पुगेका थिए। यसका लागि उनले कोठामा हम्मर र धारिलो कैँची लुकाएर राखेका थिए। बुधबार बिहान करिब ७:३० बजे उनले सँगै बस्ने झड्केलो छोरालाई सामान खरिद गर्न पसल पठाएका थिए। कोठामा श्रीमती श्रेष्ठ, छोरी अनिसा र नातिनी शिवाना थिए। सुरुमा उनले श्रीमतीको टाउकोमा हम्मरले प्रहार गरेका थिए। प्रतिकारमा उत्रिएकी छोरी र नातिनीलाई सँगै राखेको कैँचीको धारले छातीमा घोचेका थिए। प्राण नगएसम्म तीनैजनालाई प्रहार गरेका थिए। तीनैजनाको मृत्यु यकिन भएपछि विश्वकर्मा कोठाबाट निस्किए। 'श्रीमती, छोरी र नातिनीको हत्या गरेको र अब आफूले पनि आत्महत्या गर्ने' भन्दै सालो र ससुरालाई टेलिफोन गरे। डोरी लिएर नागार्जुन नगरपालिका- ५ ह्वाइट गुम्बास्थित जंगलमा पुगे। सल्लाको हाँगामा पासो लगाएर आत्महत्या गरे।

अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रेग्मीले भने, 'विश्वकर्मा श्रीमतीको हत्या गर्न योजनाबद्ध ढंगले तयार भएको देखिन्छ। उनले हम्मर र धारिलो कैँची पहिले नै कोठामा लुकाएर राखेका थिए। हत्यामा सोही सामग्री प्रयोग भएको देखिन्छ। त्यसपछि यिनी आत्महत्या गर्न घटनास्थलबाट दुई किलोमिटर टाढाको जंगलमा पुगेको देखिन्छ।'

### विश्वकर्मालाई जिउँदै पक्राउ गर्ने प्रहरीको प्रयास असफल

विश्वकर्मा श्रीमती श्रेष्ठ, छोरी अनिशा र नातिनी शिवानाको हत्यालगत्तै कोठाबाट निस्किए। त्यसलगत्तै उनले सालो, ससुरा र परिवारका अन्य सदस्यलाई भनेका थिए, 'मैले श्रीमती, छोरी र नातिनीको हत्या गरेँ। अब म पनि आत्महत्या गर्न जाँदै छु।'

विश्वकर्माको फोनले परिवारका सदस्य झस्किए। हत्या करिब ७:३० बजे भएको थियो। ८:०० सम्म उनले परिवारका सबै सदस्यलाई फोन गर्न भ्याइसकेका थिए। खबर थाहा हुनासाथ परिवारका सदस्यले प्रहरीलाई सूचना दिए। प्रहरी घटनास्थल पुग्यो। विश्वकर्माको खोजीमा जुट्यो। यसक्रममा प्रहरीले विश्वकर्माको टेलिफोन 'लोकेसन ट्र्याक' गर्ने कोसिस गर्‍यो। तर, सही लोकेसन खुल्नै सकेन। यद्यपि, प्रहरी उनको खोजीमा जंगल-जंगल भौँतारिन थाल्यो। तर, उनलाई फेला पार्न सकेन। खोजीकै क्रममा बिहान करिब १० बजे ह्वाइट गुम्बाबाट प्रहरीलाई 'एक अपरिचित रुखमा झुन्डिएको' सूचना आयो। घटनास्थल पुग्दा झुन्डिएको व्यक्ति तिनै विश्वकर्मा रहेको खुल्यो।

**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय परासी, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८०/११/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्वद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्वद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्वद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| त्रिवेणी प्रसाद यादवको नाति, मोति प्रसाद यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **जनारदन प्रसाद यादव** (ना.प्र.नं. १२५९, जारी मिति २०२९/११/२५, जि.प्र.का. नवलपरासी)। | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. मोति प्रसाद यादवको नाति, जनार्दन प्रसाद यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **दिनेश कुमार यादव** (ना.प्र.नं. ६९५९६, जारी मिति २०६०/०५/१०, जि.प्र.का. नवलपरासी)। | २. मोति प्रसाद यादवको नाति, जनार्दन प्रसाद यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **जय प्रकाश यादव** (ना.प्र.नं. ६४०२१, जारी मिति २०५९/०२/३१, जि.प्र.का. नवलपरासी)। |
| ३. मोति प्रसाद यादवको नाति, जनार्दन प्रसाद यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **ओम प्रकाश यादव** (ना.प्र.नं. १-११५/५४०, जारी मिति २०४६/०१/१८, जि.प्र.का. नवलपरासी)। | ४. मोति प्रसाद यादवको बुहारी, जनार्दन प्रसाद यादवको पत्नी, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **गायत्री यादव**। |
| **धितोको विवरण** | |
| त्रिवेणी प्रसाद यादवको नाति, मोति प्रसाद यादवको छोरा, नवलपरासी जिल्ला, रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ बस्ने जनारदन प्रसाद यादव (ना.प्र.नं. १२५९, जारी मिति २०२९/११/२५, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक उनवच गा.बि.स. ५ क हाल रामग्राम न.पा. वडा नं. ७ स्थित कि.नं. २५० र २५२ को क्षेत्रफल क्रमशः १-१३-० र २-६-० (रोपनी) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank
शाखा कार्यालय : परासी, नवलपरासी
फोन : ०७८-५२०५४७
Website : www.siddharthabank.com

## मिटरब्याजपीडित...

पृष्ठ १ बाट क्रमशः

नफर्कने बताए। उनले भने, 'मिटरब्याजपीडितले न्यायका लागि पटक-पटक आन्दोलन गरे। सरकारसँग सम्झौता भयो। आयोग पनि बन्यो। तर, पीडितले न्याय पाउन सकेनन्। उनीहरूको जमिन साहुकारले फिर्ता दिएनन्। न ऋण नै मिनाहा भयो। त्यसो हुँदा आन्दोलन पुनः सुरु गरिएको हो। यसपटक भने माग पूरा नभएसम्म घर नफर्कने दृढतासहित पीडित काठमाडौं आएका छन्।'

राजधानी काठमाडौंमा केन्द्रित भएर आन्दोलन गर्न मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिको नेतृत्वमा दुई टोली १६ माघमा हिँडेका थिए। १५ दिनमा काठमाडौं पुगेर निर्णायक आन्दोलन गर्ने योजना रहे पनि लामो हिँडाइका कारण गन्तव्यसम्मको यात्रा लम्बिएको हो। मिटरब्याजपीडितहरू सार्वजनिक स्थलमा वास बस्ने, खाना पकाएर खाने गर्दै निकै सकसपूर्ण रूपमा काठमाडौं आइपुगेका हुन्।

सरकारले मिटरब्याजपीडित जाँचबुझ आयोग बनाए पनि अझै ३० हजार पीडितको समस्या नसुल्झिँदा आफूहरू न्यायका लागि यात्रा गरिरहेको समितिका प्रवक्ता निर्गले बताए। न्याय खोज्न हिँडेका पीडितहरू तराईका २० र भित्री मधेशका आठ गरी २८ जिल्लाका छन्। मिटरब्याजी साहुकार र लघुवित्तले जग्गा-जमिन नै लिलाम गर्ने अवस्था आएकाले न्याय माग्न काठमाडौं हिँडेको निर्गले बताए।

मिटरब्याजपीडित गत चैतमा पनि पैदलै काठमाडौं आएका थिए। त्यतिखेर सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा मिटरब्याजपीडित जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले हालै मात्र प्रतिवेदन बुझाएको छ। फर्जी तमसुक, दृष्टिबन्धक र चेक अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने, समस्या समाधान गर्न न्यायिक आयोग गठन गर्नुपर्नेलगायतका माग पीडितहरूको छ। मिटरब्याज लिँदा साहुले अधिकांश पीडितको घरजग्गा दृष्टिबन्धक राखेर कब्जा गरेको पीडितको गुनासो छ। मिटरब्याजसँग सम्बन्धित सम्पूर्ण फर्जी लिखतहरू अवैध घोषणा गर्दै जुनसुकै तहमा भएको पीडितको सम्पत्तिको हक हस्तान्तरण बदर गरी पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने संघर्ष समितिले माग राखेको छ। त्यस्तै, मिटरब्याज अपराधसम्बन्धी शक्तिशाली कानुन निर्माण गरी पूर्णाधिकारसहितको अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्नुपर्ने माग समितिको छ।

### २८ हजारमध्ये पाँच हजार १८८ उजुरीमा मिलापत्र


कार्की नेतृत्वको मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगमा ६७ जिल्लाबाट २८ हजार उजुरी परेका थिए। जसमध्ये पाँच हजार एक सय ८८ उजुरीमा मिलापत्र गरिएको छ भने दुई सय १८ बिघा १० कठ्ठा जग्गा साहुकारबाट पीडितलाई फिर्ता गराइएको छ। पीडित र साहुकारबीच कुल पाँच अर्ब ५७ करोड १९ लाख रुपैयाँको लिखत कारोबार भएको आयोगले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई २६ मंसिरमा बुझाएको प्रतिवेदनमा उल्लेख छ।

साहुहरूले सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ असुल हुन बाँकी रहेको दाबी गरेका थिए। तर, त्यसमध्ये कुल एक अर्ब ७२ करोड ८६ लाख रुपैयाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिएको छ। साहुहरूले बाँकी छ भनेर माग गरेको सात अर्ब ६२ करोड ८० लाख रुपैयाँ घटेर पाँच अर्ब ८९ करोड ९३ लाख रुपैयाँ देखिएको प्रतिवेदनमा उल्लेख छ। सरकारले गत वर्ष २० चैतमा कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो।







बुधबार थानकोटस्थित त्रिभुवन पार्कमा वास बसेका उनीहरू आज (बिहीबार) माइतीघर मण्डला आउने कार्यक्रम छ।
तस्बिरहरू : **संजित परियार**/नयाँ पत्रिका

## लघुवित्तपीडितको...

पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्रीलाई भेट्यौँ। आफ्ना समस्या राख्यौँ। सँगै हामीले उठाएका माग पूरा गर्न पनि प्रधानमन्त्रीलाई भन्यौँ। उहाँले समस्या समाधान गर्न हामीलाई आश्वासन दिनुभएको छ। तर, कसरी समस्या समाधान हुन्छ, त्यस विषयमा भने अन्योल नै छ।'

लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समितिका अनुसार मुलुकभर अहिले २८ लाखभन्दा धेरै लघुवित्तपीडित छन्। जसमध्ये ५० हजार पीडितहरू संघर्षरत छन्। पाँच लाख पीडितले किस्ताबापतको रकम तिर्न अस्वीकार गरेका छन्। लघुवित्तको मानसिक यातनापछि एक हजार पाँच सय पीडितले आत्महत्या गरेको समितिको तथ्यांक छ।

पीडितहरूले १ फागुनदेखि चितवनबाट बृहत् मार्च सुरु गरेका थिए। करिब पाँच दिनको पैदल यात्रापछि उनीहरू काठमाडौं आइपुगेका थिए। उनीहरूले दुई दिन हिँडेर चक्रपथमा बृहत् मार्च गरिसकेका छन्। अब राष्ट्र बैंक केन्द्रित आन्दोलन गर्ने उनीहरूको तयारी छ।

लघुवित्तलाई नेपाल राष्ट्र बैंकले 'घ' वर्गको इजाजत दिएको छ। कम्पनी ऐन, ०६३ अनुसार लुघवित्तहरू दर्ता हुन्छन्। 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशिका, २०७८ अनुसार एक ऋणीलाई दुई वित्तीय संस्थाले ऋण लगानी गर्न पाउँदैनन्। निर्देशिकाअनुसार वित्तीय संस्थाले एउटा ऋणीलाई बढीमा सात लाख रुपैयाँ मात्रै ऋण लगानी गर्न पाउँछ। यसका लागि प्रत्येक वित्तीय संस्थाले नागरिकलाई वित्तीय साक्षरता दिनुपर्छ। तर, वित्तीय संस्थाले त्यसो नगरेको संघर्ष समितिका अध्यक्ष ज्ञवालीको भनाइ छ।

## गठबन्धन...

पृष्ठ १ बाट क्रमशः

बुधबार तीन सय ८५ महासमिति सदस्यले धारणा राखेका छन्। पार्टीको आन्तरिक र मुलुकको विषयमा कांग्रेसले लिनुपर्ने नीतिका विषयमा धेरै सुझाव आएको उनले बताए। 'पार्टी र मुलुकको विकासमा कांग्रेसको नीतिका विषयमा धेरै सुझाव आएका छन्,' उनले भने।

महासमिति सदस्यहरूको संविधानको कार्यान्वयनमा प्रभावकारी भूमिका, पार्टी विधानको पालना, प्रदेश संरचना बलियो बनाउन आवश्यक अधिकार सुनिश्चिततालगायतका सुझाव आएका छन्। यसैगरी, गणतन्त्रमाथि देखिएका खतरालाई रोक्न कांग्रेसको नेतृत्वदायी भूमिका र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिन सुझाव आएका छन्।

स्याङ्जा जिल्ला सभापति राजु थापाले जनताको म्यान्डेटअनुसार गठबन्धन गरिएको र चार वर्षपछि गठबन्धनको विषयमा अहिले नै निर्णय गर्नु उपयुक्त नहुने बताए। 'प्रतिपक्षी दल नेकपा एमाले अहिले गठबन्धन तोड्ने रणनीतिमा छ। चार वर्षपछि गठबन्धन गर्ने कि नगर्ने भन्ने विषय अहिले नै निर्णय गर्नुपर्छ भन्नुहुँदैन,' उनले भने।

सुनसरी जिल्ला सभापति केदार भण्डारीले गठबन्धनलाई असर गर्ने गरी तत्काल निर्णय गर्न नहुने बताए। 'हामीले एमालेलाई कमजोर पार्न सक्नुपर्छ। माओवादीलाई धेरै बिच्क्याउनुहुन्न। गठबन्धन तलमाथि नबनोस्। गठबन्धन गर्न हुन्न भन्ने कुरा अहिले यहाँबाट गर्नुहुँदैन,' उनले भने।

झापा जिल्ला सभापति देउमान थेबेले गठबन्धनलाई रणनीतिक विषय बनाउनुपर्ने बताए। 'गठबन्धनको कुरा ०८३ तिर गर्दा भइहाल्छ नि। अहिले हतारमा चर्चा जरुरी छैन। यसले इलामको उपनिर्वाचनमा असर गर्छ,' उनले भने, 'गठबन्धनकै कारण ७ प्रदेशमा सरकारमा छौँ। गठबन्धन अस्ति नहुँदा हाम्रो ओठमुख सुकेको थियो। सातै प्रदेश र संघ जाँदा के हुन्छ? केपी ओलीले अर्को गठबन्धन गर्ने भनिसके!'

कैलाली जिल्ला सभापति नारायणदत्त भट्टले गठबन्धनको विषयमा महासमितिले फैसला गर्न नहुने सुझाव दिए। 'गठबन्धन तत्कालीन आवश्यकता हो, ०८४ सम्म देशमा के-के हुन्छ? कम्युनिस्टहरू एक हुन्छौँ भनेका छन्। अनि के हुन्छ?' उनको भनाइ थियो।

रौतहटबाट महासमिति सदस्य सुनीलकुमार यादवले गठबन्धन राणनीतिक भएको र परिस्थिति हेरेर परिपक्व निर्णय लिनुपर्ने सुझाव दिए। 'गठबन्धनबारे अहिले निर्णय गर्न आवश्यक छैन। गठबन्धन राजनीतिक स्थायित्वका लागि गरिएको हो,' उनको सुझाव थियो।

महोत्तरी सभापति नागेश्वर यादवले गठबन्धनको कुरा बेमौसमी भएको बताए। सर्लाहीबाट महासमिति सदस्य सुरेन्द्र सिंहले गठबन्धनबारे नीतिगत निर्णय गर्न आवश्यक नभएको बताए।

सिराहाका सभापति रामचन्द्र यादवले सरकारमा जान गठबन्धन अनिवार्य भए पनि चुनावअघि गरिने गठबन्धन आवश्यक नभएको बताए। रुकुमपश्चिमका सभापति प्रेमप्रकाश ओलीले गठबन्धनको विषयमा हतार गरेर निर्णय गर्नुपर्ने आवश्यकता नभएको बताए।

ललितपुर सभापति जितेन्द्र श्रेष्ठले अहिलेको गठबन्धनबारे अहिले कुनै निर्णय लिन आवश्यक नरहेको बताए। 'अहिले नै गठबन्धनबारे निर्णय गरेर अघि बढ्दा उचित हुँदैन। यसबारे पछि परिस्थितिअनुसार निर्णय गरिनुपर्छ,' उनको भनाइ थियो।

धनुषाका सभापति योगेन्द्र पन्जियारले गठबन्धनले कांग्रेसको पहिचान संकटमा परेकाले गठबन्धन नगर्ने विषयमा पार्टीले स्पष्ट निर्णय लिनुपर्ने बताए। 'अब गठबन्धन गर्न हुँदैन। बैठकबाट स्पष्ट निर्णय आउनुपर्छ,' उनले भने।

गोरखा सभापति नन्दु न्यौपानेले गठबन्धनका कारण कांग्रेस आफ्नै खुट्टामा उभिन नसक्ने अवस्था आएको बताए। 'गोरखामा गठबन्धन दलको विचार नमिलेका कारण समस्या भएको छ। गठबन्धनले कांग्रेसलाई बैसाखी चाहिने बनायो,' न्यौपानेले भने।

बागलुङ सभापति जितबहादुर शेरचनले गठबन्धन रणनीतिक विषय भएकाले तत्कालीन समयमा निर्णय गर्नुपर्ने बताए।

नवलपरासी सभापति महेन्द्र जिसीले पनि गठबन्धनबारे आफ्नो सिद्धान्तमा अडिग भएर निर्णय लिनुपर्ने सुझाव दिए। 'पार्टी सिद्धान्तमा अडिग भएर निर्णय लिनुपर्छ। गठबन्धनबारे अहिले नै निर्णय गरेर जानुपर्छ,' उनको भनाइ थियो।

रामेछाप जिल्ला सभापति कान्छा लामाले गठबन्धनलाई कायमै राखेर चुनावमा जानुपर्ने मत राखे।

बर्दियाबाट महासमिति सदस्य अरुण राठौरले गठबन्धन सरकार बनाउँदा मात्रै आवश्यक हुने बताए। 'चुनावमा गठबन्धन पार्टीका लागि घातक हो,' उनले भने।

बाँके जिल्ला सभापति नारायणप्रसाद गौडेलले कांग्रेस एक्लै निर्वाचनमा जाने आँट गर्नुपर्ने बताए। प्युठान जिल्ला सभापति विष्णु गिरीले गठबन्धन महासमिति बैठकमा प्रवेश पाउनु गलत भएको बताए। 'गठबन्धनको विषय महासमिति बैठकमा घुसाउनुहुँदैन थियो,' उनले भने।

त्यस्तै, दाङ जिल्ला सभापति शंकर डाँगीले गठबन्धनको मर्मलाई बुझेर व्यवस्थापन गर्नुपर्ने बताए। पाल्पाका महासमिति सदस्य हिमाल श्रेष्ठले चुनावी गठबन्धनले गर्दा धेरै कांग्रेसले पीडित बन्नुपरेको बताए। 'आगामी निर्वाचनमा गठबन्धन गरिनुहुन्न,' उनले भने।

रोल्पा जिल्ला सभापति किशोर आचार्यले गठबन्धनले गर्दा कांग्रेसको चुनावचिह्न नै हराउने अवस्था आएको बताए। 'गठबन्धनले गर्दा कांग्रेसको चुनावचिह्न नै हराउने अवस्था आयो। रोल्पामा कांग्रेस नै नभएको अनुभूति भयो,' उनले बैठकमा भने।

रसुवाका सभापति पेम्बा छिरिङले गठबन्धन गर्दा आवश्यकता हेरेर मात्रै गर्नुपर्ने बताए। तर, केन्द्रले गठबन्धनबारे जबर्जस्ती निर्णय लिन नहुने उनको भनाइ थियो। 'गठबन्धनबारे आवश्यकताका आधारमा निर्णय लिनुपर्छ। जित्ने/हार्ने अवस्था जिल्लालाई थाहा हुन्छ, त्यसका आधारमा नै गठबन्धन गरिनुपर्छ,' उनले भने।

सुर्खेतका महासमिति सदस्य टोपबहादुर रावतले कांग्रेसको नीति सहकार्यको भएकाले गठबन्धनमा के गर्ने भनेर नीति बनाएर अघि बढ्ने नभई रणनीतिक विषय भएको बताए। 'चुनौती समाधान गर्न बनाइएको गठबन्धन हो। संविधानको रक्षा गर्न कर्णालीबाट सुरु भएको गठबन्धनले कांग्रेस बलियो भएको छ,' उनको भनाइ थियो।

जाजरकोटका महासमिति सदस्य बेदराज सिंहले पनि गठबन्धन रणनीतिक भएको मत राखे। जुम्लाका कर्णबहादुर शाहीले पनि गठबन्धन आवश्यकताका आधारमा जिल्लाले टुंगो लगाउने गरी गर्नुपर्ने बताए।

बुधबार उपसभापति पूर्णबहादुर खड्काको नीति प्रस्ताव, महामन्त्री गगनकुमार थापाको सांगठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माको समसामयिक राजनीतिक प्रस्ताव, अर्थमन्त्रीसमेत रहेका प्रवक्ता डा. प्रकाशशरण महतको नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन, लेखा समिति संयोजक श्याम घिमिरेको लेखापरीक्षण प्रतिवेदन पेस भएका थिए।

प्रस्तावमाथि चारवटा हलमा समूहगत रूपमा छलफल भएको थियो। छलफलका लागि सदस्यहरूलाई सुरुमा पाँच मिनेटको टाइमकार्ड लागू गरिएको थियो। तर, पछि समय परिवर्तन गरेर तीन मिनेट बनाइएपछि सदस्यहरूले धारणा राख्न पालो नपाएको र पर्याप्त समय नभएको गुनासो गरेका थिए। बैठकमा २२ सय प्रतिनिधि सहभागी छन्।

### कोशीको पहिचानबारे कांग्रेस स्पष्ट नभएको गुनासो

सुझाव राख्ने क्रममा महासमिति सदस्यहरूले कोशीको पहिचानबारे कांग्रेस स्पष्ट नभएको गुनासो गरेका थिए। धनकुटा जिल्ला सभापति दिनेश राईले कोशी प्रदेशको पहिचानको विषयमा महासमिति बैठकले स्पष्ट पार्नुपर्ने बताए। 'कोशीमा पहिचान पेचिलो हुँदै गर्दा नेतागणहरू कहाँ कानमा तेल हालेर बस्नुभएको छ। कोशी प्रदेशमा हामीले कसरी राजनीति गर्ने?' उनले भने।

मोरङ जिल्ला सभापति डिगबहादुर लिम्बूले पनि कोशीमा पहिचानको विषयमा कांग्रेसको धारणा आउनुपर्ने बताए। केदार भण्डारीले कोशीमा कांग्रेसले नामकरणको विषयमा पनि स्पष्ट पारेर जानुपर्ने र सहज वातावरण बनाउन कांग्रेसको भूमिकाका लागि आग्रह गरे। ताप्लेजुङ सभापति गजेन्द्र तमुले कोशीमा पहिचानको मुद्दाको किनारा लगाउन कांग्रेसले नेतृत्व लिनुपर्ने बताए। 'कोशीमा पहिचानको मुद्दा छ। पूर्व र पश्चिमलाई एकैठाउँमा जोड्दै गर्दा कांग्रेस अभिभावक बन्नुपर्छ,' उनले भने। महासमिति बैठकमा कोशी प्रदेशका १४ जिल्लाका सभापतिहरूले टिकट वितरणमा भूमिकासहित १६ बुँदे संयुक्त धारणा राखेका छन्। उनीहरूले विधान संशोधन, मर्यादाक्रम, संगठन परिचालनलगायतका विषयमा साझा धारणा प्रस्तुत गरेका हुन्।

## पौडेलको पूरक प्रस्ताव- गठबन्धन नगर्ने, ०८२ मै १५औँ महाधिवेशन

**काठमाडौं**/ कांग्रेस केन्द्रीय सदस्य तथा युवा नेता प्रदीप पौडेलले गठबन्धन नगर्ने र ०८२ मंसिरमा १५औँ महाधिवेशन सम्पन्न गर्नेसहित महासमिति बैठकमा पूरक प्रतिवेदन पेस गरेका छन्। महासमिति बैठकले लिनुपर्ने थप संकल्प नाम दिइएको प्रतिवेदनमा २८ बुँदे सुझाव छन्।

प्रतिवेदनमा कांग्रेसलाई 'डिजिटल पार्टी' बनाउने, निर्वाचनमा उम्मेदवार छनोट र टिकट वितरण गर्न सबै तहका संसदीय समिति र बोर्ड खारेज गरी सम्बन्धित तहको नेतृत्वमा प्रत्यक्ष निर्वाचन प्रणाली लागू गर्ने, आरक्षण र समानुपातिक कोटाबाट एउटा व्यक्तिले कुनै एक पदमा एकपटक मात्र अवसर, घोषणापत्रअनुसारका प्रतिबद्धता पूरा गर्ने र वार्षिक समीक्षा, भ्रातृ संघसंस्थामा मनोनीत अवैध हुने गरी विधान संशोधन गर्नुपर्नेलगायतका विषय छन्। 'जनताले मतदान गर्ने निर्वाचनमा कांग्रेसले निर्वाचनपूर्व अन्य कुनै पनि पार्टीसँग गठबन्धन वा तालमेल नगर्ने,' उनको प्रस्तावमा छ, 'पार्टीलाई मतदान गर्न पाउनु सदस्य वा शुभेच्छुकको हक हो। त्यो हक खोस्ने अधिकार नेतृत्वलाई हुन सक्दैन। कांग्रेस आफ्नै सामर्थ्यमा उभिएर चुनावी मैदानमा होमिनेछ, प्रतिस्पर्धा गर्नेछ।'

साथै एकैखाले सदस्यता, अनियमितता र भ्रष्टाचार प्रकरणमा निष्पक्ष व्यक्तिहरूलाई सहभागी गराएर अनुसन्धान गर्ने र श्वेतपत्र जारी गर्ने तथा पार्टीका दोषी देखिए पनि पार्टी आफैँले राज्यका निकायमा छानबिन र कारबाहीका लागि सिफारिस गर्नुपर्ने उनको प्रस्तावमा छ। केन्द्रीय सदस्यले एक महिनाभित्र सम्पत्ति र त्यसको स्रोतको स्वघोषणा गर्ने, विज्ञहरू सम्मिलित गरी ६ महिनाभित्र देश विकासको पाँच, १० र १५ वर्षे भिजन तयार गर्ने युवा पलायन रोक्न, उत्पादनमुखी व्यवसायको प्रवर्द्धन गर्ने, नवउद्यमीहरूलाई व्यावसायिक वातावरण सिर्जना गर्ने उनको प्रस्तावमा छ। भ्रष्टाचार, यौनजन्य हिंसा, सामाजिक विभेदलगायत फौजदारी मुद्दामा आरोपित वा छानबिनमा भएको सदस्य पार्टीबाट स्वतः निलम्बित हुने व्यवस्था र वडाध्यक्षभन्दा माथि प्रधानमन्त्रीसम्मका लाभको पदमा रहेका सदस्यको सार्वजनिक लेखा परीक्षण अनिवार्य गर्ने विषय उनको प्रस्तावमा छ।

■ केन्द्रीय सदस्यलाई एमाले नेतृत्वको प्रश्न- चरित्र, आचरण र व्यवहार कसरी सुधार्ने ?

# शुद्धीकरण माथिबाटै थाल्न सुझाव

### केन्द्रीय सदस्यलाई यस्ता प्रश्न

- नेता-कार्यकर्ताको जीवनशैलीमा केही भन्नु छ ?
- जीवनको स्वच्छताबारे के-कस्ता कुरा उठ्ने गरेका छन् ?
- कस्ता खराब आचरण देखिएका छन् ?
- खराब आचरणका कारण जनतामा कस्तो प्रभाव वा असर ?
- त्यसलाई सच्याउन के-के गर्नुपर्ला ?
- खराब आचरण र चरित्र भएका नेता-कार्यकर्तालाई कस्तो कारबाही गरिनुपर्छ ?




**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

पार्टीमा केन्द्रीय तहकै नेताहरूको चरित्र, आचरण र व्यवहारसँग जोडिएका एकपछि अर्को उजुरी पर्न थालेपछि एमालेले सुधारका लागि कार्ययोजना बनाउन लागेको छ। यसका लागि जारी केन्द्रीय कमिटी बैठकमा कार्ययोजनाको शीर्षक र पृष्ठभूमिसहितको अवधारणामा केन्द्रीय सदस्यहरूबाटै सुझाव मागिएको छ।

पार्टी नेता-कार्यकर्ताको आचरणमा समस्या रहेपछि एमाले नेतृत्वले केन्द्रीय सदस्यहरूसँग कैयौं प्रश्नको जवाफ मागेको हो। प्रश्न धेरै भएकाले अधिकांश केन्द्रीय सदस्यले लिखित रूपमै जवाफ र सुझाव राखेका छन्। धेरै केन्द्रीय सदस्यको सुझाव छ- शुद्धीकरण माथिबाट सुरु हुनुपर्छ।

०८१ लाई पार्टीमा शुद्धीकरण र सुदृढीकरण अभियान सञ्चालन गर्ने गरी नेताहरूको चरित्र, आचरण र व्यवहारसँग जोडिएका विषयमा सुझाव मागिएको हो। पारदर्शी जीवन शैली, स्वच्छता र असल आचरण तथा जीवनशैलीको अवलम्बन र सुधारबारे केन्द्रीय सदस्यलाई मुख्य पाँच प्रश्न गरिएको छ। जसमा नेता-कार्यकर्ताको जीवनशैलीमा केही भन्नु छ ?, नेता-कार्यकर्ताको जीवनको स्वच्छताबारे के-कस्ता कुरा उठ्ने गरेका छन् ?, नेता-कार्यकर्तामा कस्ता खराब आचरण देखिएका छन् ?, त्यसका कारणबाट जनतामा परेको प्रभाव वा असर ? त्यसलाई सच्याउन के-के गर्नुपर्ला ? तथा खराब आचरण र चरित्र भएका नेता-कार्यकर्तालाई कस्तो कारबाही गरिनुपर्छ ? प्रश्न सोधिएको छ।

### शीर्ष नेतामाथि नै केन्द्रीय सदस्यहरूको प्रश्न

बैठकमा केन्द्रीय सदस्यहरूले शुद्धीकरणमाथिबाटै सुरु हुनुपर्ने सुझाव दिएर शीर्ष नेतामाथि नै प्रश्न तेर्स्याएका छन्। उनीहरूले पार्टीभित्र अनुशासन, आचरण, विधि र कार्यपद्धतिलाई कडाइका साथ पालना गर्नुपर्ने, शुद्धीकरण माथिबाट सुरु हुनुपर्ने मत राखेका छन्। पार्टीमा आचारसंहिता बनाएर कार्यान्वयन गर्नुपर्ने, पार्टीलाई विधिपूर्वक सञ्चालन गर्नुपर्ने, आलोचना र आत्मालोचनाको विषयलाई नियमित बनाइनुपर्नेजस्ता पार्टी संगठन निर्माणमा महत्त्व राख्ने विषयमा सहभागीहरूले गम्भीरतापूर्वक सुझाव राखेका छन्।

संसद्को काम प्रभावकारी बनाउनुपर्ने, जनताका मुद्दाहरूमा विशेष ध्यान दिनुपर्ने, विकास, निर्माण र समृद्धिका मुद्दा केन्द्रमा राखेर प्रस्तुत हुनुपर्ने, समृद्ध नेपाल र सुखी नेपालको नारा कार्यान्वयन गर्न केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडासम्म संयन्त्र निर्माण गरी कार्य प्रारम्भ गर्नुपर्ने सुझाव दिएका छन्। लुम्बिनी प्रदेश कमिटीका अध्यक्ष राधाकृष्ण कँडेलले पार्टीको नीति, विचार र कार्ययोजनासँग नेता-कार्यकर्ताको व्यवहारमा तालमेल नदेखिएकाले एकरूपता देखिने गरी पार्टीलाई अगाडि बढाउनुपर्ने सुझाव उठाइएको बताए। पार्टीभित्र खराब आचरण र व्यवहार देखिए पनि कारबाही नभएकाले दण्डहीनता अन्त्यको विषयले पनि प्राथमिकता पाएको उनको भनाइ छ।

---

केन्द्रीय सदस्यहरूलाई चारवटा कार्ययोजना दिएर दर्जनौं प्रश्नमाथि छलफल चलाइरहेको छ। मंगलबार सुरु भएको बैठकमा बुधबारको समूहगत छलफलमा केन्द्रीय सदस्यहरूले मौखिक र लिखित उत्तरसहितका सुझाव दिएका छन्। बैठक बिहीबारसम्म चल्नेछ। एमालेले केन्द्रीय कमिटी बैठकको परम्परागत छलफलको 'मोडालिटी' परिवर्तन गर्दै एमालेले बहुसंख्यक सुझावपछि मात्रै एक वर्षको कार्ययोजनालाई अन्तिम रूप दिने तयारी गरेको छ।

बैठकमा शुद्धीकरण र सुदृढीकरण सम्बन्धमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त र जनआधारित कार्यकर्ता पार्टीको मर्मलाई बुझ्ने र कार्यान्वयन गर्ने चुनौती सम्बन्धमा उपाध्यक्ष विष्णु पौडेल, पार्टीको संगठनात्मक कामको समीक्षा सम्बन्धमा महासचिव शंकर पोखरेल र जनसरोकार जनदबाब सम्बन्धमा उपमहासचिव प्रदीपकुमार ज्ञवालीले अवधारणासहितको कार्ययोजना पेस गरेका छन्।

कार्ययोजना बनाउँदा सबै केन्द्रीय सदस्यले आ-आफ्ना अनुभूति र सुझाव खुलेर राखून् भन्ने उद्देश्यले दर्जनौं प्रश्न सोधिएको स्थायी समिति सदस्य काशीनाथ अधिकारीले बताए। 'यसपटकको बैठकमा अलि पृथक् ढंगले कार्ययोजना प्रस्तुत गरिएको छ, सबै केन्द्रीय सदस्यलाई आ-आफ्ना अनुभूतिसहितको मसिनोसँग सुझाव राख्न सजिलो होस् भनेर धेरैभन्दा धेरै प्रश्न सोधिएको छ,' अधिकारीले नयाँ पत्रिकासँग भने, 'केन्द्रीय सदस्यको जवाफका आधारमा बैठकले मोटो अवधारणासहित साझा निष्कर्ष निकाल्छ, तर त्यसलाई चैतमा बस्ने स्थायी समिति बैठकले मात्रै कार्यक्रमिक रूप दिनेछ।'

पार्टी निर्माण, विस्तार र सञ्चालनमा पनि कमजोरी रहेको स्वीकार गर्दै एमाले नेतृत्वले आगामी निर्वाचनमा बहुमतको लक्ष्य पूरा गर्न 'मिसन ८४' लाई केन्द्रमा राखेर बैठकबाट कार्ययोजना पास गर्ने तयारी गरेको छ। प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार स्थायी कमिटीका सदस्यहरूको एक, सात प्रदेशका सात र उपत्यका तथा सम्पर्क विशेष, जनसंगठन र प्रवासको एकसहित नौवटा समूहमा कार्ययोजनामाथि छलफल भइरहेको छ।

यस्तै, पार्टी निर्माण र विस्तार तथा जनपरिचालनका सवालमा जनसम्बन्ध विकासका लागि गर्नुपर्ने काम, कार्यक्रम, क्षेत्र र भूगोलअनुसारका कार्यक्रम, सामाजिक, सामुदायिक संगठनमा पार्टी नेतृत्व स्थापित गर्न गर्नुपर्ने काम, बैठक सञ्चालन र सदस्यता वितरण तथा नवीकरणमा देखा परेका समस्या र व्यावहारिक रूपले नै हल गर्नुपर्ने विषय पनि प्रश्न बनाइएको छ। यसैगरी वैचारिक स्पष्टता, बुझाइ र गराइमा एकरूपताको समस्या, पार्टी कमिटीहरूलाई विधिसम्मत सञ्चालन गर्नुपर्ने समस्या, पार्टी प्रवेशलाई व्यवस्थित बनाइनुपर्ने कुरा, पारदर्शिता, असल आचरण, स्वच्छता र जीवनशैलीको विकास र जनसम्पर्क, जनसम्बन्धलाई विस्तार गर्नुपर्ने कुरामा समस्यालगायतमा प्रश्न सोधेर सुझाव मागिएको प्रचार विभाग प्रमुख गौतमले बताए।

विभिन्न तहको कमिटीहरूमा गुटबन्दी झाँगिएको र अधिवेशनलाई नेतृत्व कब्जा गर्ने थलोका रूपमा परिणत गर्न थालेको विषय समस्याका रूपमा औंल्याउँदै समाधानका लागि प्रश्न सोधेरै सुझाव मागिएको छ। 'अधिवेशनलाई औपचारिकता निर्वाह गर्ने वा नेतृत्व कब्जा गर्ने थलोका रूपमा कसरी परिणत गर्ने ? आपसी प्रतिस्पर्धालाई अन्तरविरोध थप विस्तार गर्ने नभई त्यसलाई समाधान गर्दै एकताबद्ध भएर अगाडि बढ्ने आधारभूमिमा कसरी परिणत गर्ने ? केन्द्रीय सदस्यलाई प्रश्न गर्दै भनिएको छ, 'एउटै मूल नेतृत्वको वरिपरि गोलबन्द हुँदा पनि विभिन्न तहमा फरकफरक स्वरूपको गुटबन्दीको कारण के हो ?'

एमालेमा प्रदेश अधिवेशन सकिएलगत्तै एक महिनादेखि जारी जिल्ला अधिवेशनहरूमा स्थानीय नेताहरूको गुटबन्दी सतहमै देखिएको छ। गुटबन्दीका कारण दुई समूहबीच झडप र कुटाकुट हुँदा धादिङको अधिवेशन दुई सातापछि मात्रै सम्पन्न भएको थियो।

यस्तै, कमिटीका पदाधिकारी र सदस्यहरूको व्यवस्थापन, संगठित सदस्यहरूको योग्यता र आचरण, सदस्यहरूको कामको मूल्यांकन, प्रभावकारिताकै लेखाजोखा गरेर नेतृत्व विकास, कमिटीमा आबद्धता, योगदानको कदरजस्ता विषयमा पनि प्रश्न सोधेरै कार्ययोजनामा सुझाव मागिएको छ।

# एकैदिन सात दुर्घटना ११ को मृत्यु, २७ घाइते

जिल्ला ब्युरो

देशका विभिन्न ठाउँमा भएका सवारी दुर्घटनामा बुधबार ११ जनाको मृत्यु भएको छ। २७ घाइते भएका छन्। प्रहरीका अनुसार सिन्धुपाल्चोक, बारा, सर्लाही र दाङमा भएका दुर्घटनामा दुई/दुईजनाको ज्यान गएको छ। त्यस्तै, मकवानपुर, सल्यान र अछाममा एक/एकजनाको मृत्यु भएको छ। सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-७ स्थित कलङ्चे अँधेरी खोलामा बोलेरो जिप खस्दा दुईजनाको घटनास्थलमै मृत्यु भएको हो, अन्य चारजना घाइते भएका छन्। कोल्दोडका ४५ वर्षीया दिलकुमारी प्रधान र ६० वर्षीया लालमाया प्रधानको मृत्यु भएको इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक देवेन्द्रराज जोशीले बताए।

त्यस्तै, सिमराबाट हेटौंडा जाँदै गरेको ना.६ ख ३३५२ नम्बरको ट्रक र हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको बा प्र ०१-०२६ च १३३४ नम्बरको बोलेरो पिकअप जितपुरसिमरा उपमहानगर क्षेत्रमा आपसमा ठोक्किँदा बोलेरोमा सवार दुईजनाको मृत्यु भएको छ। बोलेरोचालक नुवाकोट विदुर नगरपालिका-९ कोल्नीका सुजन मगराती र भारत बिहारका चन्दन चौहानको मृत्यु भएको हो। बोलेरोमै सवार पाँचजना घाइते छन्। सर्लाहीको बरहथवामा नम्बर नखुलेको ट्याक्टर दुर्घटना हुँदा रौतहटको गढीमाईका जयलाल सहनी र ट्याक्टरमा सवार रामनाथ सहनीको मृत्यु भएको हो। ट्याक्टरमा सवार सातजना घाइते छन्।

दाङमा बा २ भ ३६५२ नम्बरको बोलेरोले ठक्कर दिँदा रा ५ प ५४५३ नम्बरको मोटरसाइकलमा सवार दुई युवकको मृत्यु भएको छ। रोल्पाको त्रिवेणी गाउँपालिका-५ का २१ वर्षीय विजय पुन र २४ वर्षीय नेत्र भण्डारीको मृत्यु भएको हो। प्रहरीका अनुसार उनीहरू दुवैजना बुधबार बिहान मोटरसाइकलमा तुलसीपुरबाट घोराहीतर्फ जाँदै थिए। सोही क्रममा घोराही १६ सर्रानजिक साइकललाई जोगाउन खोज्दा मोटरसाइकल पल्टियो। सोही क्रममा बोलेरोले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता जनकबहादुर मल्लले बताए।

हेटौंडामा ना २ ह ५२६८ नम्बरको अटो पल्टिँदा चालकको ज्यान गएको छ। धादिङ बजारबाट ज्वालादेवी आउँदै गरेको अटो पल्टिँदा गम्भीर घाइते भएका चालक मकवानपुरगढी गाउँपालिका-४ ज्वालादेवीका ३५ वर्षीय देवीबहादुर घिमिरे (सुमन) को उपचारका क्रममा ज्यान गएको हो। टाउको र निधारमा चोट लागेका घिमिरेको उपचारका क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए।

बुधबार बिहान रुकुमबाट दाङ जाँदै गरेको ना ७ ख ९७८२ नम्बरको टिपरले सल्यानको बागचौर नगरपालिका- ५ बाँगेलाखुरीमा रा ४ प १४६७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एकजनाको मृत्यु भएको छ। मोटरसाइकलमा सवार बागचौर नगरपालिका-१२ बाफुखोलाका ४६ वर्षीय वीरबहादुर ओलीको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका ओलीलाई उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौंस्थित ग्रान्डी अस्पताल लगिएको थियो। तर, उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी नायब उपरीक्षक नवीन कार्कीले जानकारी दिए। अछाममा जिप दुर्घटना हुँदा छोराको मृत्यु भएको छ भने आमा गम्भीर घाइते भएकी छिन्। बुधबार भएको दुर्घटनामा डोटीको पूर्वीचौकी गाउँपालिका-४ का २३ वर्षीया अनिशा खड्का गम्भीर घाइते भएकी छिन्। उनका १८ महिने छोरा ईशान खड्काको ज्यान गएको छ। टाउकोमा गम्भीर चोट लागेकी अनिशालाई थप उपचारका लागि धनगढी रेफर गरिएको छ। अछामको चौरपाटी गाउँपालिका-५ लुंग्राबाट साँफेबगरतर्फ आउँदै गरेको से १ ज ४२९ नम्बरको जिप अनियन्त्रित भई सडकबाट खसेको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्र साउदका अनुसार जिपमा १३ जना सवार रहेकामा ११ जना घाइते भएका छन्।

## संक्षेप

### कर्णालीमा भिटामिनयुक्त चामल बिक्री गरिँदै

**सुर्खेत**/ कर्णालीमा भिटामिनयुक्त चामल बिक्री गरिने भएको छ। पौष्टिक तत्त्व कम हुँदा कुपोषण कायमै रहेपछि खाद्य व्यवस्थापन तथा व्यापार कम्पनीले कर्णालीमा पौष्टिक तत्त्व स्तरोन्नति गर्ने चामल' (फोर्टिफाइड राइस) बिक्री गर्न लागेको हो। पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (फोर्टिफाइड राइस)मा भिटानिम 'ए', भिटामिन 'बी', भिटामिन 'बी २', भिटामिन 'बी ६', भिटामिन 'बी १२', जिंक, आइरन, फोलिक एसिडलगायत शारीरिक र मानसिक स्वास्थ्यका लागि आवश्यक तत्त्व मिसाइएको खाद्य व्यवस्था तथा व्यापार केन्द्रका बिक्री-वितरण विभागका प्रमुख भीम थापाले बताए। 'सूक्ष्म पोषण तत्त्व मिसाइएको चामल हाम्रो भान्सामा पाक्नेछ। ठूला मिलहरूबाट आठथरी सूक्ष्म पोषण तत्त्व मिसाएर चामल उत्पादन थालिएको छ,' उनले भने, 'पहिलो चरणमा कर्णालीका जिल्लाहरूमा वितरण गर्ने गरी ६ सय मेट्रिक टन चामल सुर्खेत ल्याइएको छ।' पोषण तत्त्वको कमीका कारण २५ प्रतिशत बालबालिकामा पुड्कोपना देखिएको पोषण शाखाका प्रमुख थापाले बताए। 'यी तत्त्वको कमीले पुड्कोपना, रक्तअल्पता हुने, शरीरमा रोगसँग लड्ने प्रतिरक्षा क्षमता कमी हुने हुनाले त्यस्ता समस्या क्रमशः हटाउँदै लाने उद्देश्यअनुरूप सरकारले चामलमा यी तत्त्वहरू समावेश गरेर मात्र बजारमा पठाउने प्रबन्ध मिलाएको हो,' उनले भने, 'धेरै नेपालीको भान्सामा एक छाक अनिवार्य भात नै हुने भएकाले चामलमै मिसाउन उचित ठान्यौं।'

### १९ फागुनमा प्रदेश सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री

**बुटवल**/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले लुम्बिनी प्रदेश सभामा विशेष सम्बोधन गर्ने भएका छन्। लुम्बिनी प्रदेश सभाका सचिव दुर्लभकुमार पुनमगरका अनुसार १९ फागुन दिउँसो १ बजे प्रधानमन्त्री प्रचण्डले विशेष सम्बोधन गर्ने तय भएको हो। प्रधानमन्त्रीसँग बुधबार लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र सभामुख तुलाराम घर्तीमगरले भेट गरेका थिए। भेटमा लुम्बिनीमा हुन लागेको शिखर सम्मेलनको विषयमा छलफल भएको थियो। यस्तै, प्रदेश सभामा सम्बोधनको विषयमा पनि छलफल भएको थियो। भेटमा प्रदेश सरकार र प्रदेश सभाको आग्रहमा प्रधानमन्त्री १९ फागुनमा प्रदेश सभालाई विशेष सम्बोधन गर्नेबारे कुराकानी भएका हुन्। भेटमा लुम्बिनीमा २८ र २९ फागुनमा हुन लागेको शिखर सम्मेलनको तयारीका विषयमा मुख्यमन्त्री चौधरीले प्रधानमन्त्रीलाई जानकारी गराएका थिए। लुम्बिनी प्रदेश सभाको १८ फागुनदेखि हिउँदे अधिवेशन सुरु हुँदै छ।

### खैरो हिरोइनसहित मिर्चैयाका तीन युवक पक्राउ

**लहान**/ सिराहा प्रहरीले प्रतिबन्धित लागुऔषध खैरो हिरोइनसहित मिर्चैयाबाट तीनजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार मंगलबार अपराह्न सिराहा नगरपालिका- १७ कालीचोकमा प्रहरीले नेपालतर्फ आउँदै गरेका तीनजना चढेको मोटरसाइकल रोकेर चेकजाँच गर्ने क्रममा खैरो हिरोइनजस्तो देखिने प्रतिबन्धित लागुऔषधसहित तीनजनालाई पक्राउ गरेको हो। इलाका प्रहरी कार्यालय माडरबाट खटिएको टोलीले सिराहाको मिर्चैया- ११ सियापुरका २२ वर्षीय सुरेन्द्रकुमार महरा, मिर्चैया- ९ ढोरनाका २२ वर्षीय अरनिन्द्र मण्डल र २३ वर्षीय अनिल मण्डललाई पक्राउ गरेको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए। उनका अनुसार प्रदेश २-०१-००१ प ५९४६ नम्बको मोटरसाइकल चेकजाँच गर्ने क्रममा बीचमा बसेका सुरेन्द्रले भित्री कपडामा लुकाएको प्लास्टिकसहित ०.६३ ग्राम खैरो हिरोइनजस्तो देखिने लागुऔषध बरामद भएको हो।

### भिरबाट लडेर महिलाको मृत्यु

**संखुवासभा**/ चिचिला गाउँपालिका- २ स्थित चिचिलापातालमा भिरबाट लडेर एक महिलाको मृत्यु भएको छ। बुधबार खाँदबारी नगरपालिका- ४ सेकाहा छवयागाउँ घर भएकी ५६ वर्षीया नेप्टीमाया गुरुङको घाँस काट्ने क्रममा लडेर घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ। मंगलबार घरबाट चिचिलापातालमा घाँस काट्न गएकी गुरुङ राति अबेरसम्म घर नफर्किएपछि बुधबार बिहानै छोरा जापान गुरुङ आमा खोज्न चिचिलापाताल पुगेका थिए। चिचिलापातालस्थित खाँदबारी-किमाथांका कोशी ल्हासा सडकनजिकै मृत अवस्थामा आमा भेटिएको छोरा जापान गुरुङले बताए।

# प्रधानमन्त्रीलाई राप्रपाको ४० बुँदे माग, चैतदेखि आन्दोलनको चेतावनी

**काठमाडौं**/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुधबार ४० बुँदे मागपत्र पेस गरेर आन्दोलनको चेतावनी दिएको छ। पार्टी पदाधिकारीसहित सिंहदरबार पुगेर राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले प्रधानमन्त्री प्रचण्डसँग राजनीति, सुशासन, भ्रष्टाचार नियन्त्रण, धर्म परिवर्तनसँग सम्बन्धित माग राखेका हुन्।

राप्रपाले प्रधानमन्त्री तथा उपत्यकाबाहिर प्रमुख जिल्ला अधिकारीहरूलाई दिएको मागपत्र तत्काल कार्यान्वयन नभए आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएको छ। 'सरकारलाई मागपत्र बुझाएसँगै हाम्रो आन्दोलन प्रारम्भ भएको छ,' राप्रपा प्रवक्ता मोहन श्रेष्ठले नयाँ पत्रिकासँग भने, 'अब साना-ठूला सभाहरू गर्छौं।



४० बुँदे माग लिएर जनताकहाँ जान्छौं। चैत पहिलो साता काठमाडौंमा देशभरिबाट जनता उतारेर जनप्रदर्शन गर्छौं।' पार्टी अध्यक्ष लिङ्देन नेतृत्वको आन्दोलन मूल समितिले आन्दोलनको विस्तृत तालिका बनाउने उनको भनाइ छ। देशका प्रमुख सहर र सकभर सबै जिल्ला सदरमुकाममा जनजागरण सभा आयोजना हुने उनले बताए।

मागपत्रमा राप्रपाले वर्तमान संविधानबाट नेपालको दीर्घकालीन शान्ति, स्थिरता, एकता, सामाजिक सौहार्दता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, अन्तर्राष्ट्रिय अस्मिता, नेपालको विशिष्ट धर्म, संस्कृति र सभ्यताको जगेर्ना, सुसंस्कृत राजनीतिको प्रवर्द्धन तथा देशको आर्थिक रूपान्तरण सम्भव नरहेको विगतदेखिको धारणा सही साबित भएको जनाएको छ।

■ प्रधानमन्त्रीले भने-

**शान्तिपूर्ण आन्दोलन गर्नुस्**

प्रधानमन्त्री प्रचण्डले राप्रपाको माग बुझेपछि आन्दोलन शान्तिपूर्ण रूपमा गर्न र शान्ति प्रक्रियामा सहयोग गर्न आग्रह गरेका छन्। 'हामी राजनीतिक बहस गर्दै गरौंला। राजनीति सम्भावनाको खेल हो र कुनै पनि विषय असम्भव छैन,' प्रचण्डले राप्रपाको ज्ञापनपत्र बुझेपछि भने, 'हामीहरूले के बुझ्नुपर्छ भने अहिलेको संविधान शान्ति प्रक्रियासँग सम्बन्धित छ। सत्यनिरूपण तथा मेलमिलापसँग सम्बन्धित संक्रमणकालीन न्यायको विधेयक पास गर्न हामीले राप्रपाले सहयोग अपेक्षा गरेका छौं।'


## INVITATION FOR BID

Cimex Inc, authorized distributor of BYD Auto Co. Ltd., invite the bid for the upgradation and construction of BYD showroom and service center in Naxal and Gaurighat (Ref: CIMEX/CW/23/24/01 dated 22 Feb, 2024).

**Eligibility Criteria**

1. The company owner or manager should have an engineering background with proven work experience.
2. The company should have one well-experienced full time site engineer and one supervisor. Priority will be given to industrial state set up companies.
3. Should have completed at least 5 x commercial building, 2 x multistoried iron structure commercial building, one similar nature showroom in the past.
4. Joint venture companies are not allowed as well as independent persons.
5. The workers must be well trained in relevant work. Work may done day and night shift as well.
6. Preference will be given to those bidders who have permanent staff (monthly salary staff) at 6 to 10 numbers to ensure that the awarded work will be completed within that period.
7. All the items should be of national standard quality or as per BOQ.
8. Working good experiences with reputed NGO, INGOs, private project and government project of Nepal.
9. The company should keep basic facilities, health and safety as per labour act/rules of Nepal.
10. The fabricators should provide evidence of completed projects roof frame installation.
11. Official company documents (registration/Tax Clearance) and short company profile with the completed and ongoing projects details.
12. Propose the completion deadline must be within 45 days, showroom to be fully closed for maximum 10 days.

BOQ can be downloaded from: **https://cimex.com.np/notices**

**Bid Deadline Submission: 26th Feb 2024**

If you have any queries or want the pre bid meeting you can write to: **info@cimex.com.np;** or **contact: 9851242940, 9803456799**



## Nepal Investment Mega Bank Limited
## Sealed-Bid Invitation for supply of Year Calendar 2081

Nepal Investment Mega Bank Limited invites sealed-bids from interested eligible Suppliers for delivery /supply of Nepali Year Calendar 2081 of the Bank as per below details.

| S. N. | Particulars | Unit | Qty. |
|---|---|---|---|
| 1 | **Designing, printing, binding & delivery of Bank Wall Calendar 2081**<br>Size:17" x 23.3"<br>Cover Paper: 170 gsm Art paper with texture<br>Total page:13 Sheets (one side printing)<br>Text & cover color: Five<br>Binding Type: Wire 'O' with 2 hard board & hanger | Pcs | 40,000 |
| 2 | **Designing, printing, binding & delivery of Bank Table Calendar 2081**<br>Size:A5 (5.5"x8.5")<br>Cover Paper: 250 gsm Art paper with texture<br>Total page:15 Sheets/30pages (two side printing)<br>Text & cover color: Five<br>Binding Type: Wire 'O' with 2 with stand | Pcs | 12,000 |

**Terms and Conditions:**

- Bidders are to submit a copy of valid firm/company registration, VAT/PAN and latest Tax clearance certificate of last Financial Year.
- Bidders are to submit experience letter for supply of Year Calendar continuously from last 3 years and in at least one "A" Class Commercial Bank of Nepal with minimum quantity of 30,000 pcs.
- Interested bidders can collect sample Calendar from General Service Department, Durbarmarg, Kathmandu.

Bid documents should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbar Marg, Kathmandu latest by 7th March, 2024 before 5:30 P.M. In case the last date of submission of bid is declared a public holiday, the sealed-bids can be submitted on the next working day. Documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

***The Bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.***

**For more information, Please Contact at:**

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**Nepal Investment Mega Bank Nepal Limited, Durbar Marg, Kathmandu**
**Phone No. 01-5342530, 01-5328229**

# बढ्दो श्रम बहिर्गमनको संकट

## जहाँ मेरिटको अन्त्य हुन्छ, त्यहीँबाट प्रणाली व्यक्तिवादी हुन्छ अनि शक्ति संरचनाबाहिरका व्यक्तिले आफ्नो भविष्य देख्दैनन् र पलायन हुन बाध्य हुन्छन्



● रामबन्धु सुवेदी

अग्रलेख

नेपालमा पछिल्ला वर्षमा विगतभन्दा तीव्र दरमा उत्पादनशील उमेरको श्रमशक्ति बिदेसिने प्रवृत्तिउपर राष्ट्रिय चासो र चिन्ता देखिन थालेको छ। दक्ष, अदक्ष र अर्धदक्ष तिनै प्रकृतिका तथा हुने खाने र हुँदा खाने दुवै प्रकृतिका १८ देखि ४५ वर्ष उमेर समूहका जनशक्ति रोजगारी वा अध्ययनका लागि तीव्र गतिमा बहिर्गमन भएको देखिन्छ। नेपाल इतिहासमा एकपटक मात्र प्राप्त हुने जनसांख्यिक लाभ सिर्जनाको सुनौलो अवस्थाबाट गुज्रिरहेको छ, तर यसको प्रत्यक्ष लाभ भने श्रम आकर्षण गर्ने अन्य देशले सित्तैमा लिइरहेका छन्। पछिल्लो समय देशमा भविष्य छैन, नेपालमा म र मेरो मन परेको व्यक्तिबाहेक सबै गलत छन् भन्ने घोर निराशावादी र नकारात्मक मनोविज्ञानको निर्माणसँगै जसरी पनि देश छाड्नैपर्छ भन्ने भाष्य आम रूपमा स्थापित भइसकेको छ। यस सम्बन्धमा सरोकारवालाबाट प्रकट भएका चासो र चिन्ताहरू चिन्तनमा परिणत भएको भने छैन।

**बढ्दो श्रम बहिर्गमनका अन्तरनिहित कारण** : अवसरको खोजीमा रहेको जनशक्तिलाई स्वदेशमा टिकाउन उपदेश, राष्ट्रभक्तिका राग र अनुरोधबाट मात्र सम्भव देखिन्न। वर्तमान विश्वव्यापीकरणको युगमा आर्थिक स्वतन्त्रता र आत्मसम्मानसहितको गुणस्तरीय जीवनको सम्भावना भएका स्थानमा श्रमशक्ति आकर्षित हुनु स्वाभाविक हो। तर, यो व्यक्तिगत रूपमा लाभप्रद भए पनि राज्यको दृष्टिमा मानवीय पुँजी पलायन हुनु संकटपूर्ण अवस्था हो। नेपालमा अहिले श्रमशक्तिलाई टिकाउने भन्दा पनि विदेश धकेल्ने फ्याक्टरहरू बढी सक्रिय छन्। यिनको सूक्ष्म विश्लेषण गर्नु जरुरी छ।

नेपालमा हरेक औपचारिक तथा अनौपचारिक संस्थामा मेरिटोक्रेसीको संकट गहिरिँदै गएको देखिन्छ। योग्यताक्रमले व्यक्ति वा संस्थामा अन्तरनिहित परिमाणात्मक र गुणात्मक मूल्यको प्रतिनिधित्व गर्छ भने व्यक्ति वा संस्थाले प्रदर्शन गर्ने कार्यक्षमताको मूल आधार पनि यही हो। कामको उच्च दक्षता र सदाचारिताको संयुक्त नतिजा 'मेरिट' हो। हामीले सार्वजनिक संस्था तथा प्रणाली निर्माण त गर्यौं, तर त्यसलाई सञ्चालन गर्ने प्रणालीमा योग्य एवं नैतिकवान् व्यक्ति सुनिश्चित गर्न सकेनौं र शासनले नागरिक विश्वास गुमाउँदै गयो।

जहाँ मेरिट हुन्छ, त्यहाँ प्रणाली पूर्वानुमानयोग्य हुन्छ। प्रक्रिया स्पष्ट हुन्छ। तोकिएको समयमा तोकिएको नतिजाको सुनिश्चितता हुन्छ। हरेक सार्वजनिक पदमा हाम्रा होइन, राम्रा र योग्यतम व्यक्ति पुग्ने पूर्वानुमानयोग्य प्रणालीको सुनिश्चितता हुँदा मात्र मेरिटमाथि न्याय हुन्छ। जब राजनीतिक, शासकीय, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा बजारका संस्थाभित्र मेरिट कमजोर हुन्छ, तब अयोग्यले योग्यलाई नेतृत्व गर्न थाल्छ। यसबाट सबै प्रकारका संस्था धराशयी हुन्छन् र योग्यहरूले पलायनको बाटो अँगाल्न पुग्छन्।

नेपालमा विगत तीन दशकदेखि मेरिटलाई राजनीतिक तजबिजीले विस्थापित गरेको देखिन्छ। राजनीतिले परिवर्तन तथा समृद्धिका नीतिहरू तय गर्ने र ती नीतिको दक्षतापूर्ण कार्यान्वयन गरी संस्थागत गर्ने काम मेरिटमा आधारित प्रणालीले हो। तर, हाम्रो शासनप्रणालीमा हरेक ससाना निर्णयमा पनि राजनीतिक तजबिजी निर्णायक हुँदै 'स्वाभाविक नियमितताका' रूपमा स्थापित भइसकेको छ। यो भनेको मेरिटको तीव्र संकटको अवस्था हो। मेरिटको प्रणालीमा आबद्ध हुनुपर्ने शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, कामदार, डाक्टर, इन्जिनियर, प्राध्यापक, पत्रकार, बुद्धिजीवीहरू राजनीतिक कित्ताकाटमा उभिएपछि मेरिटको वध हुनु स्वाभाविक हो। जहाँ मेरिटको अन्त्य हुन्छ, त्यहाँबाटै प्रणाली व्यक्तिवादी हुन्छ, अनि शक्ति संरचनाबाहिरका व्यक्तिले आफ्नो भविष्य देख्दैनन् र तीव्र पलायन हुन बाध्य हुन्छन्।

विद्यालय र विश्वविध्यालयमा मेरिट विस्थापित हुँदा प्राज्ञिक गरिमा खुला राजनीतिक लिलामीमा गएकै हो। योग्य शिक्षक र प्राध्यापकहरू विस्थापित हुँदै जाँदा प्राविधिक शिक्षा कक्षाकोठाभित्रको लेक्चर नोटमा सीमित भइसकेको छ भने सूचना र परिभाषा केन्द्रित शिक्षण सिकाइमा रूपान्तरण गर्ने क्षमता, योग्यता र सोच अयोग्य नेतृत्वमा हुने अवस्था नै भएन। एक्काइसौं शताब्दीको डिजिटल पुस्ताको विद्यार्थी बीसौं शताब्दीको शिक्षक र पाठ्यक्रम तथा उन्नाइसौं शताब्दीको विधिमा आधारित खण्डहर कक्षाकोठाबीचको तालमेल नमिलेर नै 'जेड जेनरेसन' तीव्र रूपमा पलायन भइरहेको छ।

सामाजिक तथा सांस्कृतिक मूल्यमा आएको तीव्र नैतिक क्षयीकरण पनि श्रम पलायनमा जिम्मेवार छ। नेपाली समाजमा पूर्वीय दर्शनका नैतिक मूल्यलाई धार्मिक अन्धविश्वासको पगरीले छोपेर सामाजिक सांस्कृतिक सत्ताको बलियो जग निर्माण भइरहेको छ। औपचारिक संस्थाहरू र सत्ता पनि चेतन र अवचेतन रूपमा त्यसतर्फ ढल्किँदै गएको देखिन्छ। सभ्यता र समृद्धिको मुहान कुनै व्यक्तिको चमत्कार वा अदृश्य शक्तिको भरमा हुन्छ भन्ने मध्ययुगीन समाजको पुनरागमनको मनोविज्ञान निर्माण हुँदै गएको देखिन्छ। यसबाट पछिल्लो स्मार्ट जेनेरेसन विरक्तिँदै गइरहेको छ भने कमजोर शैक्षिक जग र चेतना भएका जमात भाग्यवाद, चमत्कार र अनुष्ठानलाई सिर्जना र विकासको सहस्र मुहानका रूपमा शासनमा स्थापित गर्ने अभियानमा देखिन्छन्। यसबाट एक्काइसौं शताब्दीको विज्ञान, प्रविधि र डिजिटल विश्वसँग परिचित तथा श्रममा विश्वास गर्ने इमानदार जनशक्ति यस्तो सांस्कृतिक मूल्यमा रहनै सक्दैनन् र बिदेसिने निर्णय गरेको देखिन्छ।

पछिल्लो समयमा नेपाली समाजको समृद्धिको मानकका रूपमा सन्तानहरूले प्राप्त गर्ने विदेशी स्थायी आवासीय कार्ड र अभिभावकले भिजिट वा तेलभिसामा विदेश




दर्शन गरी स्वदेशको आलोचना वा उपदेश जारी गर्नुलाई मान्न थालिएको देखिन्छ। नीति-निर्मातादेखि भुइँ तहका अधिकांश नागरिक सबैको अन्तिम सपना योभन्दा माथि देखिँदैन। यो हाम्रो सामाजिक, सांस्कृतिक सत्ताले निर्माण गरेको मूल्यप्रणाली हो। विदेशी भिसा प्राप्त गर्दा सामाजिक सञ्जालमा पोखिएका बधाइहरू नै यसका स्पष्ट प्रमाण हुन्। नेतृत्व र देश बनाउने सक्षम मानव पुँजीबीचको अकल्पनीय जेनेरेसन ग्याप छ। बौद्धिक पलायनको यो अर्को मूल कारण हो। नेपालको वर्तमान समयमा औपचारिक र अनौपचारिक सत्ता तथा संस्थाहरूका निर्णायक नेतृत्वहरूलाई कम्तीमा चार दशकअघिको धङधडी र नोस्टाल्जियाले निर्देशित गरेको देखिन्छ, जसले वर्तमान र आगामी कम्तीमा दश वर्षपछिको विश्व श्रम र अर्थतन्त्रको अनुमान गर्ने क्षमता नै राख्दैन।

देशका हरेक नागरिकहरूको दक्षता र निष्ठाको सामूहिक मूल्य नै समृद्धिको स्रोत हो, तर नेपालले इतिहासदेखि वर्तमानसम्म पनि उपरोक्त मूल्यको सिर्जना र उपयोग गर्ने मानवपुँजी विकास योजना निर्माण गरेको छैन। वर्तमान जनशक्तिको उत्पादकत्व, सीप र क्षमता तथा देशको विकासको लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने योग्य जनशक्तिको अनुमान र विकासका लागि सरकारी र निजी सबै क्षेत्रलाई मार्गदर्शन गर्ने मानवपुँजी अनुमान र विकासको योजना निर्माण गर्न निकै ढिला भइसकेको छ। बजार र शिक्षाबीचको तादाम्यता कायम गरी आर्थिक विकासका लागि पनि यो योजना पहिलो प्राथमिकता हुनुपर्नेमा त्यो नभएको कारण हाम्रा विश्वविद्यालयको प्राविधिक शिक्षा पनि कम्तीमा बीस वर्ष पुरानो भइसकेको अवस्था रहेर नयाँ जेनेरेसनले उच्च शिक्षाका लागि विदेश रोज्नुपर्ने बाध्यता सिर्जना भइसकेको छ। जनशक्ति पलायनको अर्को कारण उच्च वित्तीय असमानता हो।

नेपालमा उपलब्ध वित्तीय स्रोतको अधिकांश लगानी अनुत्पादक क्षेत्रमा भइरहेको छ। कर्जाका लागि बाटो भएको घरजग्गा र सम्पत्तिलाई मात्र आधार मान्दा एकातिर कृषियोग्य क्षेत्रको तीव्र खण्डीकरण भइरहेको छ भने अर्कोतर्फ हुने खाने सीमित सम्भ्रान्तहरूमा नै उच्च जोखिमपूर्ण अत्यधिक कर्जाको केन्द्रीकरण भइरहेको छ। कृषि गर्ने, उद्यमशील बन्न चाहने र बिजनेस आइडिया भएका तर अचल धितो नभएका भुइँ तहका युवाहरूले कर्जा प्राप्त गर्नै सक्दैनन्। केही सीमित बिजनेस सम्भ्रान्तहरूले राजनीतिक पहुँच प्रयोग गरी वित्तीय पुँजी, जग्गा, स्रोत, व्यापार र नियमनकारी निकाय सबैतिर संस्थागत जालो स्थापित गरिसकेका कारण उत्पादनभन्दा बिचौलिया अर्थतन्त्रको विकास भएको अवस्था छ। यस अवस्थामा इमानदार र उद्यमशीलहरू बिदेसिनुको विकल्प नै देखिँदैन।

> जब राजनीतिक, शासकीय, सामाजिक, शैक्षिक, सांस्कृतिक तथा बजारका संस्थाभित्र मेरिट कमजोर हुन्छ, तब अयोग्यले योग्यलाई नेतृत्व गर्न थाल्छ। यसबाट सबै प्रकारका संस्था धराशयी हुन्छन् र योग्यहरूले पलायनको बाटो अँगाल्न पुग्छन्।

श्रम पलायनको सम्बन्धमा राज्यले गम्भीर नीतिगत चिन्तन गर्नैपर्छ। चिन्तनको पहिलो आधार मेरिटको पुनर्जागरण हो। मेरिटलाई शैक्षिक योग्यतामा मात्र सीमित नगरी व्यक्ति र संस्थाको गुणस्तरीय कार्यसम्पादनमा हेरिनुपर्छ भने शासकीय धुरीदेखि भुइँतहसम्म मेरिटको संस्कृतिलाई सुस्थापित गर्नुपर्छ। योग्यता, सिर्जनात्मक श्रम र सत्यनिष्ठाबाट मात्र समृद्धि र विकास सम्भव छ। वर्तमानमा उपलब्ध जनशक्ति, स्रोत र अवस्थामा नै अघि बढ्नुको विकल्प नभएकाले भएकामध्येबाटै योग्यतम छनोट गर्ने र त्यस्ता योग्यलाई संस्थाहरूको नेतृत्व गर्ने पद्धतिलाई राजनीतिक संस्थादेखि नागरिक तहसम्म सुस्थापित गरिनुपर्ने हुन्छ। हाम्रा होइन, राम्रालाई वस्तुगत रूपमा जिम्मेवारी दिने अनुमानयोग्य प्रणालीको निर्माण नै सुधारको प्रस्थानबिन्दु हो। पेसागत विज्ञता हुनुपर्ने र मेरिटमा सञ्चालन हुनुपर्ने समूहलाई राजनीतिक संगठनको एकाइका रूपमा व्यवहार गरिने वर्तमानको बुझाइमा

रूपान्तरण नगरी हाम्रा प्रणाली मेरिटमा आधारित बन्न नसक्ने भएकाले यसको विनिर्माणका लागि राजनीतिक मतैक्यको निर्माण मुख्य प्राथमिकता हो। नेपाली समाजको नकारात्मक सोच, विचारशून्यता र नैतिक स्खलनको तीव्र गतिलाई रोक्न राज्यपक्ष संवेदनशील बन्नुपर्छ। राष्ट्रिय सदाचार नीति र नैतिक पूर्वाधारको निर्माण, विद्यालय तहबाटै नैतिक मूल्य शिक्षाको पुनर्जागरण, श्रम र सिर्जना केन्द्रित शिक्षा, सोच्न सिकाउने सामाजिक र सांस्कृतिक मूल्यहरू, निष्ठामा आधरित राजनीतिक अभ्यासको संस्कृति निर्माण गर्नुपर्ने हुन्छ। राजनीतिक नेतृत्वमा पूर्वीय दर्शनका नैतिकमूल्यहरू र वैज्ञानिक ज्ञानमा आधारित सामाजिक मूल्यहरू सुस्थापित गर्ने राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ।

देशमा उपलब्ध वित्तीय पुँजीलाई सीमित व्यक्तिहरूमा केन्द्रित रहेको वर्तमान अवस्थालाई समतामूलक आर्थिक र मौद्रिक नीतिमार्फत सम्बोधन गरिनुपर्छ। धितो नहुने उद्यमीलाई व्यवसाय प्रस्तावका आधारमा किस्तामा व्यवसायलाई नै धितोमा राखी सुलभ कर्जाको उपलब्धता गरिनुपर्छ भने कृषकलाई कृषिभूमि तथा बाली धितोमा कर्जा उपलब्ध गराउनुपर्ने हुन्छ। उच्च प्रतिफल दिने जलविद्युत् आयोजनामा स्वदेश र विदेशमा बस्ने नेपालीहरूले चाहेजति सेयर लगानी गर्न सक्ने तथा गरिबहरूका लागि सम्बन्धित आयोजनामा काम उपलब्ध गराई कामलाई सेयरमा रूपान्तरण गरिदिनुपर्छ। यसले पनि श्रम पलायनलाई रोक्न सहयोग गर्न सक्छ।

विश्वविद्यालयको शिक्षा प्रणालीले ठूलो रूपान्तरण खोजेको छ। अध्ययनका लागि बिदेसिनेहरूको रोजाइमा रहेका उच्च प्राविधिक र सूचना प्रविधिसँग सम्बन्धित बजारको उच्च माग भएका विशेष कार्यक्रम एक वर्षभित्र सञ्चालन गर्न सकिन्छ। यस्ता कार्यक्रम सरकारको पूर्ण लगानीमा सम्बन्धित विद्यार्थीलाई लोन उपलब्ध गराएर माग भएबमोजिमको संख्यामा सञ्चालन गर्न सकिन्छ। यसबाट अध्ययनका लागि बिदेसिने जनशक्ति स्वदेशमा नै टिकाउन सकिन्छ भने त्यस्ता उत्पादनले स्वदेशमा नै कम्पनीहरू स्थापना गर्न सहुलियत दिँदा रोजगारी सिर्जना हुन्छ। यस कार्यक्रमबाट विदेशमा लामो समय काम गरेका नेपाली मूलका उच्चस्तरको जनशक्तिलाई भिजिटिङ फेलोका रूपमा आकर्षण गर्न सकिन्छ। त्यसैगरी सरकारी परामर्श र प्राविधिक अध्ययन सबै विश्वविद्यालयका सम्बन्धित विभागबाट मात्र गराउनुपर्छ। त्यहाँ नसके मात्र बाहिरी कन्सल्टेन्ट राख्ने कानुनी प्रावधान गरिनुपर्छ। यसो गर्दा विश्वविद्यालय समृद्ध हुन्छ, प्राध्यापक र विद्यार्थीहरूले काम र प्रोत्साहन प्राप्त गर्दा पलायन दर घट्न जान्छ।

उत्पादनशील जनशक्ति केही समयका लागि बिदेसिनु आफैँमा अवसर पनि हो। वित्तीय विप्रेषणसँगै प्राप्त हुने सामाजिक विप्रेषण नै समृद्ध राष्ट्रराज्य निर्माणका लागि वर्तमान समयको ठूलो सम्पत्ति र अवसर पनि हो। विदेशी भूमिमा रहेर ज्ञान, सीप, सोच र पुँजी आर्जन गरेको श्रमशक्तिलाई रिभर्स माइग्रेसनका रणनीतिमार्फत आकर्षित गर्नु नै वर्तमान समयको मुख्य प्राथमिकता हुनुपर्छ। ज्ञान, विज्ञान, नैतिकता, सदाचारिता, सिर्जना र श्रमविना विकास र समृद्धि असम्भव छ। यसका लागि राज्यको सार्थक ऐतिहासिक पहलकदमी अपेक्षित छ।

---

## ३ प्रश्न

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक **रेवतीप्रसाद नेपाल**लाई



**■ अहिले लघुवित्तमा किन संकट देखियो ?**

विगतमा जथाभावी कर्जा लगानी गरियो। आयमूलक या उत्पादनमूलक काममा खासै लगानी भएन। बजारमा पनि शिथिलता देखियो। जसले गर्दा उत्पादन बिक्री भएन। दसैं, तिहारजस्ता चाडपर्वमै पनि अपेक्षित रूपमा खसीबोका र अन्य नगदे बालीसमेत बिक्न सकेनन्। त्यसले गर्दा पनि कर्जा असुलीमा समस्या आयो। फेरि, यो समस्यालाई सामाधानको बाटामा लानेतिर भन्दा ऋणीलाई उचालेर फाइदा लिन खोजियो। समस्यालाई राजनीतिकरण गरियो। आन्दोलन हुन थालेपछि त्यसैका बलमा ब्याज मिनाहा भइहाल्छ कि भनेर पनि कतिले सावाँब्याज नतिरी 'होल्ड' गरेको अवस्था पनि छ। यसले गर्दा पनि संकट बढेको हो।

**■ राष्ट्र बैंकको अध्ययन प्रतिवेदनका सुझाव कार्यान्वयनको अवस्था के छ ?**

कतिपय सुझाव कार्यान्वनमा गइसकेका छन्। सुझावअनुसार कर्जा 'रिसेड्युल' या 'रिस्ट्रक्चरिङ' गर्ने कार्य अघि बढिसकेको छ। ग्राहक संरक्षण कोषको प्रयोग बढेको छ। सचेतना कार्यक्रमहरू सञ्चालन गरिएका छन्। किसान या ऋणीलाई आवश्यक उपकरण, सामग्रीहरू उपलब्ध गराउने काम पनि भइरहेका छन्। व्यवसाय पुनर्स्थापनामा सघाइँदै छ।

**■ समस्या समाधानको बाटो के हो त ?**

यसका लागि सबैभन्दा पहिले किसान या ऋणीलाई आयमूलक या उत्पादनमूलक काममा लगानी गर्न प्रोत्साहित गर्नुपर्छ। ऋणीलाई उचालेर आन्दोलनमा उतार्नेहरूको पहिचान गरी तिनलाई नियन्त्रणमा लिनुपर्छ। समस्याको समाधान आन्दोलनबाट होइन सम्बन्धित कार्यालयबाटै खोजिनुपर्छ।

---

प्रेरक प्रसंग

## चिकित्सक र मेकानिकको संवाद

सहरमा एउटा कार ग्यारेज थियो। सो ग्यारेजका सञ्चालक मनोज नामका एक मेकानिक थिए। उसो त उनी निकै असल मानिस थिए। तर, उनमा एउटा कमजोरी थियो। उनी आफ्नो कामलाई ठूलो र अरूले गर्ने कामलाई सानो ठान्थे।

एक दिन एक मुटुरोग विशेषज्ञ आफ्नो लक्जरी कार लिएर त्यसको सर्भिसिङ गराउन उनको ग्यारेजमा पुगे। कारको सर्भिसिङ गर्दै जाँदा चिकित्सक र मेकानिक मनोजबीच कुराकानी चल्दै गयो। कुराकानीका क्रममा मनोजले आफ्ना ग्राहक मुटुरोग विशेषज्ञ हुन् भन्ने थाहा पाए। उनले तुरुन्तै भने- डाक्टर साब, तपाईं र मेरो काम त एकै प्रकारका पो रहेछ हगि ? चिकित्सकले सोधे- एकै प्रकारको ? त्यो कसरी ? मनोजले जटिल इन्जिन देखाउँदै भने- यो इन्जिन यस कारको मुटु हो। यो कसरी चल्छ, कति समय चल्छ भन्ने राम्ररी जाँचबुझ गरेर म यसलाई खोल्छु, यसका भल्बहरू चेक गर्छु, सफा गर्छु, राम्ररी सर्भिसिङ गर्छु, यसको समस्या समाधान गर्छु र फेरि पहिलेकै स्थानमा जडान गर्छु। तपाईं पनि त यस्तै केही गर्नुहुन्छ नि, होइन र ?



चिकित्सकले खासै केही जवाफ दिएनन्। केवल यत्ति भने- अँ... ! मनोजले प्रश्न गरे- अनि तपाईंले मैले भन्दा १० गुणा बढी पैसा किन पाउनुहुन्छ ? जब कि हामी दुवैले समान काम गर्छौं ? एकैछिन सोचेर मुसुक्क मुस्कुराउँदै चिकित्सकले भने- जे तिमीले गरिरहेका छौ, त्यसलाई चालू इन्जिनमा गरेर हेर, अनि सबै बुझ्नेछौ। मनोजले यसअघि यस्तो कुनै पनि जवाफ झेल्नुपरेको थिएन। अब उनले आफ्नो गल्ती थाहा पाइसकेका थिए।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### सुशासनको अनुभव कहिले ?

लोकतन्त्रदेखि गणतन्त्रसम्म आइपुग्दा जनतामा बेरोजगारी, महँगी र भ्रष्टाचारबाट मुक्त हुन कहिले पाइएला भन्ने प्रश्नले सताउन थालेको छ। जनताले पाउनुपर्ने अधिकार, सुशासन, शान्ति र विकासका लागि नै लामो समयसम्म पटक-पटक संघर्ष गर्दै आएका छन्। लोकतान्त्रिक गणतन्त्रको दोस्रो निर्वाचनबाट चुनिएका जनप्रतिनिधिले कमान सम्हालेको पनि लामै समय बितिसक्यो। तैपनि, जनताले अझै सुशासनको अनुभूति गर्न पाएका छैनन्। देशमा तीन तहका सरकार छन्। सबै तहका सरकारमा जनताबाट निर्वाचित जनप्रतिनिधिको नेतृत्व छ। तैपनि, तिनले जनतालाई महँगी, बेरोजगारी, शिक्षा, स्वास्थ्यलगायत सुविधा उपलब्ध गराउन सकिरहेका छैनन्। भ्रष्टाचार घट्नुको साटो मौलाउँदै गएको छ। जनताले सुशासनको अनुभव गर्ने कहिले ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

### लघुवित्तपीडितको आवाज सुन

सात दिन पैदल हिँडेर काठमाडौं आएका लघुवित्तपीडितले राजधानीको चक्रपथमा प्रदर्शन गरिरहेका छन्। तर, तिनको पीडाबारे सरोकारवाला निकाय कसैले पनि चासो दिइरहेका छैनन्। के ती पीडित नेपाली नागरिक होइनन् ? हुन् भने तिनको पीडाको सम्बोधन राज्यले गर्नुपर्ने होइन ? यदि लघुवित्तले ठीक गरिरहेको छ र कर्जा लिने सर्वसाधारणले गलत गरिरहेका छन् भने उनीहरूमाथि नै नियमअनुसार कारबाही गर्न पनि सक्नुपर्छ। तर, उनीहरू पीडामा छन् भने तिनको आवाज सुन र न्याय देऊ।

● **सुकृत केसी**
थली, काठमाडौं

### महासमितिले बाटो देखाओस्

यतिखेर ललितपुरको गोदावरीमा कांग्रेस महासमिति बैठक चलिरहेको छ। बैठकलाई कांग्रेसले नीति अधिवेशन पनि नाम दिएको छ। त्यसैले, यस बैठकले कांग्रेसको नीति निर्माणसमेत गर्नुपर्नेछ। यतिखेर कांग्रेस नेतृत्व गठबन्धनको विषयमा अलमलिएको छ। निर्वाचनअघि गठबन्धन गर्ने कि नगर्ने भन्ने विषय यतिखेर महासमितिमा तातो बहसको विषय बनेको छ। अब यस विषयमा महासमितिले नै ठोस निर्णय गर्न सक्नुपर्छ। यसमा कुनै टालटुले निर्णय गरेर हुँदैन। या यस विषयमा महासमितिले नै बाटो देखाउनुपर्छ।

● **बलराम मानन्धर**
ठैब, ललितपुर

### पीडितको आवाज कहिले सुन्ने सरकार ?

कानुन बनिसकेर आयोगले सुझाव दिइसके पनि सरकारले न्याय नदिलाएकामा मिटरब्याजपीडित राजधानी आउँदै छन्। २८ जिल्लाका पीडित न्याय माग्न पटक-पटक राजधानी आएका छन्। सरकारले हरेक पटक उनीहरूको माग व्यवस्था गर्दै आएको छ। उनीहरूलाई न्याय दिन भनेर सरकारले आयोग बनायो। आयोगले प्रतिवेदन पनि बुझायो। तर, सरकारले प्रतिवेदनअनुसार कारबाही अघि बढाएन किन भन्ने प्रश्न छ ? कतै ती मिटरब्याजी नेताहरूकै संरक्षणमा त छैनन् ? देशमा लोकतान्त्रिक गणतन्त्र आएको छ। विधिको शासन छ तैपनि गरिब र निमुखा जनतामाथि चौतर्फी शोषण भइरहेको छ। तर, उनीहरूको पीडा सुन्ने यहाँ कोही छैन। एक लाख ऋण लिँदा दश लाखको कागज बनाएर गरिब मार्ने साहुमाथि कारबाही कहिले होला ? गरिबले न्याय पाउने दिन कहिले आउला ? २१ दिनदेखि उनीहरूको गाँस, वास सडकमै भएको छ। समृद्धिका कुरा गरेर नथाक्ने सरकार पीडितको आवाजप्रति किन बेखबर बन्छ ? कतिपय पीडितको भनाइ के छ भने एक लाख ऋण लिँदा घरबार सबै साहुले खाइदियो। अब हामी कहाँ जाने ? आयोगले प्रतिवेदन बुझाएपछि करबाही थाल्नुपर्नेमा किन पटक-पटक सन्त्वना मात्र दिइन्छ ? कोही रहरले राजधानीसम्म पैदलयात्रा गरेर आउँदैनन्। उनीहरू गम्भीर समस्यामा परेकाले केन्द्रीय सरकारलाई गुहारेका हुन्। किन तिनीहरूको आवाज सरकारको कानसम्म पुग्दैन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# शोषणमा आधारित गिग अर्थतन्त्र

## गिग अर्थतन्त्रमा काम गर्ने मानिसको अवस्था र कमाइले स्वरोजगार, लचक कार्यसमय वा 'आफ्नो मालिक आफैँ' भन्ने भाष्यलाई गिज्याउँछ



देश/विदेश

● नासरिन मलिक

अनलाइन अर्डरअनुसार खाना पुर्‍याउने डेलिभरी एप राइडर समयको चर्को चापमा पर्छन्। राइडरहरू खानाको डेलिभरी गर्दा विश्राम गर्ने, नुहाउने, खानेलगायत समयको चापमा परिरहन्छन्। युलिसेस कोइफी गत साताको भ्यालेन्टाइन्स डे हडताल गर्ने समूहका एक राइडर हुन्। कोइफीका अनुसार एक घन्टामा उनी सुरक्षित रूपमा बढीमा तीन डेलिभरी गर्न सक्छन्। यसबाट उनी १२ पाउन्ड मात्रै कमाउँछन्। र, कहिलेकाहीँ उनी त्यति पनि कमाउन सक्दैनन्। डेलिभरी गर्दा आउने हरेक अवरोधले उनको कमाइ घट्छ। सडक मर्मत, व्यस्त रेस्टुरेन्ट र खाना पुर्‍याउनुपर्ने घरको ढोकाअगाडि कुर्नुपर्ने अवस्थाले उनको समय घटाउँछ।

ठूला डेलिभरी एपले राइडरलाई दिने ज्याला मात्रै घटाएका छैनन्, तिनले 'पिक आवर' अर्थात् व्यस्त समयमा दिइने विशेष 'बुस्ट' रकम पनि घटाएका छन्। 'मभन्दा लामो समयदेखि काम गरिरहेका राइडर, जो दिनको १० देखि ११ घन्टा काम गर्छन्, तिनले दिनमा एक सय पाँच पाउन्ड मात्रै कमाउँछन्,' कोइफी थप्छन्। जब राइडरले आफूले थोरै कमाइरहेको र आफ्नो शोषण भएको थाहा पाए, तब तिनले हडताल गरे। हडतालबाट राइडरको ज्याला मात्रै बढ्ने हो, तर तिनको अवस्थामा कुनै परिवर्तन आउनेवाला छैन। नियमितजसो बाइक र मोपेडबाट खानाको चोरी हुन्छ। बिरामी भएर काम गर्न नपाउँदा यी राइडरले कुनै सुविधा पाउँदैनन्। गिग अर्थतन्त्र (अनलाइन डेलिभरीजस्ता रोजगारी भएको व्यवस्था) अन्तर्गतका कम्पनीले 'आफ्नो मालिक आफैँ बन्ने मौका' भनेर विज्ञापन गर्छन्। तर, यसमा काम गर्दा स्वतन्त्रता एवं स्वायत्तता हुन्छ भन्नु भ्रम मात्रै हो।

गिग अर्थतन्त्रमा काम गर्ने मानिसको अवस्था र कमाइले धेरै हल्ला गरिएको स्वरोजगार, लचक कार्यसमय वा 'आफ्नो मालिक आफैँ' भन्ने भाष्यलाई गिज्याउँछ। कार्य समय तब मात्रै लचक हुन्छ, जब तपाईंको कमाइ पर्याप्त हुन्छ। तपाईंलाई कज्याउने मान्छे कार्यालयमा जस्तो हाकिम नहुन सक्छ, तर डेलिभरी राइडर एपको अल्गोरिदमले तपाईंबाट प्रतिबद्धता खोज्छ, तर कुनै प्रत्याभूति दिँदैन। तपाईं निश्चय नै स्वरोजगार हुनुहुन्छ, तर स्वरोजगार हुँदा तपाईंले पेन्सन, बिरामी हुँदाको खर्च, बिदा खर्च, अभिभावकीय बिदा गुमाउनुहुन्छ।

गिग अर्थतन्त्रको नतिजा वा उद्देश्य भनेकै सम्पत्तिको स्थानान्तरण हो। यो व्यवस्थाले व्यक्तिको अधिकारको कटौती गर्छ र यसलाई नाफामा परिणत गर्छ। यदि यसो हुन सकेन भने गिग अर्थतन्त्र नै तहसनहस हुन्छ। जुन कम्पनीको उद्देश्य भनेकै उत्पादन नभई सेवा प्रदान हो भने ती कम्पनी सेवामा लाग्ने लागत घटाउन चाहन्छन्।

यिनै गिग एप बनाउनमा संलग्न 'ब्याकएन्ड'का कर्मचारी अर्थात् इन्जिनियर, वित्तीय कर्मचारी, व्यवस्थापन र प्रशासनमा ठूलै खर्च लाग्ने गर्छ। ब्याकएन्डका लागि कार्यालय, वातानुकूलित व्यवस्था, विद्युत् र घरभाडा आवश्यक पर्छ। रेस्टुरेन्टबाट आउने कमिसन एप कम्पनीको आम्दानीको मुख्य स्रोत हो। तर, एपका राइडर र ड्राइभरले निकै कम कमाउने मात्रै नभई आफूले प्रयोग गर्ने मेसिनको पनि खर्च उठाउनुपर्छ। आफ्ना साधनको बिमा र मर्मत सम्भार मात्रै नगरी राइडरले साधन गुमाउँदा 'आफ्ना लागि आफैँले प्रहरी' बन्नुपर्ने हुन्छ,' कोइफी बताउँछन्। अर्थात् साधन हराउँदा



चित्र : म्याट केन्योन/द गार्डियन

कम्पनीले दिएको ट्र्याक गर्ने डिभाइस पनि आफैँले खोज्नुपर्ने हुन्छ। यस्ता एप कम्पनीको मोडल फल्न फुल्नका लागि यी एपको माग धेरै हुनुपर्छ, अर्थात् यी एप सजिलो, सस्तो र समय जोगाउने हुनुपर्छ ताकि प्रश्न नै नउठोस्।

यहाँनेर ग्राहकलाई दोष लगाउन खोजिएको होइन, किनभने एप कम्पनीमाथि कानुनको व्यवस्था गर्ने ल्याकत ग्राहकमा हुँदैन। कोइफीका अनुसार हडतालका क्रममा धेरै ग्राहकले डेलिभरी शुल्क राइडरलाई प्रत्यक्ष नपुग्ने गरेको थाहा पाएर चकित भएका थिए। एप प्रयोगकर्ता पनि आफ्नै अप्रत्याशित कार्य समय, सार्वजनिक यातायात पूर्वाधार, समय अवरोध र जीविका लागतमा हुने परिवर्तनको अधीनमा छन्। खाना पकाउने वा फुर्सदमा रेस्टुरेन्ट जाने समय पनि एप प्रयोगकर्ताले पाइरहेका छैनन्। बेलायतमा हामी अन्य युरोपेलीका तुलनामा बढी समय काम गरिरहेका छौं र हामीमध्ये आधाभन्दा धेरै मानिस दैनिक आठ घन्टाभन्दा बढी समय काम गर्छन्। यस अर्थमा खाना वा अन्य वस्तु आफ्नै ढोकामा पुर्‍याउने एप प्रयोग गर्न सहज देखिन्छ। जिम्मेवारी विधायिकाको काँधमा छ, जसले शून्य-घन्टा अनुबन्धको कामको वृद्धि र करिब ११ प्रतिशत कार्यबलको असुरक्षित कार्य व्यवस्थाको निरीक्षण गरेका छन्। जब कि लेबर पार्टीको नयाँ प्रस्तावले शून्य-घन्टा अनुबन्धलाई गैरकानुनी बनाउने लक्ष्य राखेको छ, तर लेबर पार्टीले गिग अर्थतन्त्रका श्रमिकको सुरक्षालाई बलियो बनाउने आफ्नो प्रतिबद्धतालाई नरम पारेका छन्। लेबरको प्रस्तावले व्यवसायी अगुवाबाट आलोचनाको सामना गरिरहेको छ, किनभने यी व्यवसायीले कम्पनीमा लागत बढाउनुपर्ने हुन सक्छ।

यो बढिरहेको द्वन्द्वले धेरै व्यवसायको अस्तित्व तिनका श्रमिकलाई मौलिक अधिकार अस्वीकार गर्ने हदसम्म जोडिएको छ। कोइफी यी व्यवसायले आफ्नो व्यवसायको अस्तित्व कर्मचारीको श्रममा निर्भर छ भन्ने बुझेका छन्। डेलिभरी एप व्यापार मोडेलमा शोषण अन्तर्निहित छ। कोइफीजस्ता राइडर आफ्ना हडताल र शोषणको अनुभव साझा गर्दा यो वास्तविकतालाई अस्वीकार गर्न झनै गाह्रो हुन्छ।

*(मलिक गार्डियनकी स्तम्भकार हुन्)*

*द गार्डियनबाट*

# भारतमा जोखिम बन्दै उच्च राजनीतिक ध्रुवीकरण

## यस शताब्दीकै महत्त्वपूर्ण मानिएको आमचुनावको पूर्वसन्ध्यामा भारतको राजनीति अत्यधिक ध्रुवीकृत हुँदा देशभित्र विभाजनकारी प्रवृत्तिले बल पाउने चिन्ता बढेको छ



● एम.के. नारायणन

*लेखक भारतको गुप्तचर निकाय इन्टेलिजेन्स ब्युरो (आइबी)का पूर्वनिर्देशक हुन् ।*

भारतमा १७औँ लोकसभाको समाप्तिले आमचुनावलाई मार्गप्रशस्त गरिदिएको छ। संसद्को अन्तिम सेसन पनि यसअघिका विभिन्न सेसनजस्तै ध्रुवीकृत साबित भयो। सत्तापक्ष र प्रतिपक्ष दुवैले एक-अर्कालाई आरोप-प्रत्यारोप गर्न कुनै कसर बाँकी राखेनन्। यो प्रवृत्तिले देशको संसदीय लोकतन्त्रको भविष्यप्रति नै चिन्ता बढाएको छ। हामी भारतीय लोकतन्त्रको प्रतिरक्षा गर्न र संसदीय अभ्यासहरूको उत्कृष्ट अभ्यास पालना गर्ने मामिलामा अन्य धेरै देशको तुलनामा धेरै भाग्यशाली ठहरिँदै आएका छौँ। संसारका उत्कृष्ट लिखित संविधानमध्ये एक भारतको संविधानमा समावेश भएका मौलिक अधिकारको प्रावधान, नागरिकका मौलिक कर्तव्य र राज्यका नीति तथा निर्देशक सिद्धान्तहरू देशको दिगो लोकतन्त्रको रक्षकका रूपमा उभिएका छन्। तर, पछिल्लो समय संसदीय अभ्यासमा आइरहेको गिरावटले आममानिसलाई लोकतन्त्रलाई दिगो बनाउन संसद्माथि भर पर्न सकिने विषयमा चिन्तित बनाउन थालेको छ।

पछिल्लो परिस्थिति सिर्जना हुनुमा भारतको बाह्य वा आन्तरिक गतिशीलताको कुनै भूमिका छैन। खासमा यी क्षेत्रमा भारत अहिले विगतका कैयौँ दशकको तुलनामा धेरै राम्रो स्थितिमा छ। युक्रेनमा जारी युद्ध, पश्चिम एसियाको उथलपुथल र अन्य यस्तै तनावका कारण विश्वव्यापी राजनीतिक वातावरण धमिलो भएको भए पनि यसले भारतमा प्रतिकूल असर पारेको छैन। चीनको कदमप्रति सतर्कता अपनाउनुपर्ने स्थिति सिर्जना भए पनि यसले तत्काल गम्भीर खतरा उत्पन्न गर्दैन। आन्तरिक समस्यामा फसेको पाकिस्तानबाट पनि भारतलाई अहिले ठूलो खतरा छैन।

आन्तरिक गतिशीलता निःसन्देह अधिक समस्याग्रस्त छ। तर, सौभाग्यवश भारतले हालसालै ठूलो आतंकवादी आक्रमण सामना गर्नुपरेको छैन। यसबाहेक अरू केही आन्तरिक सुरक्षा चुनौती पनि नरहेका होइनन्, तर कुनै पनि सुल्झाउनै नसकिने खालका छैनन्। त्यस्तै उग्र वामपन्थी हिंसा उलेख्य घटेको छ, यद्यपि चुनावी वर्षमा यसको पुनरुत्थान हुने सम्भावनालाई नकार्न सकिँदैन। अहिले भारतको मुख्य चिन्ता देश विगतको तुलनामा विभाजित बन्दै गएको कुराले निम्त्याएको छ। प्रधानमन्त्रीले कंग्रेसमाथि देशलाई 'जाति, भाषा र धर्मको नाममा विभाजन गर्न खोजेको' भन्ने गम्भीर आरोप लगाएका छन्। विपक्षी दलले पनि तिनको तर्फबाट सरकारविरुद्ध विरोधलाई सकेसम्म चर्को बनाए। उनीहरूमाथि विरोधका क्रममा संसदीय अभ्यास र आचरणसम्बन्धी विद्यमान निर्देशिकाको उल्लंघन गरेको आरोपसमेत लाग्यो।

चुनावी वर्षमा राजनीतिक दलबीच आरोप-प्रत्यारोप अप्रत्याशित वा नयाँ होइन। तथापि, पछिल्लो आरोप-प्रत्यारोपमा जुन उग्रता देखियो, त्यसले संसद्ले अझ राष्ट्रको हित गर्दैन। विगतको सौहार्दपूर्ण संसदीय परम्परामा आएको गिरावटले सत्तारुढ दल र प्रतिपक्षी दलबीचको खाडल बढ्दै गएको छ। यो सबैभन्दा खेदजनक कुरा हो।

२१औँ शताब्दीमा भारतमा हुने सबैभन्दा महत्त्वपूर्ण चुनावको रूपमा हेरिएको आमचुनावमा राजनीतिक ध्रुवीकरण चरमचुलीमा पुगेको छ। विभाजनकारी प्रवृत्ति बढ्दै गएका छन्। दलले आफ्ना उम्मेदवार जिताउन र मतान्तर उच्च राख्न उचित-अनुचित जुनसुकै हतकन्डा अपचाउन नहिचकिचाउने प्रवृत्ति देखा पर्दै छ। यस परिस्थितिको सबैभन्दा ठूलो सिकार संघीयता बनेको छ, जसमाथि संविधान निर्माताले सबैभन्दा ठूलो आस्था राखेका थिए। केही पक्ष देशमा बर्सेनि गिर्दो लोकतान्त्रिक अभ्यासको लक्षणको होला, तर मुख्यतः आज केही स्थिति निकै बदलिएको छ। यही कारणले विपक्षी दलभित्रका केही तत्त्वले केन्द्रमा शासन गरिरहेको दलले कुनै कानुनी अवरोधविना संघीय सिद्धान्तको उल्लंघन गरिरहेको आरोप लगाइरहेको छ। विपक्षीहरूले लगाएको आरोपमा क्षेत्रीय दलहरूको भूमिकालाई कमजोर पार्ने उद्देश्यले 'एक राष्ट्, एक निर्वाचन'को अवधारणा अगाडि बढाएको भन्ने आरोपदेखि 'समान नागरिक संहिता' लागू गर्ने प्रयासजस्ता पक्ष समावेश छन्।

नेताहरूको दल छिटो-छिटो बदल्ने अभ्यास भारतीय राजनीतिमा लामो समयदेखि चिन्ताको विषय रहँदै आएको छ। तर, यो काम अहिले एकदम योजनाबद्ध ढंगमा अघि बढ्न थालेको छ। यसले लोकतन्त्र र चुनावी राजनीतिको खिल्ली उडाइरहेको छ। प्रलोभनमार्फत कुनै देशका सदस्यलाई आफूतर्फ तान्ने निरन्तरको प्रयासले सम्पूर्ण निर्वाचन प्रणालीलाई कमजोर बनाउँदै लगेको छ।

यसले भारतको संविधान प्रदत्त विधिमाथिको बलमिच्याइँ कुनै अवरोधविना चलिरहेको र भारतको चुनावी लोकतन्त्र आज चौबाटोमा उभिएको सन्देश प्रवाहित गरेको छ। यो स्थितिका लागि कुनै एक दल जिम्मेवार नभए पनि सत्ताको साँचो हातमा लिएका दल निःसन्देह आफ्नो पक्षमा बढी स्रोत परिचालन गर्न सक्ने स्थितिमा हुन्छन्। यहीसँग अभिन्न रूपमा गाँसिने विषय केही राज्यमा उठेको छ, जहाँ केन्द्रले नियुक्त गरेका गभर्नरबाट संविधानले तोकेका आचरणको उल्लंघन भएको आरोप लागिरहेको छ। केन्द्रले राज्यका नीति र कार्यक्रमको कार्यान्वयनमा अवरोध पुऱ्याउन गभर्नरहरूलाई प्रयोग गरिरहेकोसम्मका आरोप छन्। केही निश्चित अवस्थामा यसले केन्द्र र राज्यबीचको सम्बन्धमा एक खालको विखण्डन निम्त्याइरहेको छ।

यी विकसित परिस्थितिले स्पष्टतः गम्भीर विश्लेषणको माग गर्दछ। केन्द्रमा नियमप्रतिको प्रतिबद्धताको अभाव देखिन्छ। यस अभावले देशको प्रणाली पूर्ण रूपमा उल्टने खतरा छ, जुन संविधानमा आधारित व्यवस्थाको पतन हो। यदि अहिलेकै शैली चलिरह्यो भने हामीले जानेबुझेको अहिलेको संवैधानिक जनादेशअन्तर्गतको प्रजातन्त्र अस्तित्वमा रहनेछैन। यस समस्या सुल्झाउन एक-अर्काको भिन्नतालाई स्विकार्नु पहिलो प्राथमिकता हुनुपर्छ। त्यसपछि सबै कुरा संविधानको मापदण्डअनुरूप चल्नुपर्छ। तेस्रो, स्वार्थ र मूल्यबीचको मिहिन अन्तर्क्रिया व्यवस्थित गर्नु र संविधानप्रतिको दृढ विश्वासलाई पुनः जोड दिनु आधारभूत आवश्यकता हुनेछ। संवैधानिक विधिभित्र सुल्झाउन नसकिने कुनै प्रतिद्वन्द्विता सायद छैनन्। अहिले हामीले जानेबुझेको भारतलाई बचाउने हो भने यी कुरा कार्यान्वयन गर्नु आवश्यक छ।

*- द हिन्दूबाट*

## इतिहासमा आज




**सन् १९८६ :** फिलिपिन्सका तानाशाह फर्डिनान्ड मार्कोसविरुद्ध अन्दोलन सुरु। आन्दोलनले मार्कोसको २१ वर्ष लामो शासन अन्त्य गरेको थियो।

**सन् २०१४ :** युक्रेनमा चलेका युरोमैदान क्रान्तिपछि देशको संसद्ले रुस समर्थक भनिएका राष्ट्रपति भिक्टर यानुकोभिचलाई अपदस्थ गऱ्यो।

**सन् १९९७ :** स्कटल्यान्डको रोसलिन इन्स्टिच्युटले आफूले एक भेडाको वयस्क कोषबाट सिंगो जीवको क्लोन बनाएको घोषणा, डोली नाम दिइएको उक्त भेडा पहिलो सफल क्लोन गरिएको स्तनधारी जीव हो।

## विश्व संक्षेप

### अन्तरिक्षमा आणविक हतियार राख्ने योजना नभएको पुटिनको दाबी

**मस्को**/ रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले मंगलबार अन्तरिक्षमा आणविक हतियार राख्ने मस्कोको कुनै मनसाय नरहेको बताए। गत साता अमेरिकी राष्ट्रपति कार्यालयले रुसले उपग्रह नष्ट गर्न सक्ने हतियार अन्तरिक्षमा राख्न लागेको चिन्ता व्यक्त गरेपछि पुटिनको उक्त भनाइ आएको हो। ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले रुसले त्यस्तो कार्य गरे त्यो बाह्य अन्तरिक्षमा हतियार राख्न नपाउने सन्धिको उल्लंघन हुने बताएका थिए। किर्बीले रुसी हतियार आणविक भए-नभएकोबारे टिप्पणी गर्न अस्वीकार गरेका थिए। रुससहित एक सय ३० भन्दा बढी देशले हस्ताक्षर गरेको एक सन्धिले अन्तरिक्षमा 'आणविक हतियार वा कुनै पनि अन्य प्रकारका सामूहिक विनाशकारी हतियार' तैनाथ गर्न वा 'कुनै अन्य तरिकाले बाहिरी अन्तरिक्षमा हतियार राख्न' निषेध गर्छ। ह्वाइट हाउसले यस विषयमा रुसी अधिकारीसँग सीधै कुराकानी गर्ने बताएको छ। 'हाम्रो स्थिति बिल्कुल स्पष्ट र पारदर्शी छ, हामी सधैँ अन्तरिक्षमा आणविक हतियारको तैनाथीको स्पष्ट रूपमा विरोध गर्दै आएका छौँ र गरिरहनेछौँ,' पुटिनले भने।

### भारतमा किसान आन्दोलन चर्किने

**नयाँदिल्ली**/ बालीको न्यूनतम समर्थ मूल्य तोक्न भएको सरकार र किसानबीचको वार्ता असफल भएपछि भारतीय किसानले बुधबार नयाँदिल्लीतर्फको ऱ्याली पुनः सुरु गर्ने भएका छन्। प्रहरीले गत सातादेखि नै हरियाणा र पन्जाब राज्यको सीमास्थित शम्भूको सानो गाउँनजिकै किसानहरूलाई रोकेर राखेको छ। किसानको ऱ्यालीलाई अगाडि बढ्न नदिन धातुका काँडेदार स्पाइकहरू र कंक्रिट बेरिकेड्सको डरलाग्दो लहर लगाइएको छ। किसान संघहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानुन बनाउन माग गरेका छन्। उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र किसान पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन्। सरकारका मन्त्रीहरू र युनियनबीच वार्ता सुरु भएपछि प्रदर्शनकारीले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायी रूपमा रोकेका थिए। यद्यपि, कैयौँ चरणमा भएका वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ। भारतको एक अर्ब ४० करोड जनसंख्यामध्ये दुईतिहाइ मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन्। मुलुकको कुल गार्हस्थ उत्पादन (जिडिपी) को करिब पाँच भागमा कृषि क्षेत्रको योगदान छ।

## भुल-सुधार

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय हेटौंडा, मकवानपुरको मिति २०८०/११/०८ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको ३५ दिने सूचनामा ऋणी घिमिरे सप्लायर्सको धितो सुरक्षणमा दिलिप शर्माको नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवाननुर जिल्ला, हेटौंडा न.पा वडा नं. ५ स्थित कित्ता नं. ९२१८ को क्षे.फ. ०-०-८ (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल-सुधार गरिएको छ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३/२४३

काठमाडौं सुनचाँदी व्यवसायी संघ
KATHMANDU GOLD AND SILVER DEALERS'ASSOCIATION
क्षेत्रपाटी, स्वाँःछ्पु गणेशस्थान, काठमाडौं, नेपाल।

**२१ औं बार्षिक साधारण सभा तथा सातौं अधिवेशन सम्बन्धी सूचना**

*उपरोक्त सम्बन्धमा काठमाडौं सुनचाँदी व्यवसायी संघको २१ औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशन निम्न मिति, स्थान र समयमा हुन गई रहेकोले सम्बन्धित सम्पूर्ण सदस्य महानुभावहरुको उपस्थिति र सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ। यस अधिवेशनका लागि निर्वाचन सम्बन्धी तालिका यस संघको कार्यालय सूचना पाटीमा टाँस गरिने।*

**सभा हुने मिति, समय र स्थानः**

*सभा हुने मितिः २०८० चैत्र ०३ गते शनिबार।*

*सभा हुने समयः विहान ११:४५ बजे।*

*स्थानः होटल अन्नपूर्ण, दरबारमार्ग, काठमाडौं।*

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/११/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८०/११/२४ गते/स्थान : सम्बन्धित शाखा कार्यालय | २०८०/११/२९ गते, मंगलबार दिनको ३ बजे |

**क्र.सं. शाखा कार्यालय : वाग्दुला, प्यूठान**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : श्री स्वर्गद्वारी झरना ड्रिंकिङ्ग वाटर**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय प्यूठान<br>प्रा.फ.न.घ.उ.वि. १४६४/०७२/०७३<br>दर्ता मिति : २०७२/०६/०१<br>पान नं. ३००५१८८५०, दर्ता मिति : २०५८/०६/३०<br>ठेगाना : प्यूठान जिल्ला, गोठिवाङ्ग गा.वि.स. वडा नं. ६, वाफिपुर<br>**प्रोप्राइटर : गोबिन्द बहादुर खडका** | **नाम : श्री खड्का डिजेल मिल उद्योग**<br>प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय प्यूठान<br>प्रा.फ.र.नं. १०७७/०६७/६८, दर्ता मिति : २०६८/०३/१९<br>पान नं. ६१७०३५१०९, दर्ता मिति : २०७८/०७/०३<br>ठेगाना : प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४, वाफिपुर<br>**प्रोप्राइटर : चित्र मोहन खडका** |

**ऋणी तथा जमानतकर्ताको विवरण**

**नाम : गोबिन्द बहादुर खडका**
ना.प्र.नं. ५७८५, जि.प्र.का. प्यूठान, जारी मिति २०४३/१०/२३
बाबुको नाम : टेक बहादुर, बाजेको नाम : धान बहादुर
ठेगाना : प्यूठान जिल्ला, गोठिवाङ्ग गा.वि.स. वडा नं. ६, वाफिपुर, हाल : प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४, वाफिपुर

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : देवी कुमारी खडका क्षेत्री**<br>ना.प्र.नं. ९/३९, जि.प्र.का. प्यूठान, जारी मिति २०४५/०१/११<br>पतिको नाम : गोबिन्द बहादुर खडका<br>ससुराको नाम : टेक बहादुर<br>ठेगाना : प्यूठान जिल्ला, गोठिवाङ्ग गा.वि.स. वडा नं. ६, वाफिपुर<br>हाल : प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४, वाफिपुर | **२. नाम : चित्र मोहन खडका**<br>ना.प्र.नं. ५३-०३-११-७४-०००६२, जि.प्र.का. प्यूठान<br>जारी मिति २०७४/०४/२७<br>बाबुको नाम : गोबिन्द बहादुर खडका<br>बाजेको नाम : टेक बहादुर<br>ठेगाना : प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४, वाफिपुर |

**धितोको विवरण**

१. गोबिन्द बहादुर खडकाको नाममा मालपोत कार्यालय प्यूठानमा दर्ता श्रेष्ता कायम रहेको प्यूठान जिल्ला, साविक गाठिवाङ्ग गा.वि.स. वडा नं. ६ हाल प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४ स्थित कित्ता नं. १८, ४५५, १०१९ र ८१४ को क्षेत्रफल क्रमशः ३-८-१-१, २-१३-२-२, २४-१४-०-१ र ३-५-०-० रोपनी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. देवी कुमारी खडका क्षेत्रीको नाममा मालपोत कार्यालय प्यूठानमा दर्ता श्रेष्ता कायम रहेको प्यूठान जिल्ला, साविक गाठिवाङ्ग गा.वि.स. वडा नं. ६ हाल प्यूठान जिल्ला, स्वर्गद्वारी न.पा. वडा नं. ४ स्थित कित्ता नं. ८२२ को क्षेत्रफल ५-३-०-३ रोपनी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

**क्र.सं. शाखा कार्यालय : दरभान, प्युठान**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | धितोको विवरण |
|---|---|---|
| १. | **नाम : मक्सुद अलि**<br>ना.प्र.नं. ५३-०३-७३-०२४३३, जि.प्र.का. प्युठान<br>जारी मिति : २०७३/०२/०४<br>बाबुको नाम : रम तुल्ला मिया, बाजेको नाम : वसिर मिया<br>ठेगाना : प्युठान जिल्ला, वांगेसाल गा.वि.स. वडा नं. ४<br>हाल : प्युठान जिल्ला, सरुमारानी गा.पा. वडा नं. १ | मक्सुद अलिको नाममा मालपोत कार्यालय प्युठानमा दर्ता श्रेष्ता कायम रहेको प्युठान जिल्ला, वांगेसाल गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १२९४ क्षेत्रफल ४१४ ब.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : रम तुल्ला मिया**<br>ना.प्र.नं. ६९१, जि.प्र.का. प्युठान<br>जारी मिति : २०४६/०२/१३<br>बाबुको नाम : वसिर मिया, बाजेको नाम : हरमान मिया<br>ठेगाना : प्युठान जिल्ला, वांगेसाल गा.वि.स. वडा नं. ४<br>हाल : प्युठान जिल्ला, सरुमारानी गा.पा. वडा नं. १ | **२. नाम : खुस विरन खातुन**<br>ना.प्र.नं. ५३३०३४/२९९, जि.प्र.का. प्युठान<br>जारी मिति : २०६३/१०/०९<br>पतिको नाम : रम तुल्ला मिया, ससुराको नाम : वसिर मिया<br>ठेगाना : प्युठान जिल्ला, वांगेसाल गा.वि.स. वडा नं. ४<br>हाल : प्युठान जिल्ला, सरुमारानी गा.पा. वडा नं. १ |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : वाग्दुला, प्यूठान, फोन नं. ०८६-४१००३६
दरभान, प्युठान, फोन नं. ९८०२३१४१२८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

Samriddhi Finance
Partnership for Prosperity

## समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**रजिष्टर्ड केन्द्रिय कार्यालयः** हेटौंडा १, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

## धितोमा रहेको चल-अचल सम्पति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८०/११/१०

यस वित्तीय संस्थाबाट तपसिल बमोजिमको धितो राखि, कर्जा लिने तपसिल बमोजिमका ऋणीले यस वित्तिय संस्थालाई समय-समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा एस.एम.एस. मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यसअघि राष्ट्रिय दैनिक पत्रिका मिति २०७९/०८/१५ र मिति २०७९/११/१७ मा कर्जा चुक्ता गर्न आउने ३५ र १५ दिने सार्वजनिक सूचना, मिति २०७९/१२/१० र मिति २०८०/०५/१८ गते धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएता पनि लिलाम हुन नसकी कर्जा चुक्ता नभएकोले पुन तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोहि अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिएको लिखत, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि बमोजिम लिलाम बिक्रि गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गरिने तथा सम्बन्धीत ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरूले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला। उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरी निम्न शर्तहरूको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरू यस वित्तिय संस्थामा १६ औ दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धीत ऋणी, धितोधनि तथा जमानतीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत प्रतिनिधि, सम्बन्धीत ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन। लिलामी कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरू तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| ऋणी तथा धितोको विवरण | कर्जा शीर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| **नामः बेगम रेष्टुरेन्ट (साझेदारी फर्म)**<br>**प्रोपाईटर/पार्टनरः जय कुमार सिंह, दिनेश प्रसाद साह, ध्रुव बहादुर कार्की**<br>ठेगानाः ललितपुर महानगरपालिका वडा नं. २५ भैसेपाटी<br>स्थायी लेखा नं.: ६१५२०३९५३<br>व्यवसाय दर्ता नंः २२६६३/१२९/०७७/०७८<br>**धितोको विवरणः**<br>**ध्रुव बहादुर कार्कीको** नाममा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला बहादुर गन्ज नगर/गा.वि.स. वडा नं.३ सिट नं.३क कि.नं. १३३ क्षे.फ.०-१७-१३-० (वि.क.धु)<br>परिवर्तित ठेगाना : गौशला न.पा वडा नं. ०८ | व्यापारिक अधिविकर्ष कर्जा,<br><br>व्यापारिक आवधिक कर्जा | **नामः ध्रुव बहादुर कार्की**<br>बाजेः चन्द्र बहादुर कार्की<br>बुवाः हस्त बहादुर कार्की<br>ना.प्र.नं.: १९२३/९<br>जारी मिति/जिल्लाः २०४८/१२/१९, ओखलढुङ्गा<br>स्थायी ठेगानाः यसम-०२, ओखलढुङ्गा<br>हालको ठेगानाः बुढानिलकण्ठ-०६, काठमाण्डौ<br>**नामः रेखा कार्की**<br>बुवाः मनहरि खड्का<br>ससुराः हस्त बहादुर कार्की<br>पतिः ध्रुव बहादुर कार्की<br>ना.प्र.नं.: ४४२१<br>जारी मिति/जिल्लाः २०६१/०६/२८, काठमाण्डौ<br>स्थायी ठेगानाः बुढानिलकण्ठ न.पा.-०६ , काठमाण्डौ<br>हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-०६ , काठमाण्डौ<br>**नामः बद्रि बिक्रम कार्की**<br>बाजेः चन्द्र बहादुर कार्की<br>बुवाः हस्त बहादुर कार्की<br>ना.प्र.नं.: १४१/५६८/१०<br>जारी मिति/जिल्लाः २०४६/१०/२५, ओखलढुंगा<br>स्थायी ठेगानाः यसम-०२, ओखलढुंगा<br>हालको ठेगानाः बुढानिलकण्ठ न.पा.-०६ , काठमाण्डौ<br>**नामः दिनेश प्रसाद साह**<br>बाजेः चण्डेश्वर साह<br>बुवाः सुरेन्द्र साह सुँडि<br>ना.प्र.नं.: १८२०७०/९९१<br>जारी मिति/जिल्लाः २०७२/१२/०१, महोत्तरी<br>स्थायी ठेगानाः वेलगाछी-५ , महोत्तरी<br>हालको ठेगानाः गौशल्ला-०८, महोत्तरी<br>**नामः सुरेन्द्र साह सुडी**<br>बुवाः चन्देश्वर साह<br>ना.प्र.नं.: ०५००-१४१४<br>जारी मिति/जिल्लाः २०४४/१२/१०, महोत्तरी<br>स्थायी ठेगानाः बेलगाछी -०५ , महोत्तरी<br>हालको ठेगानाः गौशल्ला-०८, महोत्तरी<br>**नामः जय कुमार सिंह**<br>बाजेः उदिप सिंह<br>बुवाः सुरेन्द्र सिंह<br>ना.प्र.नं.: १८२६३११८<br>जारी मिति/जिल्लाः २०५५/०५/३१, महोत्तरी<br>स्थायी ठेगानाः बर्दिवास न.पा.- १२, महोत्तरी<br>हालको ठेगानाः बर्दिवास न.पा.- १२, महोत्तरी<br>**नामः कविता कुमारी सिंह**<br>बुवाः राम औतार महतो<br>पतिः जय कुमार सिंह<br>ससुराः सुरेन्द्र सिंह<br>ना.प्र.नं.: १८३०६३/८६५<br>जारी मिति/जिल्लाः २०६३/१०/२०, महोत्तरी<br>स्थायी ठेगानाः बर्दिवास न.पा. -१२ , महोत्तरी<br>हालको ठेगानाः बर्दिवास न.पा.-१२ , महोत्तरी |

**लिलाम बोलपत्र सम्बन्धी शर्तहरुः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय पुतलीसडक र शाखा कार्यालय, औरही बाट रू. १,०००।०० (रू. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ। फोटोकपि गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको शाखा कार्यालय औरहीमा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ। प्राप्त बोलपत्रहरू यस वित्तिय संस्थाको शाखा कार्यालय, औरहीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोली पल्ट र सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै समृद्धि फाइनान्सको शाखा कार्यालय, पुतलीसडक र औरही स्थित कर्जा असूलि विभागमा सम्पर्क राखि निरिक्षण गर्न सकिनेछ।
५. अन्य शर्तहरू लिलाम बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरू यसै सूचनाको अभिन्न अंग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० फाल्गुन २४ गते दिनको ३:०० बजे।**

**लिलाम शिलबन्दी बोलपत्र खोलिने मिति : २०८० फाल्गुन २५ गते दिनको ३:०० बजे।**

**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, औरही।**

**सम्पर्क फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९, ०१५-३१८८३८, ०४४-४११०८८।**

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १० फागुन ०८०

# आज बंगलादेशसँग डलरमा विद्युत् खरिद-बिक्री सम्झौता हुँदै

## प्राधिकरणको टोली बंगलादेशमा, प्रतियुनिट ९.३१ रुपैयाँमा पिपिए गर्ने तयारी

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

बंगलादेशमा निर्यात गरिने बिजुलीको खरिद-बिक्रीदर तय गर्न नेपाल विद्युत् प्राधिकरणको टोली बंगलादेश प्रस्थान गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नेतृत्वको टोली बुधबार बंगलादेश गएको हो। टोलीले बिहीबार बंगलादेशको पावर डेभलपमेन्ट बोर्डसँग छलफल गरेर विद्युत् खरिद-बिक्रीदर टुंगो लगाउनेछ। टोलीमा प्राधिकरणका उच्च अधिकारीसहित कानुन तथा विद्युत् व्यापार बिभागका प्रतिनिधिहरू छन्। बिहीबार छलफलले पीपीए दरसँगै भुक्तानी गर्ने समयसीमा, विद्युत् उपलब्ध गराउन नसके हुने पेनाल्टीलगायत बिषयमा पनि सहमति गरिनेछ। ह्विलीङ चार्ज भने बंगलादेशले नै तिर्ने प्रारम्भिक सहमति भएको छ।

बंगलादेशले गत माघ दोस्रो साता ४० मेगावट विद्युत् किन्ने नेपालसँग प्रस्ताव मागेको थियो। त्यसलगत्तै प्राधिकरणले बंगलादेशमा पेस गरेको प्रस्तावमा बिहीबार छलफल गरी अन्तिम रूप दिइने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिए।

'बंगलादेशमा विद्युत् बिक्री गर्न भारतलाईसमेत समावेश गराएर छुट्टै त्रिपक्षीय सम्झौता हुँदै छ। जुन सम्झौता विद्युत् व्यापारसम्बन्धी सर्त तथा प्रावधानमा केन्द्रित हुनेछ,' बंगलादेश प्रस्थान गर्नुअघि उनले भने, 'त्योबाहेक बंगलादेशमा बिक्री गरिने विद्युत्को मूल्य तय गर्न छुट्टै द्विपक्षीय सम्झौता आवश्यक थियो। त्यसपछि खरिद प्रक्रियामार्फत यसको मूल्य तय गर्दै छ। बिहीबारकै छलफलबाट त्यो दर तय हुनेछ।'

बिहीबार तय हुने मूल्यदरलाई बंगलादेशले आफ्नो मन्त्रीस्तरीय बैठक वा मन्त्रिपरिषद्बाट स्वीकृत गर्नेछ। त्यसपछि प्राधिकरण र बंगलादेशको पावर डेभलपमेन्ट बोर्डबीच विद्युत् खरिद-बिक्री सम्झौता हुनेछ।

यस्तै, कार्यकारी निर्देशक घिसिङले त्रिपक्षीय सम्झौता पनि छिट्टै हुने बताए। 'त्रिपक्षीय सम्झौतापत्रको मस्यौदामा नेपाल, भारत र बंगलादेशले सहमति जनाइसकेका छन्। तसर्थ, अब त्रिपक्षीय सम्झौता पनि छिट्टै हुन्छ,' उनले बताए। प्राधिकरण, बंगलादेशको पावर डेभलपमेन्ट बोर्ड र भारतको एनटिपिसी विद्युत् व्यापार निगमबीच त्रिपक्षीय सम्झौता हुनेछ।

नेपाल र बंगलादेशबीच सीमा नजोडिएको कारण दुई देशबीच डेडिकेटेड अन्तरदेशीय प्रसारण लाइन पनि छैन। त्यसैले, तत्काललाई भारतीय प्रसारण लाइन हुँदै बंगलादेश विद्युत् पुऱ्याउने योजना छ। त्यसबापत भारतले ह्विलिङ चार्जबापत केही रकम पाउनेछ।



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भन्छन्-

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit एतोबल रेमिट

### ■ बंगलादेशसँग डलरमा पिपिए गरिने

बंगलादेशसँग तय हुने विद्युत् खरिद-बिक्रीदर (मूल्य) डलरमा तय गरिने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए। प्रतियुनिट सात सेन्ट (बुधबारको विनिमयदरअनुसार ९.३१ रुपैयाँ) हाराहारीमा पिपिए दर निर्धारण हुन सक्ने प्राधिकरणको भनाइ छ। अहिले प्राधिकरणले भारतमा मध्यकालीन मोडेलमा प्रतियुनिट ५.२५ भारु (८.४० रुपैयाँ)मा विद्युत् बिक्री गरेको छ। त्योभन्दा उच्चदरमा बंगलादेशसँग पिपिए हुने घिसिङको भनाइ छ। जिएमआरले नौ सय मेगावाटको अपर कर्णाली जलविद्युत् आयोजनाको पाँच सय मेगावाट विद्युत् बंगलादेशमा बिक्री गर्दै छ। त्यसमा भने बंगलादेशले प्रतियुनिट ७.७१२ सेन्टमा विद्युत् किन्ने गरी जिएमआरलाई ०१९ मै आशयपत्र पठाएको थियो। तर, प्राधिकरणले भने त्योभन्दा कम मूल्यमा पिपिए गर्ने सम्भावना रहेको छ।

### ■ आउँदो बर्खाबाटै विद्युत् बिक्री

आउँदो बर्खाबाटै बंगलादेशमा विद्युत् निर्यात गर्ने योजना प्राधिकरणले बनाएको छ। हरेक वर्ष १ असारदेखि ३० कात्तिक (जुन १५ देखि नोभेम्बर १५)सम्म विद्युत् निर्यात गर्ने बंगलादेशसँग सम्झौता हुनेछ। प्राधिकरणले गएकै बर्खाबाट बंगलादेशमा विद्युत् बिक्री गर्ने योजना बनाए पनि त्रिपक्षीय सम्झौता नहुँदा सफल भएन। 'अब बंगलादेशसँग खरिद-बिक्रीदर तय भइहाल्छ, यो आफैंमा महत्त्वपूर्ण चरण हो। त्रिपक्षीय सम्झौताको मस्यौदामा पनि तीनै देशको सहमति जुटिसकेको छ,' घिसिङले भने, 'अब यसमा ढिलाइ हुँदैन। आउँदो बर्खादेखि बंगलादेशमा विद्युत् निर्यात सुरु हुन्छ। सांकेतिक रूपमा यो नेपालका लागि महत्त्वपूर्ण उपलब्धि हो।'

बंगलादेशमा २३.२८ मेगावाटको त्रिशूली र १९.४० मेगावाटको तल्लो मोदी जलविद्युत् आयोजनाको विद्युत् बिक्री गरिँदै छ। उक्त आयोजनाको बिजुली आफ्नो प्रसारण लाइन हुँदै बंगलादेश लैजान भारतले यसअघि नै स्वीकृतिसमेत दिइसकेको छ। बंगलादेशमा पनि विद्युत् निर्यात गर्न निश्चित आयोजनालाई स्रोत देखाएर भारतबाट पूर्वस्वीकृति लिनुपर्ने भारतीय सर्त छ। योसँगै नेपाल अन्तरदेशीय विद्युत् व्यापारबाट क्षेत्रीय विद्युत् व्यापारमा पनि प्रवेश गर्नेछ। अहिले नेपाल-भारतबीच विद्युत् व्यापार भइरहेको छ। सीमै नजोडिएको बंगलादेशसँग विद्युत् व्यापार हुनु आफैंमा ठूलो उपलब्धि रहेको घिसिङ बताउँछन्।

### ■ बंगलादेशमा विद्युत् व्यापारको घटनाक्रम

नेपाल र बंगलादेशबीच ऊर्जामा सहकार्य गर्न सन् ०१८ मा सहमति भएको थियो। सोहीअनुसार ऊर्जासचिवस्तरीय संयुक्त निर्देशक समितिसमेत गठन भएको थियो। सोही समितिको बैठक हरेक वर्ष बस्दै नेपाल-बंगलादेशबीच विद्युत् व्यापारको अवधारणा अघि बढाइएको थियो। ०७९ भदौमा काठमाडौंमा सम्पन्न ऊर्जासचिवस्तरीय बैठकमा बंगलादेशले कात्तिक ०७९ भित्रै नेपालबाट ४० देखि ५० मेगावाट विद्युत् किन्ने सहमति गरेको थियो। तर, भारतसँग समयमै समन्वयन नहुँदा त्यो सफल हुन सकेन।

गत फागुनमा सम्पन्न नेपाल-भारत ऊर्जा बैठकमा भारतले आफ्नो प्रसारण प्रणालीबाट नेपालको ५० मेगावाटसम्म विद्युत् बंगलादेश लैजान दिने सहमति गरेको थियो। त्यसपछि नेपालले बंगलादेशमा विद्युत् बिक्री गर्न थप प्रक्रिया अघि बढाएको थियो। त्यसपछि गत जेठमा भएको नेपाल बंगलादेश ऊर्जा बैठकमा गएकै बर्खामा विद्युत् व्यापार गर्ने योजना थियो। तर, त्यो सफल भएन।

यद्यपि, यो आउँदो बर्खादेखि बंगलादेशमा विद्युत् निर्यात हुने प्राधिकरणको विश्वास छ। भारतले सहमति जनाइसकेको र बंगलादेश आफैं अग्रसर भएको अवस्थामा यो सम्भव हुने प्राधिकरणको दाबी छ। सन् २०३५ सम्म बंगलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य छ। बंगलादेशले कोइला तथा डिजेल प्लान्टबाट विद्युत् उत्पादन गर्दै आएको छ।

# आयात २.३१ प्रतिशत र निर्यात ७ प्रतिशतले गिरावट

## चालू आर्थिक वर्षको सात महिनामा आठ खर्ब ९८ अर्बको आयात र ८६ अर्ब ८३ करोडको निर्यात

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चालू आर्थिक वर्षको सात महिना (साउनदेखि माघसम्म)मा आठ खर्ब ९७ अर्ब ९४ करोडको वस्तु आयात भएको छ। यो गत आवको सात महिनाको तुलनामा वस्तु आयात २.३१ प्रतिशतले कम हो। बुधबार सार्वजनिक भन्सार विभागको तथ्यांकअनुसार यस अवधिमा २१ अर्ब २२ करोड कम मूल्यका वस्तु आयात भएका छन्। त्यस्तै, निर्यातमा पनि ७.०७ प्रतिशतले गिरावट आएको छ। चालू आर्थिक वर्षको माघसम्म ८६ अर्ब ८३ करोडको वस्तु निर्यात भएका छन्। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६ अर्ब ६० करोड रुपैयाँ कम हो।

देशको व्यापारमा आयातको हिस्सा ठूलो भएकाले व्यापार घाटा केही घटिरहेको छ। गत आर्थिक वर्षको माघसम्म आठ खर्ब २५ अर्ब रहेको व्यापार घाटा यो वर्ष आठ खर्ब ११ अर्बमा सीमित भएको छ। विभागका अनुसार १४ अर्ब ६२ करोडले व्यापार घाटामा कमी आएको छ। निर्यातसँगै आयातमा आएको गिरावटले वैदेशिक व्यापारमा समेत गिरावट आएको छ। कुल वैदेशिक व्यापार १० खर्ब १२ अर्बबाट घटेर नौ खर्ब ८४ अर्बमा झरेको छ।

### ■ भारतबाट आयात भएका प्रमुख वस्तु

नेपालको वैदेशिक व्यापारको प्रमुख साझेदार भारतबाट यस अवधिमा पाँच खर्ब ८७ अर्बको वस्तु आयात भएका छन्। यो कुल आयातको ६१.७८ प्रतिशत हो। भारतबाट आयात हुने प्रमुख १० वस्तुमा डिजेल, पेट्रोल, खाना पकाउने ग्यास, फलामजन्य उत्पादन, औषधि, हवाई इन्धन, फलामको पाता, भटमासको पिना, कोइला र धान छन्।

कुल आयातमै प्रमुख वस्तुको रूपमा रहेको डिजेल भारतबाट ७७ अर्ब ४१ करोड को आयात भएको छ। त्यस्तै, पेट्रोल ३८ अर्ब ८२ करोडको, खाना पकाउने ग्याँस ३० अर्ब ३१ करोडको आयात भएको तथ्यांक छ। विभागका अनुसार २२ अर्ब ६६ करोडको फलामजन्य उत्पादन, १४ अर्ब ९२ करोड औषधि, ११ अर्ब ९८ करोडको हवाई इन्धन र १० अर्ब ७४ करोडको फलामको पाता आयात भएको छ। साथै, भटमासको पिना १० अर्ब २९ करोड, कोइला आठ अर्ब ३८ करोड र धान सात अर्ब ३७ करोड मूल्यबराबरको आयात भएको विभागको तथ्यांक छ। प्रमुख १० वस्तुहरूको कुल आयात दुई खर्ब ३२ अर्बबराबर छन्।

### ■ चीनबाट तीन अर्बको लाइटर भित्रियो

नेपालको कुल आयातमा चीनको हिस्सा ३१.२० प्रतिशत देखिन्छ। चालू आवको माघसम्म चीनबाट एक खर्ब ७३ अर्बको वस्तु आयात भएको छ। चीनबाट आयात हुने प्रमुख १० वस्तुमा स्मार्टफोन, सय किलोवाटभन्दा कम क्षमताका विद्युतीय गाडी, फलामका पाता, रासायनिक मल, धागो, ल्यापटप र नोटबुक, स्याउ, लाइटर, विद्युत् मिटर र फेब्रिक छन्।

विभागका अनुसार ११ अर्ब ८५ करोडको स्मार्टफोन, आठ अर्ब ६५ करोडको सय किलोवाटभन्दा कम क्षमताका विद्युतीय गाडी, आठ अर्ब ११ करोडको फलामका पाता, ६ अर्ब २६ करोडको रासायनिक मल आयात भएका छन्। त्यस्तै, चार अर्ब ४४ करोडको धागो, चार अर्ब २२ करोडको ल्यापटप तथा नोटबुक, चार अर्ब १६ करोडको स्याउ, दुई अर्ब ९३ करोडको लाइटर, दुई अर्ब नौ करोडको विद्युत् मिटर र एक अर्ब ६७ करोडको फेब्रिक आयात भएको तथ्यांकले देखाएको छ।

भारतले आफ्नो मुलुकमा २० भारुभन्दा सस्तो दरका लाइटरमा प्रतिबन्ध लगाएपछि नेपालमा चीनबाट बढी मात्रामा लाइटर भित्रिन थालेको राजस्व अनुसन्धान विभागका अधिकारीहरू बताउँछन्। विभागका एक अधिकारीले भने, 'हामीले चीनबाट अस्वाभाविक रूपमा वृद्धि भइरहेको लाइटर आयातलाई सूक्ष्म ढंगले अनुसन्धान गरिरहेका छौं। भारतमा अवैध तवरले निकासी भइरहेको केही जानकारी आइरहेका छन्।'

### ■ १० मुलुकमा १२ करोडभन्दा बढीको मदिरा बिक्री

नेपालले पछिल्लो सात महिनामा विभिन्न १० मुलुकमा मदिरा तथा बियर निर्यात गरेको छ। यस अवधिमा १२ करोड १० लाख ६७ हजार मूल्यबराबर मदिरा निर्यात भएको छ। नेपालबाट ६ करोड ३४ लाख रुपैयाँबराबरको बियर निर्यात भएको देखिएको छ। नेपालले अस्ट्रेलिया, बेल्जियम, हङकङ, हंगेरी, भारत, जापान र अमेरिकामा बियर निर्यात गरेको छ। नेपाली बियरको बढी माग भारत र अस्ट्रेलियामा छ।

एक करोड ४७ लाखभन्दा बढी मूल्यबराबरका ह्विस्की निर्यात भएको छ। नेपाली ह्विस्की बेल्जियम, हङकङ, भारत र जापान निर्यात भएको तथ्यांकले देखाएको छ।

### प्रमुख व्यापारिक साझेदार मुलुकबाट आउने प्रमुख १० वस्तु

| चीनबाट आयात भएका प्रमुख वस्तु | | भारतबाट आयात भएका प्रमुख वस्तु | |
|---|---|---|---|
| वस्तु | आयात (मूल्यमा) | वस्तु | आयात (मूल्यमा) |
| स्मार्टफोन | ११ अर्ब ८५ करोड | डिजेल | ७७ अर्ब ४१ करोड |
| १०० किलोवाटभन्दा कम क्षमताका विद्युतीय गाडी | आठ अर्ब ६५ करोड | पेट्रोल | ३८ अर्ब ८२ करोड |
| फलामका पाता | आठ अर्ब ११ करोड | खाना पकाउने ग्यास | ३० अर्ब ३१ करोड |
| रासायनिक मल | ६ अर्ब २६ करोड | फलामजन्य उत्पादन | २२ अर्ब ६६ करोड |
| धागो | चार अर्ब ४४ करोड | औषधि | १४ अर्ब ९२ करोड |
| ल्यापटप र नोटबुक | चार अर्ब २२ करोड | हवाई इन्धन | ११ अर्ब ९८ करोड |
| स्याउ | चार अर्ब १६ करोड | फलामको पाता | १० अर्ब ७४ करोड |
| लाइटर | २ अर्ब ९३ करोड | भटमासको पिना | १० अर्ब २९ करोड |
| विद्युत् मिटर | २ अर्ब ९ करोड | कोइला | आठ अर्ब ३८ करोड |
| फेब्रिक | १ अर्ब ६७ करोड | धान | सात अर्ब ३७ करोड |

# कार्यसम्पादन मूल्यांकनमा भरतपुर महानगर उत्कृष्ट

**चितवन**/ कार्यसम्पादन मूल्यांकनमा भरतपुर महानगरपालिका उत्कृष्ट पालिका घोषित भएको छ। देशभरिका ६ महानगरपालिकाभन्दा भरतपुर उत्कृष्ट भएको हो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गत आर्थिक वर्ष ०७९/८० मा गरेको कार्यसम्पादन मूल्यांकनमा भरतपुर महानगर नै पहिलो भएको थियो। आयोगले दिएको जानकारीअनुसार भरतपुरले ५६ दशमलव २९ प्रतिशत अंक प्राप्त गरेको छ।

त्यस्तै, काठमाडौं महानगरपालिकाले ३९ दशमलव ०२, वीरगन्ज महानगरपालिकाले ३३ दशमलव ४९, विराटनगर महानगरपालिकाले ३२ दशमलव ८५, ललितपुर महानगरपालिकाले २५ दशमलव १८ र पोखरा महानगरपालिकाले २० दशमलव ७४ प्रतिशत अंक पाएका छन्।

आगामी आव ०८१/८२ मा संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई प्रदान गर्ने वित्तीय समानीकरण अनुदानको प्रयोजनका लागि आयोगले १० वटा सूचकका आधारमा प्रदेशहरूको मूल्यांकन गरेको छ। विभागले पालिकाले गरेको खर्च, बेरुजु, लेखापरीक्षणले औंल्याएको बेरुजु, स्थानीय सञ्चित कोष व्यवस्था प्रणालीको प्रयोग, आवधिक योजना गरे-नगरेको, राजस्वको विभाजन गरे-नगरेकोलगायतका सूचकमा मूल्यांकन गर्छ। आयोगले विषेश गरेर लेखा प्रणाली र आर्थिक प्रणालीसँग जोडिएर मूल्यांकन गरी नतिजा प्रकाशित गर्छ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय उर्लाबारी, मोरङको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/११/१० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय उर्लाबारी, मोरङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको ल ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलयमा मिति २०७३/०९/२४ मा दर्ता नं. १६१४८६/०७३/७४ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा, वडा नं. ०२ स्थित रजिष्टर्ड कार्यलय रहेको **श्यामल कन्स्ट्रक्सन प्रा .लि. । सञ्चालक - बिमल प्रसाद ढकाल** | १. **नरमाया अधिकारी**को नाममा मालपोत कार्यालय मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, सुनबर्सी, वडा नं. १ स्थित कित्ता नं. ५१८ को क्षेत्रफल १-०-१५-० (वि.क.धु.क) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापात समेत । |

धनि कुमारी बैंक लि. र ऋणी **श्यामल कन्सट्रक्सन प्रा.ली.** कायम भएको तपसिलको सवारी साधन:

| सवारी नं. | चे.नं. | ई.नं. | मोडल | यातायात कार्यालय |
|---|---|---|---|---|
| वा ३ क १०६९ | N639D00051 | 84435603 | Hyundai Excavator R220L Smart 2017 Model | यातायात व्यवस्था कार्यालय, ललितपुर |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. **बिमल प्रसाद ढकाल**
ना.प्र.नं.- ०५१०८६६/१०९
जारी मिति - २०५८/०२/२८, जि.प्र.का. मोरङ
बाबु - अबिनारान ढकाल
बाजे - प्रभुराम ढकाल
स्थायी ठेगाना- मोरङ जिल्ला, अमरदह न.पा, वडा नं. ०४
हालको ठेगाना- सुनसरी जिल्ला, इटहरी उ.म.न.पा, वडा नं. ०४

२. **यज्ञराज चाम्लागाईं**
ना.प्र.नं.- ११६९६
जारी मिति - २०५८/०३/२६, जि.प्र.का. झापा
बाबु - बिष्णु कान्त चाम्लागाईं
बाजे - लक्ष्मीकान्त चाम्लागाईं
स्थायी ठेगाना- झापा जिल्ला, महारानीझोडा गा.वि.स., वडा नं. ०६
हालको ठेगाना- झापा जिल्ला, महारानीझोडा गा.वि.स., वडा नं.०६

३. **नरमाया अधिकारी**
ना.प्र.नं.- ८२३३/३९९
जारी मिति - २०४६/०३/०२, जि.प्र.का. मोरङ
बाबु - अबिनारान ढकाल
बाजे - प्रभुराम ढकाल
स्थायी ठेगाना- मोरङ जिल्ला, सुनबर्षी न.पा, वडा नं. ०१
हालको ठेगाना- मोरङ जिल्ला, अमरदह गा.वि.स, वडा नं.०५

४. **कल्याण विक्रम अधिकारी**
ना.प्र.नं.- ०५३००१-२१८
जारी मिति - २०६३/१०/१०, जि.प्र.का. मोरङ
बाबु - बिष्णु प्रसाद अधिकारी
बाजे - केबलराम अधिकारी
स्थायी ठेगाना- मोरङ जिल्ला, अमरदह गा.वि.स., वडा नं.०६
हालको ठेगाना- मोरङ जिल्ला, अमरदह गा.वि.स., वडा नं.०६

५. **निर्मल अधिकारी**
ना.प्र.नं.- ०५३०६२/१०९६
जारी मिति - २०६३/११/२८, जि.प्र.का. मोरङ
बाबु - डल्लीराम अधिकारी
बाजे - निलकण्ठ अधिकारी
स्थायी ठेगाना- मोरङ जिल्ला, हसनदह गा.वि.स, वडा नं.०८
हालको ठेगाना- मोरङ जिल्ला, हसनदह गा.वि.स, वडा नं.०८

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय उर्लाबारी, मोरङ फोन नं.०२१-५४२०६२

# दुई महिनामै भत्कन थाल्यो कञ्चनपुर-कमला सडकको कालोपत्रे

## गुणस्तरहीन निर्माण भएको स्थानीयको आरोप

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम लोकमार्गको कञ्चनपुर-कमला सडक योजनाको पश्चिम खण्डअन्तर्गत मिर्चैयादेखि पश्चिमतर्फ गरिएको कालोपत्रे भत्किन थालेको छ। कालोपत्रे गरिएको दुई महिना नबिदै ठाउँ-ठाउँमा सडक भत्किन थालेपछि स्थानीयले निगरानी बढाउनुपर्ने माग गरेका छन्। मिर्चैयादेखि करिब एक किलोमिटर पश्चिम मलहनियाँ चोकमा १० दिनअघि गरिएको कालोपत्रे चर्किएपछि मंगलबार निर्माण कम्पनीले उप्काएर पुनः टालेको स्थानीय जितेन्द्रकुमार साहले बताए। उक्त सडक खण्डको मिर्चैयादेखि पश्चिमतिर सौर्या सिमेन्टअगाडि, मलहनियाँ, प्रयागपुर, मेनहर्वा चोक, बगहालगायतका ठाउँमा गरिएको एकतर्फी कालोपत्रे चर्किन थालेपछि उप्काएर कटिङ गरी पुनः टालटुल गरेका छन्।

कर्जन्हा नगरपालिका १० प्रयागपुरका चन्द्रदेव यादवले गुणस्तरहीन काम भएकै कारण कालोपत्रे गरिएको दुई महिना नबिदै ठाउँ-ठाउँमा चर्किएको बताए। 'गुणस्तरहीन निर्माणको क्षति स्थानीय जनता र मुलुकले व्यहोर्नुपर्छ' उनले भने, 'त्यसैले सरकारको सम्बद्ध निकायले कडाइपूर्वक निगरानी गर्नुपर्छ।'

### ■ डेढ किलोमिटर खण्डमा कमजोरी रहेको स्वीकार

एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत गरी कुल आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार लागतमा निर्माण भइरहेको योजनाको पश्चिम खण्ड चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुप कम्पनीले निर्माण गरिरहेको छ।



सडक विभागअन्तर्गत कञ्चनपुर-कमला सडक योजना पश्चिम खण्ड प्राविधिक शाखाका इन्जिनियर सरोजकुमार कोइरालाका अनुसार मिर्चैयादेखि पश्चिमतर्फ करिब डेढ किलोमिटर खण्डका ठाउँ-ठाउँमा समस्या देखिएको स्विकारे। स्थलगत अनुगमनको क्रममा केही ठाउँका सडक चर्किएको फुटेको पाइएपछि परामर्शदातामार्फत निर्माण कम्पनीलाई सचेत गराइएको उनले बताए।

'सप्तरीको कुसहादेखि कमलासम्म कुल ४७ दशमलव चार किलोमिटर खण्डमध्ये २० किलोमिटर खण्ड कालोपत्रे गरिएको छ,' उनले भने 'केही ठाउँमा समस्या कालोपत्रेको काम रोकाएर अध्ययन गर्दै छौं।'

दक्षिण कोरियाको कुन्हवा इन्जिनियरिङ एन्ड कन्सल्टिङ, बंगलादेशको बिसिएल एसोसिएट्स र नेपालको टोटल म्यानेजमेन्ट सर्भिसेज (टिएमएस) प्रालिको ज्वाइन्ट भेन्चर रहेको परामर्शदाता कम्पनीका कर्मचारीले सडक निर्माणमा भएको कमजोरीको विषयमा बोल्न चाहेनन्।

लहान १ मा रहेको परामर्शदाताको कार्यालयका कर्मचारीसँग बुधबार दिउँसो त्यस विषयमा भेटेर कुराकानी गर्ने प्रयास गरिए पनि कसैले भेट्न चाहेनन्।

### ■ पुनः एक वर्ष म्याद थप

सप्तरीको कञ्चनपुरदेखि सिराहा-धनुषा जोड्ने कमला नदीसम्मको ८६ दशमलव ८२ किलोमिटर कञ्चनपुर कमला सडक चार लेनमा स्तरोन्नति गर्ने योजनाको समय एक वर्ष थप गरिएको छ। २९ अक्टोबर २०२० मा सुरु भई २८ अक्टोबर २०२३ भित्र सम्पन्न गर्ने लक्ष्य रहेको भए पनि निर्माण सम्पन्न नभएपछि २३ डिसेम्बर २०२४ सम्मका लागि म्याद थप गरिएको जनाइएको छ। चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुपले सप्तरीको कुसहादेखि पूर्व ३९ दशमलव ४२ किलोमिटर खण्ड सात अर्ब २७ करोड ७६ हजार र पश्चिम खण्ड आठ अर्ब ३८ करोड ९९ लाखमा ठेक्का सम्झौता भएको थियो।

योजनाअन्तर्गत कञ्चनपुरदेखि कमलासम्म ५४ पुल, आठ अन्डरपास र दुईवटा ओभरपास निर्माण हुनेछ। त्यसमध्ये कुसहादेखि कमलासम्मको पश्चिम खण्डमा एक सय १५ मध्ये एक सय १२ वटा कल्भर्ट निर्माण भइसकेको, साना-ठूला गरी २५ मध्ये १४ वटा पुलको ढलान गरिएको, तर एप्रोच सल्याब र रंगरोगन गर्न बाँकी रहेको योजना कार्यालय मिर्चैयाले जनाएको छ।

लहान र मिर्चैया गरी दुई ठाउँमा बन्ने ओभरपासमध्ये मिर्चैयाको डिजाइन विभागमा स्वीकृतिका लागि पठाइएको, तर लहानमा माटो परीक्षण गर्दा केही कमजोरी भेटिएपछि डिजाइन परिवर्तन गर्ने गरी अध्ययन भइरहेको कार्यालयले जनाएको छ।

# भरतपुर भ्रमण वर्ष सफल बनाउन पर्यटन बोर्ड र महानगरबीच सम्झौता

**भरतपुर**/ नेपाल पर्यन बोर्ड र भरतपुर महानगरपालिकाबीच भरतपुर भ्रमण वर्ष २०२४ अभियान सञ्चालनका लागि सहकार्य गर्ने सम्झौता भएको छ। भरतपुर भ्रमण वर्ष प्रवर्द्धनका लागि बोर्डले ७० लाख रुपैयाँ सहयोग गर्ने सम्झौता भएको हो।




भ्रमण वर्ष २०२४ को अभियान सञ्चालनमा लाग्ने अनुमानित कुल खर्च तीन करोड ७० लाख मध्ये बोर्डले ७० लाख रुपैयाँ व्यहोर्ने सम्झौता भएको महानगरले जनाएको छ। पर्या पर्यटन तथा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यशाला, ब्रसोर, स्टिकर, डिजिटल बोर्ड, होर्डिङ बोर्ड, वैदेशिक पर्यटन प्रवर्द्धन, विभिन्न सहरमा प्रचारात्मक कार्यक्रम, नेचर गाइड तालिमलगायतका कार्यक्रम गर्न सो रकम खर्च गरिने सम्झौतापत्रमा उल्लेख छ।

हस्ताक्षरपछि महानगरपालिका प्रमुख रेनु दाहालले भ्रमण वर्षलाई सफल बनाउन बोर्डले गरेको सहयोगको प्रशंसा गरिन्। उनले बोर्डले अभियानलाई सफल बनाउन अहिलेसम्म भएका प्रयोगलाई उच्चतम प्रयोग गरी नमुना काम गर्न अनुरोध गरिन्। भ्रमण वर्षले देशमा भइरहेको आर्थिक मन्दी र त्यसबाट उत्पन्न निराशालाई उत्साहमा परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेमा आशावादी रहेको उनको भनाइ थियो।

बोर्डका वरिष्ठ निर्देशक हिक्मत सिंह ऐरले भ्रमण वर्ष सफल बनाउन निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने बताए। भ्रमण वर्षको आयोजना भरतपुर महानगरपालिकाले गरेको भए पनि निजी क्षेत्रले ल्याउने प्याकेज, सेवा-सुविधा, तत्परताले अभियान सफल हुने उनको भनाइ थियो।

भरतपुर भ्रमण वर्ष सफल बनाउन नेपाल पर्यटन बोर्डले निजी क्षेत्रसँग समवन्य तथा सहकार्य गरी विभिन्न प्रचारात्मक कार्यक्रम अगाडि बढाउने कार्य तालिका रहेको तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचार गर्न विदेशी पत्रकारलाई नेपालमा ल्याउने कार्यक्रम तय भएको उनले जानकारी दिए।

# व्यवसायीसँग समृद्धि फाइनान्सको अन्तर्क्रिया

**काठमाडौं**/ समृद्धि फाइनान्सले व्यवसायीहरूसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ। फाइनान्सको गौर शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हरिपुर नगरपालिकाको पिडारीचोकका स्थानीय व्यवसायीहरूसँग अन्तर्क्रिया गरेको हो।

स्थानीय व्यापार-व्यवसाय गरिरहेका व्यवसायीहरू तथा अन्य बचतकर्ताले फाइनान्सबाट लाभान्वित हुन सक्ने सेवा-सुविधा तथा वित्तीय परामर्शका बारेमा अन्तर्क्रिया गरेको संस्थाले जनाएको छ।

फाइनान्सले उपलब्ध गराउने सुविधाको पूर्ण सदुपयोग गर्नेसम्बन्धी अन्तर्क्रिया गर्दै व्यवसायीसँग बलियो सम्बन्ध निर्माणका लागि गर्नुपर्ने कामका बारेमा मुख्य छलफल भएको जनाइएको छ। ३५ जना स्थानीय व्यवसायी तथा बचतकर्ताको सहभागितामा सम्पन्न कार्यक्रममा साधारण, चल्ती तथा मुद्दती खाता, कर्जा विवरण तथा विद्युतीय बैकिङ सुविधाको विषयमा जानकारी लिनुका साथै पछिल्लो समयमा वित्तीय सेवामा आएका चुनौती, समस्या र समाधानका विषयमा छलफल भएको संस्थाले जनाएको छ।

# १३ सयलाई एनआइसी एसिया लघुवित्तको वित्तीय साक्षरता

**काठमाडौं**/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले एक महिनामा एक हजार तीन सयभन्दा बढीलाई वित्तीय साक्षरतासम्बन्धी प्रशिक्षण दिएको छ। लघुवित्तले माघ महिनामा कोशीदेखि सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका शाखाले प्रशिक्षण दिएका हुन्।

संस्थाका अमहीबेल्हा, गन्जभवानीपुर, लक्ष्मीनिया, सखडा, कविलास, पाँचखाल, मिर्मी, सिरुबारी, चप्परगौडी, खजुरा, सानोश्री, बागचौर, छायाँक्षेत्र, बेलौरी, लालभन्डी, लम्कीचुहा र पाटनलगायतका शाखाले वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको जनाइएको छ। संस्थाले आफ्नो



संस्थागत सामाजिक उत्तरदायित्व कोषअन्तर्गत हालको विषम परिस्थितिलाई मध्यनजर गरी स्थानीय जनप्रतिनिधि, भद्रभलाद्मीको उपस्थितिमा, संस्थामा आबद्ध सदस्य तथा गैरसदस्यलाई दैनिक आम्दानी तथा खर्चको विश्लेषण, वित्तीय सेवासम्बन्धी ज्ञान, भविष्यका लागि बचतको आवश्यकता, बचत गर्ने तरिका, कर्जाको सही सदुपयोग गर्ने तरिका, व्यवसाय व्यवस्थापनजस्ता विषय समेटेर कार्यक्रम गरेको उल्लेख छ।

कार्यक्रममा सहभागीले कर्जाको सदुपयोग कसरी गर्ने, कर्जा लिएर कस्तो प्रकारको व्यवसाय गर्ने, कसरी आम्दानी बढाउने, बचत कसरी बढाउने र खर्च कसरी कम गर्न सकिन्छ भन्ने विषयमा विशेष ज्ञान हासिल गर्न पाएको संस्थाको दाबी छ। संस्थाले हाल दुई सय ८७ शाखामार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको जनाएको छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थि र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सबन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यस सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १) | नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा प्रा.फ.र.नं. १४१०/०६७/६८ अन्तर्गत मिति २०६७/०६/०५ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ४ स्थित **जय माँ सन्तोषी आइरन स्क्रेप्स**<br><br>खुस प्रसाद चौधरी- प्रोप्राईटर तथा जमानीकर्ता<br>स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २<br>बाबु : राम नारायण साह<br>बाजे : छत्रधारी साह | १) रामानन्द साहकी छोरी, राम नारायण साहकी बुहारी, खुस प्रसाद चौधरीकी पत्नि, रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २ बस्ने सुनिता कुमारी साहको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २/घ (हाल जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. २०४३ को क्षेत्रफल ०-०-१० (विगाहा) को घर जग्गा र बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. ४ (हाल जीतपुरसिमरा उ.म.न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८११५ को क्षेत्रफल ०-०-७-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) जय माँ सन्तोषी आइरन स्क्रेप्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

**जमानीकर्ताहरुको विवरण**

| | | | |
|---|---|---|---|
| **१) सुनिता कुमारी साह**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २<br>हालको ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २<br>बाबु : रामानन्द साह<br>ससुरा : राम नारायण साह<br>पति : खुस प्रसाद चौधरी | **२) रिता कुमारी चौधरी**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, दुर्गा भगवती गा.पा. वडा नं. ५<br>हालको ठेगाना : बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २<br>बाबु : राम नारायण साह<br>बाजे : छत्रधारी साह | **३) महेश प्रसाद चौधरी**<br>स्थायी ठेगाना:रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. २<br>हालको ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २<br>बाबु : राम नारायण साह<br>बाजे : छत्रधारी साह | **४) राम नारायण साह**<br>स्थायी ठेगाना:रौतहट जिल्ला, वडहर्वा गा.वि.स. वडा नं. ३<br>हालको ठेगाना: बारा जिल्ला, जीतपुरसिमरा उ.म.न.पा. वडा नं. २<br>बाबु : छत्रधारी साह |

| | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| २) | १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यस्थापन विभाग, वाणिज्य कार्यालय, विराटनगर, मोरङमा प्रा.फ.र.नं. २८६३६ अर्न्तगत मिति २०७३/०६/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, केरावारी गा.पा. वडा नं. २, स्थित **केरावारी किराना**<br><br>**प्रोप्राइटर तथा जमानीकर्ता: मनोज बस्नेत**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, केरावारी गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु : चन्द्र ब. बस्नेत<br>बाजे : देवी बहादुर बस्नेत | १) छत्र बहादुर बरालकी छोरी, देवी बहादुर बस्नेतकी बुहरी, चन्द बहादुर बस्नेतकी पत्नी, मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८ बस्ने गोमा बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी , मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, केरावारी गा.वि.स. वडा नं. २क (हाल मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८) स्थित कित्ता नं.६६७ र ६६६ को क्षेत्रफल क्रमश: ०-०-१७-० र ०-१-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) केरावारी किरानाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

**ऋणीको विवरण**

**२) मनोज बस्नेत**
स्थायी ठेगाना : मोरङ जिल्ला, केरावारी गा.वि.स. वडा नं. २
हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८
बाबु : चन्द्र ब. बस्नेत
बाजे : देवी बहादुर बस्नेत

**जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| **१) कोपिला कट्टेल**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, याङसिला गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु : हरि प्रसाद कट्टेल<br>ससुरा : चन्द्र बहादुर बस्नेत<br>पति : मनोज बस्नेत | **२) गोमा बस्नेत**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु : छत्र बहादुर बराल<br>पति : चन्द बहादुर बस्नेत<br>ससुरा : देवी बहादुर बस्नेत |

| ऋणीको विवरण | धितोको विवरण |
|---|---|
| ३) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगरमा प्रा.फ.र.नं. ३७००७/०७९/८० अर्न्तगत मिति २०७९/०९/२६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, केरावारी न.पा. वडा नं. ८, स्थित **श्री किराना**<br><br>**प्रोप्राइटर तथा जमानीकर्ता: कोपिला कट्टेल**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, याङसिला गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु: हरि प्रसाद कट्टेल<br>ससुरा: चन्द्र बहादुर बस्नेत<br>पति: मनोज बस्नेत | १) छत्र बहादुर बरालकी छोरी, देवी बहादुर बस्नेतकी बुहरी, चन्द बहादुर बस्नेतकी पत्नी, मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८ बस्ने गोमा बस्नेतको नाममा मालपोत कार्यालय बेलवारी ,मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, केरावारी गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कित्ता नं. ८२५ को क्षेत्रफल ०-४-१-१ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।<br>२) श्री किरानाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

**जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| **१) मनोज बस्नेत**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, केरावारी गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु : चन्द्र ब. बस्नेत<br>बाजे : देवी बहादुर बस्नेत | **२) गोमा बस्नेत**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. २<br>हालको ठेगाना : मोरङ जिल्ला केरावारी गा.पा. वडा नं. ८<br>बाबु : छत्र बहादुर बराल<br>पति : चन्द बहादुर बस्नेत<br>ससुरा : देवी बहादुर बस्नेत |

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु**
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-( रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

**पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाममबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तिगौडा,काठमाडौं
बागमती प्रदेश
प्रकाशित मिति: २०८०/११/१०

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction of Ward no–12 Building at Budhanilkantha Municipality को आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयको तपशिल बोलपत्रदाताको न्युनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

| सि.नं. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र PS बाहेक) |
|---|---|---|---|
| १ | NCB/BNP/CW/080_081/07 | Mangmalungma-Shakshyam and Prinsha JV, Sukedhara-4, Kathmandu | **3,16,22,825.75** |

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८०/११/१० गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : तालचोक, कास्की**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०६९/०४/१७ मा दर्ता नं. ५८९६/०६९/०७० कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२, राजाको चौतारा स्थित **दिपेस सुनचाँदी पसल** **प्रोप्राइटर: इन्द्र बहादुर सुनार**

**२. ऋणीको विवरण**

च्याङ्ग्रो सुनारको नाति, धन बहादुर सुनारको छोरा, कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **इन्द्र बहादुर सुनार (ना.प्र.प.नं. ४३०७५, कास्की)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धन बहादुर सुनारको बुहारी, इन्द्र बहादुर सुनारको पत्नी, कास्की जिल्ला, लेखनाथ गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **सरु सुनार (ना.प्र.प.नं. ४६/३/००२/२३३८, कास्की)**
२. च्याङ्ग्रो सुनारको नाति, धन बहादुर सुनारको छोरा, कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **इन्द्र बहादुर सुनार (ना.प्र.प.नं. ४३०७५, कास्की)**
३. चित्रमान थापाको नाति, मनकाजी थापाको छोरा, कास्की जिल्ला, लेखनाथ गा.वि.स./म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **मेष बहादुर थापा (ना.प्र.प.नं. ४६३००२/१७०६, कास्की)**
४. लिले विश्वकर्माको नाति, मोतीलाल विश्वकर्माको छोरा, कास्की जिल्ला, पुम्दीभुम्दी गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **खिम बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ३७०६२, कास्की)**

**नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**शाखा कार्यालय : वितामोड, झापा**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७०/१२/०२ मा दर्ता नं. १२०८७२/०७०/०७१ कायम भई दर्ता भएको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं.६, स्थित **म्याप्स आवास कम्पनी प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धनपती संग्रौलाको नाति, यमनाथ संग्रौलाको छोरा, झापा जिल्ला, दमक गा.वि.स./न.पा. वडा नं. १३, स्थित स्थायी ठेगाना भएको **अन्जनी संग्रौला (ना.प्र.प.नं. २३७०, झापा)**
२. यमनाथ संग्रौलाको बुहारी, अन्जनी संग्रौलाको पत्नी, झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **मोलिसा ओली (ना.प्र.प.नं. २१५२२५५५, झापा)**

**शाखा कार्यालय : बेसीशहर, लमजुङ**

**ऋणीको विवरण**

विन बहादुर वस्नेतको नाति, ललित वस्नेतको छोरा, चितवन जिल्ला, साबिक भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **प्रदिप बस्नेत (ना.प्र.प.नं. १३०७८/०५५, चितवन)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

ललित वस्नेतको बुहारी, प्रदिप बस्नेतको पत्नी, चितवन जिल्ला, साबिक भरतपुर गा.वि.स./उ.म.न.पा. वडा नं. १२ स्थित स्थायी ठेगाना भएको **मञ्जु भण्डारी बस्नेत (ना.प्र.प.नं. ३५१०२५/५२८८, चितवन)**

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १० फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

# नेपाल फेरि ब्याटिङमा चुक्यो



आइसिसी विश्वकप लिग-२ मा नामिबियाका खेलाडीसँग अंकमाल गर्दै नेपालका ललित राजवंशी । तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ अन्तर्गत बुधबार चौथो खेलमा त्रिवि क्रिकेट मैदानमा नेपाल र नामिबियाबीचको प्रतिस्पर्धा नयाँ पिचमा खेलाइएको थियो । यसअघिको त्रिवि मैदानको नियमित पिचमा सुरुवात ब्याटिङ गर्ने टोलीले पूरै ५० ओभर खेल्न सकेनन् । सिरिजको चौथो खेलमा नयाँ पिच प्रयोग हुँदा पहिलो ब्याटिङ गर्ने टोलीले पूरै ओभर खेल्ने अपेक्षा थियो । नेपालका कप्तान रोहितकुमार पौडेलले टस हारे । नामिबियाले घरेलु टोलीलाई ब्याटिङको निम्तो दियो । यद्यपि, नेपालको सुरुमै ब्याटिङ गर्ने योजना सफल भयो । तर, ब्याट्सम्यानले जिम्मेवारीपूर्वक ब्याटिङ गर्न नसक्दा नेपाल ३७.१ ओभरमा एक सय ६८ रनमा समेटियो ।

सहज लक्ष्य पछ्याएको नामिबियाले जित निकाल्न धेरै कोसिस गर्नुपरेको थियो । निर्णायक क्षणमा विकेट पतन हुँदा खेल बराबरीको अवस्थामा जस्तै थियो । तर, प्रतिओभर ३.३८ रन आवश्यक परेको पिचमा नामिबियाका मध्यक्रमका ब्याट्सम्यानले संयमित हुँदै ब्याटिङ गरेका थिए । यसै प्रदर्शनका कारण नामिबियाले ४० ओभरमा आठ विकेट गुमाएर नेपालमाथि ६० बल अगाडि नै दुई विकेटको रोमाञ्चक जित निकाल्यो । सिरिजमा नामिबियाले लगातार नेपालमाथि दोस्रो जित निकाल्दै तालिकामा शीर्ष स्थानमाथि कब्जासमेत जमाउन सफल भयो ।

नामिबियाले तीन खेलमा चार अंक बटुलेको छ । नामिबियाले दुई जित र एक हार निकालेको छ । घरेलु टोली नेपालले समान खेलमा दुई हार र एक जितका साथ दुई अंक बटुलेको छ । नेपाल दोस्रो स्थानमा छ । एक खेल कम खेलेको नेदरल्यान्ड्स दुई अंकका साथ तेस्रो स्थानमा छ ।

## आसिफको १२औँ अर्धशतकीय इनिङ्स

ओपनरद्वय कुशल भुर्तेल र आसिफ सेखले सुरुको पाँच ओभरमा उत्कृष्ट ब्याटिङ गरेका थिए । दुवैले अनावश्यक सट रोजेनन् । उनीहरूले मौका प्राप्त हुँदा बाउन्ड्री लगाए । सेख र भुर्तेल क्रिजमा सेट हुन लागेको समयमै नामिबियाका कप्तान ग्रेहार्ड रास्मुसले बलिङ परिवर्तन गरे । नयाँ बलर बर्नान्ड स्कोट्जले आफ्नो पहिलो ओभरमै विकेट लिँदै नेपालमाथि दबाब राखे । भुर्तेलले १६ बलमा तीन चौकाको सहयोगमा १८ रन बनाए । भुर्तेल आउट भएको ओभरमै अनिल साह पनि एलबिडब्लूको धरापमा परे । एकै ओभरमा दुई विकेट गुम्दा नेपाल दबाबमा पऱ्यो । ७.६ ओभरमा ब्रसेलले देव खनाललाई विकेट पछाडि ग्रिनबाट क्याच आउट गराए । अनिल र देवले रन नै जोडेनन् ।

देव आउट हुँदा नेपाल ४३/३ को स्थितिमा थियो । कुशल मल्ल र सेखले चौथो विकेटका लागि ५७ रनको साझेदारी गरे । एकदिवसीय करिअरमा १२ औँ अर्धशतकीय इनिङ्स लगाएसँगै सेखले आफ्नो विकेट स्कोल्टजलाई दिन पुगे । उनले ६४ बलमा आठ चौका र एक छक्का प्रहार गरी ५८ रन बटुले । कुशल र भीम सार्कीबीच गतिलो साझेदारी भयो । कुशलले ५२ बलमा तीन छक्का र एक चौका सहयोगमा ३६ रन बनाए । भीमको विकेट जाँदा नेपाल ३४.५ ओभरमा १५५-८ को नाजुक स्थितिमा रहेको थियो । भीमले ३६ बलमा तीन चौका प्रहार गरी २६ रन बनाए । करण केसीले १२ बलमा समान एक चौका र छक्का प्रहार गरी १२ रन जोडे । बलिङमा बर्नान्ड स्कोल्टजले १० ओभरमा दुई मेडन राखी चार विकेट लिए ।

## नेपाल अब विश्वकपमा केन्द्रित हुने

आइसिसी विश्वकप लिग-२ मा नेदरल्यान्ड्ससँगको खेलसँगै नेपालको एकदिवसीय टोलीले लामो समय रेस्ट पाउनेछ । यसबीच नेपालले अमेरिका र वेस्ट इन्डिजले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी पुरुष टी-२० विश्वकपको तयारी गर्नेछ । नेपालका प्रशिक्षक देसाईले टी-२० विश्वकप केन्द्रित भएर प्रशिक्षण हुने बताएका छन् । 'एकदिवसीय वा टी-२० फर्म्याटले प्रदर्शनमा केही पनि फरक पर्दैन, खेलाडीहरू अब एकदिवसीयपछि टी-२० मा केन्द्रित हुनेछन्,' नामिबियासँग दुई विकेटले पराजित भएपछि उनले भने । नेपालले लिग-२ अन्तर्गत अर्को सिरिज सेप्टेम्बरमा खेल्नेछ ।

## हारको जिम्मेवारी लिन्छु

**रोहित पौडेल, कप्तान, नेपाल**



नामिबियाविरुद्धको दोस्रो खेलमा म आफू नै शून्यमा आउट भएँ । यसले मलाई निराश बनायो । नेपालको हारको जिम्मेवारी म स्वयं लिन्छु । हामीले सोचेजस्तो सुरुवात गर्न सफल भयौँ । हामीले पावर प्लेमा राम्रो विकेटका साथ अगाडि बढ्यौँ । म र दीपेन्द्र दाइको विकेट पतनसँगै टोलीमाथि दबाब भयो । यस पिचमा हामीले कम्तीमा २०० देखि २५० रन बनाउनुपर्ने थियो । स्कोर बोर्डमा जति योगफल थियो, त्यो रक्षा गर्न काफी भएन । क्रिकेटमा केही अनुमान गर्न सकिँदैन । जितका लागि नामिबियाले पनि मिहिनेत गरेको थियो । उनीहरूको तयारी निकै राम्रो छ । हाम्रा बलरले जितका लागि शतप्रतिशत मिहिनेत गरेका थिए । ब्याटिङमा केही कमजोरी भएका कारण नै नेपाल पराजित भएको हो ।

## तीन विकेट गएपछि दबाब बढ्यो

**मोन्टी देसाई, प्रशिक्षक, नेपाल**



यस पिचमा हामीले पहिला ब्याटिङको योजना बनाएका थियौँ । सुरुमा योजना सफल भएको थियो । हामीले पाँच ओभरमा राम्रो सुरुवात गर्‍यौँ । ओपनर कुशल आउट भएपछि अनिल पनि दुर्भाग्यवश आउट हुन पुगे । खेलमा यस्तो भइरहन्छ । १० ओभरको पहिलो पावरप्लेमा तीन विकेट गुमेपछि दबाब सुरु भएको थियो । त्यसपछि कुशल मल्ल र आसिफ शेखले राम्रो साझेदारी गरे । कप्तानसहित अन्य मुख्य ब्याट्सम्यानले आफ्नो भूमिकामा केन्द्रित हुन नसक्नु नै कमजोरी पक्ष हो । वास्तवमा आरिफ शेखलाई बेन्चमा राख्ने निर्णय गाह्रो रहयो । आजको खेलमा करण केसीलाई राख्ने योजनाअनुरूप नै आरिफ बाहिरिएको हो । दोस्रो इनिङमा नेपालले बलिङ र फिल्डिङमा राम्रो प्रदर्शन गरेको थियो । तर, स्कोर बोर्डमा पर्याप्त योगफल भएन ।

## मध्यक्रमले सम्हालिएको नामिबिया

नामिबियाको सुरुवात पनि गतिलो हुन सकेन । इनिङ्सको ४.१ ओभरमा नामिबियाले दुई विकेट गुमाएको थियो । निकोलास डविन र ज कोटजेको विकेट गुम्दा नामिबिया १७-२ को स्थितिमा रहयो । त्यसपछि माइकल भान र रास्मुसले तेस्रो विकेटका लागि ५२ रनको साझेदारी गरे । माइकल सेखबाट स्टम्पिङ भए । उनले ३४ बलमा दुई छक्का र चार चौका प्रहार गरी ३१ रन बनाए ।

नामिबियाको ब्याटिङमा कप्तान रास्मुसले कप्तानी इनिङ खेले । उनले ५६ बलमा दुई छक्का र आठ चौका प्रहार गरी ५२ रनको योगदान दिए । मध्यक्रममा जे स्मिटले नटआउट रही ६६ बलमा ३४ रन बनाए । उनले दुई छक्का र एक चौका प्रहार गरे । नेपालका बलरले अन्तिमसम्म पनि नामिबियाका ब्याट्सम्यानमाथि दबाब राख्ने कोसिस गरेका थिए । कुशल भुर्तेलले ५ ओभरमा २८ रन खर्चेर तीन विकेट लिए । दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल, ललित राजवंशी र कुशल मल्लले समान एक विकेट लिए ।

# मकवानपुरमा एपिएफलाई दोहोरो उपाधिको अवसर

### दुई साताको अन्तरमा विभागीय टोली एपिएफ दोस्रोपटक मकवानपुरमा आयोजित गोल्डकपको फाइनलमा



टूफीका साथ मच्छिन्द्र र एपिएफका प्रशिक्षकसँगै कप्तान

**मकवानपुरमा** पोष्टराज अधिकारी

विभागीय क्लब नेपाल एपिएफलाई दुई साताको अन्तरमा मकवानपुरमा दोस्रो उपाधि जित्ने अवसर प्राप्त भएको छ । छैटौँ बागमती गोल्डकप फुटबलको बिहीबार हुने फाइनलमा एपिएफ र मच्छिन्द्र फुटबल क्लबबीच प्रतिस्पर्धा हुँदै छ । दुवै टोली पहिलोपटक फाइनल पुगेका हुन् । गत २७ माघमा एपिएफले मकवानपुर गोल्डकप फुटबलको फाइनलमा एनआरटीलाई हराउँदै सिजनकै पहिलो उपाधि जितेको थियो । बागमती गोल्डकपमा फाइनल पुगका दुवै टोलीका कप्तान तथा प्रशिक्षकले उपाधि जित्ने दाबी गरेका छन् । आज हुने फाइनल खेलको नतिजाले नयाँ विजेता पाउनेछ ।

यसअघि, पूर्वविजेताहरू हरिहरपुरगढी, सरस्वती युवा, श्री स्टार र भुट्निज स्पोर्टस् क्लबले यसपटक सहभागिता जनाएनन् । तेस्रो संस्करणको उपाधि विजेता जावलाखेल युवा क्वार्टरफाइनलमा मच्छिन्द्रसँग पराजित भएको थियो । उपाधिको दाबेदार मानिएका एनआरटी, चर्च ब्वाइज र त्रिभुवन आर्मी क्लब फाइनलसम्म पुग्न सकेनन् । सेमिफाइनलमा एपिएफले त्रिभुवन क्लबलाई १-० र मच्छिन्द्रले एनआरटीलाई ५-१ ले हराएका थिए ।

०७४ देखि सुरु भएको गोल्डकपको पहिलो उपाधि मकवानपुरको छिमेकी जिल्ला सिन्धुलीको हरिहरपुर गढी गाउँपालिकाले जितेको थियो । त्यसपछि सरस्वती, जावलाखेल, श्री स्टार र भुट्निज स्पोर्टस् क्लबले उपाधि हात पारेका थिए ।

## फाइनलको तयारी पूरा

प्रतियोगिताको फाइनलमा पुगेका एपिएफ र मच्छिन्द्रले फाइनलको तयारी पूरा भएको बताएका छन् । उपाधि भिडन्तको एक दिनअघि बुधबार प्रिपोस्ट कन्फ्रेन्समा एपिएफका टिम म्यानेजर सुशील अधिकारीले आफूहरू उपाधि जितेमा विश्वस्त रहेको बताए । 'हामी यहाँ उपाधिका साथ फर्कने छौँ, दुई हप्ताअघि मकवानपुर गोल्डकप जितेका थियौँ,' अधिकारीले भने, 'सबै खेलाडी फर्मामा छन् ।'

मच्छिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले प्रतियोगिताको उपाधि जित्नका लागि राम्रो तयारी गरेको बताए । उनले एपिएफविरुद्ध अट्याकिङ खेल्ने जनाए । 'सुरुवातदेखि नै एट्याकिङ खेल्दै अग्रता लिने प्रयास हुनेछ, खेलमा विपक्षीमाथि दबाब राख्ने योजना छ,' न्यौपानेले भने ।

## विजेताले १० लाख पाउने

मकवानपुरको बागमती गाउँपालिकाको खेलकुद विकास समितिले आयोजना गरेको गोल्डकपको विजेताले १० लाख रुपैयाँ पाउनेछ । उपविजेता टोलीले पाँच लाख रुपैयाँ पाउनेछ । गत वर्षको विजेताले ८ लाख रुपैयाँ पाएको थियो । यसपटक विजेता धनराशी वृद्धि गरिएको आयोजकले जनाएको छ । प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । अन्य विधागत उत्कृष्टहरूले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## खेल संक्षेप

### गोर्खाली रग्बीको दोस्रो जित



**काठमाडौं**/ फिफ्टिन्स रग्बी लिगमा गोर्खाली रग्बी क्लबले लगातार दोस्रो जित निकालेको छ । दशरथ रंगशालामा लिग चरणको दोस्रो खेलमा गोर्खाली रग्बीले एपिएफ क्लबलाई पराजित गरेको हो । गोर्खालीले एपिएफलाई ४९-२० को स्कोरमा हरायो । गोर्खाली ६ स्कोरका साथ शीर्ष स्थानमा उक्लिएको छ । एपिएफ ४ अंकसहित तेस्रो स्थानमा झरेको छ । दोस्रो खेलमा त्रिभुवन आर्मी क्लबले नेपाल पुलिस क्लबलाई ५३-७ को फराकिलो अन्तरले हराएको छ । आर्मीले प्रतियोगितामा पहिलो जित दर्ता गरेको हो । आर्मी चार अंकका साथ दोस्रो स्थानमा उक्लिएको छ । एपिएफसँग समान अंक भए पनि आर्मी स्कोरका आधारमा अगाडि रहेको हो ।

### काष्ठमण्डप सेमिफाइनलमा

**काठमाडौं**/ आयोजक लोयल्टी 'बी' र काष्ठमण्डप १२औँ लोयल्टी कप यू-१३ अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा बुधबार सेमिफाइनलमा प्रवेश गरेका छन् । लोयल्टी 'बी'ले ब्रह्मकुञ्जलाई टाइब्रेकरमा ३-२ गोलले पराजित गऱ्यो । काष्ठमण्डपले काव्यालाई ६-१ को फराकिलो गोलअन्तरले हरायो । काष्ठमण्डपका विशांक कार्कीले ह्याट्रिक गरे । पिस प्वाइन्ट र चेल्सी वर्ल्ड स्कुलले पनि अन्तिम चारको स्थान पक्का गरेका छन् । पिस प्वाइन्टले नेपाल पुलिस स्कुललाई ३-१ ले पाखा लगायो । पिस प्वाइन्टका हिमाल थिब्ले ह्याट्रिक गरे । चेल्सीले इस्टपोललाई टाइब्रेकरमा ३-२ गोलले पन्छायो । निर्धारित समयको खेल २-२ गोलको बराबरीमा सकिएको थियो ।

### ज्ञानोदयले बौद्धलाई हरायो

**काठमाडौं**/ ज्ञानोदय द चाँदवाग स्कुल दोस्रो कम्फेस्टअन्तर्गत यू-१२ पुरुष बास्केटबलमा बुधबार सेमिफाइनलमा प्रवेश गरेको छ । ज्ञानोदयले बौद्ध चिल्ड्रेन हेभनलाई ९-८ ले पराजित गऱ्यो । प्यारागनले जेभियर इन्टरनेसनललाई २०-७ ले हरायो । गुहेश्वरीले बिडिएसलाई १०-२ र मनास्लुले होली भिजनलाई १४-६ ले हराउँदै अन्तिम चार स्थान पक्का गरे । यू-१२ महिला बास्केटबलमा निसर्ग वाटिकाले लिटिल वन्डरलाई ५-२ ले हरायो । यू-१२ पुरुष फुटबलमा चाँदवाग 'बी' ले लिटिल वन्डरलाई टाइब्रेकरमा ५-४ ले निराश पाऱ्यो । जेभियरले संस्कृतिलाई २-१ र बोधीसदनले एलआरआईलाई ३-० ले हराए ।

### गोल्डेन बड अन्तिम आठमा

**काठमाडौं**/ गोल्डेन बड आठौँ अर्किड कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बुधबार क्वार्टरफाइनलमा प्रवेश गरेको छ । आयोजक अर्किडको मैदानमा गोल्डेन बडले मिलन धर्मस्थलीलाई ३-१ ले पराजित गऱ्यो । श्री सञ्जय साही, अक्षरिका, गेटवे र बाल गीताञ्जली पनि अन्तिम आठमा पुगेका छन् । गेटवेले नेक्ससमाथि २-१ को जित निकाल्यो । बाल गीताञ्जलीले श्रमशील विद्यापीठलाई पेनाल्टी सुटआउटमा ५-० ले हरायो ।

# एम्बाप्पे रियल म्याड्रिडमा आबद्ध हुने पक्का

**पेरिस**/ फ्रान्स तथा पेरिस सेन्ट जर्मेन (पिएसजी)का स्ट्राइकर केलियन एम्बाप्पे स्पेनिस क्लब रियल म्याड्रिडसँग अनुबन्धित हुने पक्का भएको छ । एम्बाप्पेले आउने जुलाईदेखि म्याड्रिडसँग सन् २०२९ सम्म सम्झौता गर्ने गरी सहमति गरेको बेलायती समाचार एजेन्सीले जनाएका छन् । पिएसजीले मंगलबार विज्ञप्तिमातर्फ एम्बाप्पेले क्लबसँग सम्झौता नवीकरण नगरेको जनाएको छ । एम्बाप्पेलाई म्याड्रिडले लामो समयदेखि अनुबन्धको प्रयास गरिरहेको थियो । सन् २०१८ मा मोनाकोबाट १८० मिलियन युरो ट्रान्सफर फिमा एम्बाप्पे पिएसजीमा अनुबन्ध भएका थिए । त्यसवेला उनी १८ वर्षका थिए ।

**प्रत्येक सिजन १२.८ मिलियन पाउन्ड पाउने सर्तमा फ्रान्सका स्ट्राइकर केलियन एम्बाप्पे स्पेनिस क्लब रियल म्याड्रिडमा जुलाईदेखि आबद्ध हुने**

खेलाडी किनबेचको सिजनमा म्याड्रिडले पिएसजीमा एम्बाप्पे भित्र्याउन राम्रो प्रस्ताव पठाउने गर्थ्यो । तर, पिएसजी र स्वयं एम्बाप्पेले म्याड्रिडको प्रस्ताव अस्विकार गर्दै आइरहेका थिए । यसपटक म्याड्रिड एम्बाप्पे भित्र्याउन सफल भएको छ । सन् २०२२ मा फ्रेन्च खेलाडीले पिएसजीसँगको सम्झौता सकिँदा पनि पिएसजीमै बस्ने निधो गरेका थिए । यसपटक म्याड्रिडले दुई वर्षअघिको प्रस्तावभन्दा थप गरेको छ । म्याड्रिडले एम्बाप्पे भित्र्याउन प्रत्येक सिजनमा १२.८ मिलियन पाउन्ड प्रस्ताव राखेको छ ।

यसैगरी, दुई पक्षबीचको सम्झौता रकम एक सय २८ पाउन्ड मिलियन रहेको एजेन्सीले जनाएको छ । म्याड्रिडका प्रशिक्षक कार्लो एन्सेलोटीले एम्बाप्पेको आगमनमा टोलीको फिनिसिङ लाइन सर्वाधिक बलियो हुने बताएका छन् । 'सम्भवतः फ्रेन्च खेलाडीको आगमनले हाम्रो फिनिसिङ पक्ष थप बलियो हुनेछ,' एन्सेलोटीले भने, 'यसअघि पनि हामीहरूको अग्रभाग बलियो नै थियो, तर एम्बाप्पे आउँदा थप मजबुत हुनेभयो ।' वर्तमान समयमा म्याड्रिडमा इंग्ल्यान्डका मिडफिल्डर जुडे बेलिंघम तथा ब्राजिलियन युवा खेलाडी भिनिसी जुनियरले फिनिसिङ पक्ष सम्हालिरहेका छन् ।



## ग्रिनल्यान्ड र हिमरश्मिलाई उपाधि

**काठमाडौं**/ ग्रिनल्यान्ड, हिमरश्मि र विल्सन एकेडेमीले प्रथम किङडम हिमालयन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि बुधबार जितेका छन् । ग्रिनल्यान्ड सिनियर महिला, हिमरश्मि जुनियर पुरुष र विल्सन सिनियर पुरुषमा च्याम्पियन बनेका हुन् । प्रतियोगिताको सिनियर महिलाको फाइनलमा ग्रिनल्यान्डले फेरिल्यान्डलाई २१-१० ले पराजित गऱ्यो । जुनियर पुरुषको उपाधि भिडन्तमा हिमरश्मिले भ्याली पब्लिकलाई २६-२५ को साँघुरो अन्तरले हरायो । सिनियर पुरुषमा विल्सनले इडेन ब्रिज एकेडेमी (इबिए) लाई ४३-३७ ले पाखा लगायो । सिनियर पुरुषमा विल्सनका अनुप मगर, सिनियर महिलामा ग्रिनल्यान्डकी बिहानी राई र जुनियर पुरुषमा हिमरश्मिका आयुष पोखरेल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । सिनियर पुरुषमा किङडम हिमालयनका छेवाङ लामा, सिनियर महिलामा किङडमकै छिरिङ लामा र जुनियर पुरुषमा भ्याली पब्लिकका आर्यन गुरुङ उत्कृष्ट 'थ्री प्वाइन्टर' चुनिए ।

यसैगरी, सिनियर पुरुषमा ग्रिनल्यान्डका सुहान भण्डारी, सिनियर महिलामा फेरिल्यान्डकी कृतिका कटुवाल र जुनियर पुरुषमा किङडमका छिमे रिन्जेन लामा प्रतियोगिताकै सर्वाधिक स्कोरकर्ता बने । सिनियर पुरुषमा प्राञ्जली, सिनियर महिलामा किङडम हिमालयन र जुनियर पुरुषमा ह्वाइट माउन्टेनले अनुशासित टिमको उपाधि हात पारे । विजेतालाई नेपाल बास्केटबल संघका महासचिव नरेन्द्र थापा र किङडम हिमालयनकी संस्थापक अध्यक्ष कान्छीमाया शेर्पाले पुरस्कृत गरे । प्रतियोगिताको सिनियर पुरुष र महिलामा समान आठ टोलीले भाग लिएका थिए ।

■ सूर्य नेपाल वेस्टर्न ओपन

# पहिलो दिन भुवनलाई अग्रता

**कास्कीमा** रोहितराज पराजुली

भुवन नगरकोटीले सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन एक स्ट्रोकको अग्रता लिएका छन् । पोखराको पार-६९ को हिमालयन गल्फ क्लबमा नेपालका पूर्व नम्बर एक प्रोफेसनल गल्फर भुवन तीन अन्डर ६६ को स्कोरमा शीर्ष स्थानमा रहेका हुन् । एमेच्योर खेलाडी सद्भाव आचार्य दुई अन्डर ६७ स्कोरमा खेल सकाउँदै दोस्रो स्थानमा छ । रवि खड्का र निरज तामाङले इभन पार ६९ स्कोरका साथ संयुक्त रूपमा तेस्रो स्थानमा छन् । एक ओभर ७० स्कोरसहित धनबहादुर थापा पाँचौँ स्थानमा रहे । दीपक आचार्य र टंकबहादुर कार्की दुई ओभर ७१ सहित संयुक्त रूपमा छैटौँ स्थानमा रहेका छन् । बलभद्र राई, भुवनकुमार रोक्का, दीपक मगर, दिनेश प्रजापति तथा एमेच्योर सुन्दर राईले तीन ओभर ७२ को स्कोर बनाउँदै संयुक्त रूपमा आठौँ स्थानमाथि कब्जा जमाए । शीर्ष स्थानका भुवनले दोस्रो होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइनमा एक अन्डर ३३ को स्कोर गरे ।



त्यसपछि तीन बर्डी खेलेका उनले एक बोगी खेप्दा ब्याक नाइन दुई अन्डर ३५ को स्कोर गरे । उनले ११औँ, १५औँ र १८औँ होलमा समान एक सट बचाउँदा १२औँ होलमा बोगीको सामना गरेका थिए । सिजनको पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको विजेता सद्भावले फ्रन्ट नाइन एक अन्डर ३३ र ब्याक नाइन एक अन्डर ३४ स्कोर गरेका थिए । उनले तेस्रो होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन बोगी खेपेका थिए । त्यसपछि १२औँ होलमा बोगी खेपेका उनले १३औँ र १५औँ होलमा बर्डी प्रहार गरे ।

यसैगरी पूर्व नम्बर एक प्रोफेसनल गल्फर रविले फ्रन्ट नाइन इभन ३४ स्कोर गरे । उनले ब्याक नाइनमा इभन पार ३५ को स्कोर गरेका थिए । चौथो र आठौँ होलमा बर्डी प्रहार गरेका रविले छैटौँ होलमा डबल बोगी खेपे ।


**मादी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

**प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना**

मिति : २०८०/११/१०

यस मादी गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयले निम्नानुसारको कार्यको लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रकृयामा दर्ता भएका बोलपत्रको प्राविधिक प्रस्तावको मुल्याङ्कन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावकारी भएको तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम तपशिल मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स | ठेक्का नम्बर | बोलपत्रको विवरण | सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति र स्थान |
|---|---|---|---|---|
| 1 | MRM/NCB/W18/080-081 | Upgrading of Bhagawati-Khemaje warchowk (Bhagawati-Lamtari) Road | 1. B and B Construction Pvt. Ltd. Shyambhu-15<br>2. BHAWANI MOODLY J/V, Doti<br>3. ID CONSTRUCTION, pokhara,27<br>4. Nation- SDS Brothers J/V, kathmandu<br>5. SSNS-SNS JV, Sarangkot-05<br>6. Sundar Nirman Sewa, Deurali Kaski | २०८०/११/१७, दिउसो १४:०० बजे,मादी गाउँपालिकाको कार्यालय |
| 2 | MRM/NCB/W19/080-081 | Upgrading and Construction Of Yanjakot-Togi-Warchowk-Bhachowk- Nagidar-Posi-Parkyu Road at Madi RM | 1. SSNS-SNS JV, Sarangkot-05<br>2. Sundar Nirman Sewa, Deurali Kaski | |

प्रमुख प्रशासकिय अधिकृत


नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com